# परिच्छेद : एक

# परिचय

## १.१ शोध परिचय

पृथ्वीका भौगोलिक विविधताले चिनिएका धेरै स्थलहरूमध्ये नेपाल पनि प्राकृतिक छटाले भरिपूर्ण भएको देश हो । नेपालका धेरै ठाउँहरू प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, धार्मिक एवम् पर्यटकीय दृष्टिले महत्त्वपूर्ण छन् । कतिपय स्थलहरू अझ पनि पर्याप्त खोज, परिचय अनुसन्धान र प्रचारप्रसारको अभावका कारणले ओझेलमा परेका छन् । नेपाली भूमिमा अवस्थित पशुपतिनाथ, गुह्येश्वरी, स्वयम्भूनाथ, मुक्तिनाथ, गोरखनाथ, गोरखकाली, मनकामना, स्वर्गद्वारी, देवघाटधाम, लुम्बिनी, जनकपुरधाम, गोसाइकुण्ड, दामोदरकुण्ड, बराहक्षेत्र, रुरुक्षेत्र, गढिमाई, हलेसी महादेव, रिडी क्षेत्र जस्ता ठाउँहरू प्रसिद्ध धार्मिक एवम् पवित्र तीर्थस्थलका रूपमा परिचित रहँदै आएका छन् । त्यसै गरी ऐतिहासिक तथा पर्यटकीय स्थलका रूपमा काठमाडौं उपत्यका गोरखा, पोखरा, पाल्पा, चितवन, नाम्चे लगायतका क्षेत्रहरू उल्लेखनीय छन् । यसै क्रममा पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत गण्डकी अञ्चलका कास्की र स्याङ्जा तथा धवलागिरी अञ्चलको पर्वत जिल्लाको संगमस्थलमा पर्ने पञ्चासे एक ऐतिहासिक, धार्मिक तथा पर्यटकीय महत्त्व रहेको जैविक विविधताले भरिपूर्ण स्थल हो ।

घना जङ्गल क्षेत्रले ढाकेको यस पञ्चासे पहाड वरपर करिब १ लाख जनसङ्ख्या बसोबास गर्दछन् ।[१] पौराणिक कालदेखि चर्चामा रहेको र १६ औं शताब्दीदेखि अस्तित्वमा रहेको यस प्रसिद्ध तपोभूमिमा ऋषि एवम् योगीहरूले सिद्धि प्राप्त गरेको विश्वास गरिन्छ । यस क्षेत्रमा सिद्धबाबाको मन्दिर, तालबाराही मन्दिर, पाञ्चायन देवताको मन्दिर, नागको थान, बौद्ध स्तुप, गुम्बा लगायत अनेकौ देवीदेवताका मन्दिरहरू रहेका छन् भने पवित्र पञ्चासे ताल, जसलाई च्यवन सरोवरको नामले पनि चिनिन्छ, रहेको छ । ऋषि तपस्वीहरूका गुफा, कुटी एवम् धर्मशालाहरू पनि रहेका छन् भने पछिल्लो समयमा निर्माण

---

[१] *पञ्चासे क्षेत्रको पर्यटकीय स्रोत र साधनको नक्साङ्कन,* पोखरा : माछापुच्छ्रे विकास संघ, भदौरे तामागी, कास्की र नेपाल विकास अनुसन्धान प्रतिष्ठान जावलाखेल, ललितपुर, २००५, पृ. १ ।

गरिएका भ्यू टावर र आवासगृह तथा धर्मशालाहरू पनि रहेका छन् । आरुखर्कको लेकमा रहेको राम्चेदेवी मन्दिर, आर्थर डाँडाखर्कमा रहेको दुई सय वर्ष पुरानो बौद्ध गुम्बा, पुम्दीमा अवस्थित शान्ति स्तुप, हर्पनकोटमा रहेको देवीको मन्दिर पनि निकटमा पर्दछन् । त्यसै गरी पञ्चासेबाट नजिकै रामायणमा उल्लिखित मातृपितृ भक्त श्रवणकुमारको समाधि मानिएको स्थल समेत रहेको छ साथै यस ठाउँलाई पञ्चपाण्डव वनवास रहँदा वास बस्ने गरेको पवित्र स्थलको रूपमा पनि विश्वास गरिन्छ ।[२] यहाँ श्रवणकुमारसँग सम्बन्धित रहेको विश्वास गरिएको मन्दिर तथा तलाउ पनि रहेको छ ।

आफ्नो मनोकामना सिद्ध होस् भनी हरेक वर्ष पञ्चासेमा बालाचर्तुदशीका दिनमा दर्शनार्थीहरूको ठूलो घुइँचो लाग्ने गर्दछ । वि.सं. २०५५ सालमा स्व. योगी नरहरिनाथको सक्रियतामा नेपाल पञ्चधाम पञ्चासेको आयोजनामा विश्वशान्ति कोटिहोम महायज्ञ समेत सम्पन्न भइसकेको छ । त्यसपछि यस ठाउँलाई संसारकै पञ्चधामका रूपमा विश्वास गरी तदनुरूपका धार्मिक क्रियाकलापहरू अगाडि बढाउँदै जाने सोच अघि सारिएको छ ।

जनसाधारणको धार्मिक आस्था, ऐतिहासिक पृष्ठभूमि रहेको पञ्चासे क्षेत्र प्राकृतिक दृश्यावलोकनका हिसाबले ज्यादै आकर्षक गन्तव्यस्थलका रूपमा रहेको पाइन्छ । लाखौं मानिसहरूको खानेपानीको स्रोत, जैविक विविधताले भरिपूर्ण, विश्वप्रसिद्ध सिमसार क्षेत्रहरू रहेको हुनाले पनि धेरै मानिसहरूको चासो र सरोकारको विषयका रूपमा पञ्चासे क्षेत्र रहनु स्वभाविकै ठानिन्छ । पञ्चासे क्षेत्रको व्यापक खोज-अनुसन्धान गरी यहाँको वास्तविक तथ्यका आधारमा ऐतिहासिक पृष्ठभूमि र महत्त्व, धार्मिक आस्था एवं पर्यटकीय सम्भावना समेतको खोजी कार्य यस शोधमार्फत गरिएको छ । त्यसैले यस शोधको शीर्षक पनि “पञ्चासे क्षेत्रको ऐतिहासिक र धार्मिक अवस्था एवं पर्यटकीय सम्भावना एक अध्ययन” भनी निर्धारण गरिएको छ ।

## १.२. समस्याको कथन

संसारका प्राकृतिक सम्पदा र सुन्दरताले भरिएका देशहरूमध्येको एक हिमाली राज्य नेपालमा रहेका धेरै धार्मिक एवं पर्यटकीय स्थलहरूमध्ये पञ्चासे पनि एक हो । पशिचमाञ्चल विकास क्षेत्रको कास्की, स्याङ्जा र पर्वतको संगमस्थलमा रहेको पञ्चासे

---

२ *पञ्चासे ग्रामीण पर्यटकीय विकास गुरुयोजना,* काठमाडौं : तारा गाउँ विकास समिति, २००४, पृ. ११ ।

क्षेत्रको ऐतिहासिक, धार्मिक एवं पर्यटकीय विषयमा हालसम्म कुनै खोजी कार्य हुन सकेको छैन । लाखौं मानिसहरूको आध्यात्मिक आस्थाको केन्द्र रहँदै आएको र पर्यटकीय सम्भावना प्रशस्त रहेको यस क्षेत्रको ऐतिहासिकता हालसम्म पनि खोजी नहुनु यस क्षेत्रको वास्तविकता पहिचानको प्रमुख समस्या रहेको छ । त्यसैले यो शोध प्रयोजनका लागि निम्न प्रश्नहरूलाई शोध समस्याका रूपमा पहिचान गरिएको छ :

(क) पञ्चासे क्षेत्र कति पुरानो हो र यसको ऐतिहासिक महत्त्व के रहेको छ ?

(ख) यस क्षेत्रको धार्मिक अवस्था कस्तो छ र यसको धार्मिक महत्त्व के छ ?

(ग) यस पञ्चासे क्षेत्रमा के कस्ता पर्यटकीय विकासका सम्भावनाहरू रहेका छन् ?

उपर्युक्त प्रश्नहरूको उत्तर खोज्ने प्रयास यस अनुसन्धानमार्फत गरिएको छ ।

## १.३. अध्ययनको उद्देश्य

प्रत्येक शोधकार्य निश्चित उद्देश्य पूरा गर्नका लागि सम्पन्न गरिन्छ । बिना कुनै उद्देश्य सम्पन्न गरिएको शोधबाट सत्यतथ्य हासिल हुन नसक्ने र उद्देश्यहीन खोजले गन्तव्य पहिल्याउन पनि नसक्ने हुनाले यस शोध कार्यका लागि निम्नलिखित प्रमुख उद्देश्यहरू राखिएको छ :

(क) पञ्चासेको इतिहास र ऐतिहासिक महत्त्वको खोजी गर्ने ।

(ख) पञ्चासेप्रति रहेको धार्मिक विश्वास र त्यहाँ अवस्थित धार्मिक स्मारकहरूको खोजी गर्ने ।

(ग) पञ्चासे क्षेत्रको पर्यटकीय सम्भावनाको खोजी गर्ने ।

उपर्युक्त प्रमुख तीन उद्देश्य पूरा गर्ने दिशामा प्रस्तुत शोध कार्य केन्द्रित रहेको छ ।

## १.४. पूर्व कार्यको समीक्षा

पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत कास्की, स्याङ्जा र पर्वत तीन जिल्लाको संगमस्थलमा पर्ने पञ्चासेको विषयमा खासै ऐतिहासिक, धार्मिक लेख-रचनाहरू प्राप्त हुन नसके तापनि विगत तीन दशकदेखि स्थानीय वृद्धवद्धा, ज्योतिषी, सरोकारवाला सम्बन्धित संस्थाका प्रमुखहरू, पुजारी आदि विभिन्न व्यक्तिहरूको भनाइ एवं स्थलगत भ्रमण आदिका आधारमा पत्रपत्रिकामा बेलाबखत लेखरचनाहरू प्रकाशित भएको पाइन्छ । यस क्षेत्रको

परम्परागत चालचलन, संस्कृति, रीतिरिवाज एवं किंवदन्तीहरूका आधारमा स-साना पुस्तिकाहरू, माछापुच्छ्रे विकास संघबाट वि.सं. २०५२ सालदेखि प्रकाशित हुँदै आएको बुलेटिन र विभिन्न सङ्घ-संस्थाबाट तयार पारिएका केही रचनाहरू प्रकाशमा ल्याइएको पाइन्छ ।

पञ्चासेको वृहत्तर विकासका लागि पञ्चासे क्षेत्र विकास उपभोक्ता समिति गठन भई ऐतिहासिक भवनहरूको पुनर्निर्माण, बाटोघाटोको निर्माण एवं मर्मतसम्भार लगायत पञ्चासे क्षेत्रमा धर्मशालाहरूको निर्माण गर्नुका साथै समितिका तर्फबाट सूचना एवं परिचयात्मक हाते पुस्तिका तयार पारी धार्मिक एवं पर्यटकीय महत्त्व दर्शाउन खोजिएको पाइन्छ । त्यसै गरी माछापुच्छ्रे विकास संघ नामक गैरसरकारी संस्थाले पनि बेलाबखत यस क्षेत्रका बारेमा परिचय गराई वातावरणीय हिसाबले पञ्चासेको महत्त्व विषयमा गोष्ठी, सभा-सम्मेलन, सेमिनार गरी विभिन्न कार्यक्रमहरू तथा प्रतिवेदनहरू तयार गरी जनचेतना जगाउने खालका गतिविधिहरू चलाउँदै आएको छ । यहाँको जैविक विविधता र पर्यटकीय सम्भावनाका बारेमा पनि यस संस्थाले निकै प्रचारात्मक कार्य गरेको पाइन्छ ।

वि.सं. २०५८ सालमा नारायण गौतमद्वारा लिखित नेपाल पञ्चधाम पञ्चासे नामक पुस्तक प्रकाशित भई ऐतिहासिक, भौगोलिक तथा पौराणिक विषयहरूमा जानकारी गराएको पाइन्छ । यी र यस्तै सामग्रीहरूको सहायताले यस क्षेत्रको परिचय गराउने प्रयत्न गरिएको पाइन्छ जसमध्ये पञ्चासेको इतिहास, धर्म र पर्यटन सम्बन्धमा चर्चा गरिएका प्रमुख कृतिहरूको यहाँ समीक्षा गरिएको छ ।

(क) नारायणप्रसाद गौतमद्वारा लिखित "नेपाल पञ्चधाम पञ्चासेको परिचय" मा पौराणिक कालदेखि पञ्चधाम पञ्चासेको नामकरण ऐतिहासिक परिदृश्य, जलस्रोत, लालीगुराँसको क्षेत्र, पञ्चासेको वनजङ्गल र वन्यजन्तु तथा दृश्यावलोकन आदिका बारेमा लेखिएको छ ।[घ] यद्यपि यसमा अधिकांश लेखहरू पुराणका कथा मानिसहरूका मौखिक वर्णनका आधारमा लेखिएको हुनाले आधुनिक दृष्टिकोणसहितको ऐतिहासिक विश्लेषण गर्नुपर्ने देखिन्छ ।

(ख) माछापुच्छ्रे विकास संघ भदौरे-तामागी, कास्की र नेपाल विकास अनुसन्धान प्रतिष्ठान जावलाखेल, ललितपुरद्वारा प्रकाशित प्रतिवेदन "पञ्चासे क्षेत्रको

---

३ नारायणप्रसाद गौतम, *नेपाल पञ्चधाम पञ्चासेको परिचय,* तनहूँ: निरविक्रम पौडेल, २०५८, पृ. ४-५० ।

पर्यटकीय स्रोत र साधनको नक्साङ्कन" मा विभिन्न तथ्यहरूसहित जैविक विविधताले महत्त्वपूर्ण क्षेत्रका रूपमा पञ्चासेलाई उल्लेख गरिएको र पर्यटकीय सम्भावना औंल्याएको पाइन्छ।[४] तर धार्मिक र ऐतिहासिक पक्षका बारेमा केवल सङ्केत मात्रै गरेको पाइन्छ।

(ग) तारा गाउँ विकास समितिद्वारा प्रकाशित "पञ्चासे ग्रामीण पर्यटकीय विकास गुरुयोजना" मा पर्यटन विकासलाई प्रमुख महत्त्व दिएर प्राकृतिक सम्पदाको संरक्षण, चुनौती तथा सम्भावनाका बारेमा उल्लेख गर्दै रोजगारीको अवसरका बारेमा चर्चा गरिएको छ[५] तापनि धार्मिक र ऐतिहासिक विषयमा खासै महत्त्व दिइएको छैन।

उपर्युक्त पुस्तक एवं प्रतिवेदनमा यथेष्ट ऐतिहासिक प्रमाणीकरणको अभाव देखिएको मात्र नभई ऐतिहासिक, धार्मिक तथा पर्यटकीय क्षेत्रको समग्र एकीकृत अध्ययनको दस्तावेजको रूपमा आउन नसकेको यथार्थतालाई आत्मसात् गरी थप योगदान पुगोस् भन्ने अभिप्रायले यो शोधमूलक अध्ययन गरिएको छ।

## १.५. शोध-विधि

कुनै पनि अध्ययन गर्नका लागि खास विधि अपनाउनु पर्ने हुनाले प्रस्तुत अध्ययनका लागि निम्न अनुसन्धान विधिको प्रयोग गरी शोधकार्य सम्पन्न गरिएको छ। यसलाई शोधको ढाँचा, तथ्याङ्क सङ्कलन विधि र तथ्याङ्कहरूको विश्लेषणजस्ता उपशीर्षकहरूमा स्पष्ट गरिएको छ :

### १.५.१. शोधको ढाँचा

प्रस्तुत शोधकार्यमा पञ्चासे र आसपासमा रहेका मन्दिर, मूर्ति, गुम्बा, धर्मशाला र पाटी तथा यहाँको पञ्चासे ताल, प्राकृतिक दृश्य, ऐतिहासिक भग्नावशेषहरूका साथै यहाँ रहेका विभिन्न पुरातात्विक सम्पदाहरूको अन्वेषण गर्ने, यस क्षेत्रको ऐतिहासिकता खोजी गर्ने र यहाँको पर्यटकीय सम्भावना खोजी गर्ने उद्देश्य लिइएको र सोहीअनुसारको शोधकार्य गरिएको छ। त्यसैले यो शोधकार्यमा तथ्यहरूको गणितीय विश्लेषण नगरी विशुद्ध गुणात्मक विश्लेशण

---

४ पूर्ववत्, पादटिप्पणी नं. १, पृ. १।

५ पूर्ववत्, पादटिप्पणी नं. २, पृ. ११।

मात्र गरिएको छ। त्यसैले यो वर्णनात्मक विश्लेशण विधिको शोध बन्न पुगेको छ। यहाँ पञ्चासे क्षेत्रको इतिहास र धार्मिक स्मारकहरूको खोजी गरी प्रकाशमा ल्याइएको हुँदा यो शोध प्रतिवेदनलाई ऐतिहासिक, अन्वेषणात्मक र व्याख्यात्मक रूपमा तयार परिएको छ। प्रस्तुत शोधमा कुनै सिद्धान्त निर्माण वा परीक्षण नगरी स्थलगत रूपमा खोजी गरिएका तथ्यहरूको विश्लेशण गरी निष्कर्ष निकालिएको हुँदा यो एक आगमनात्मक ढाँचाको शोध पनि हो ।

### १.५.२. तथ्य सङ्कलन विधि

यस स्थलसम्बन्धी विशेष अध्ययन कार्यहरू नभएको हुनाले यस अध्ययनको उद्देश्य पूरा हुने गरी प्राथमिक स्रोतहरूबाट तथ्यहरू सङ्कलन गर्ने विधिलाई मुख्य रूपमा अपनाइएको छ भने प्राप्त प्राथमिक तथ्यहरूको वैधताका लागि द्वितीय स्रोतहरूबाट प्राप्त तथ्यहरूलाई पनि शोधमा उपयोग गर्ने विधि पनि अपनाइएको छ ।

#### १.५.२.१. प्राथमिक स्रोत

शोधकर्ताको प्रत्यक्ष र अप्रत्यक्ष संलग्नताबाट यस अध्ययनलाई प्रभावकारी ढङ्गले प्राथमिक तथ्यहरू सङ्कलन गर्ने प्रयास गरिएको छ। यस अन्तर्गत विशेष गरी अवलोकन, अन्तर्वार्ता र फोटोग्राफी जस्ता  विधिलाई अपनाइएको छ ।

**(क) अवलोकन वा अन्वेशण**

अध्ययन क्रममा शोधार्थीको प्रत्यक्ष संलग्नताबाट यस क्षेत्रको सांस्कृतिक तथा पुरातात्विक सम्पदाहरूको अवलोकन वा अन्वेशण गरी तथ्य सङ्कलन गरिएको छ। यस क्षेत्रको ऐतिहासिकता दर्शाउने अभिलेख तथा पुरालेखहरूको खोजी गर्ने उद्देश्यले  र  यस क्षेत्रमा रहेका सांस्कृतिक र धार्मिक स्मारकहरूको वास्तविकता अन्वेषण गर्ने उद्देश्यले शोधकर्ता आफैद्वारा पटक-पटक यस क्षेत्रको अवलोकन भ्रमण गरी तथ्यहरू सङ्कलन गरिएको छ। ऐतिहासिकता बताउने लिखित प्रमाण प्राप्त नभए तापनि यस क्षेत्रको धार्मिक र सांस्कृतिक अवस्थाका बारेमा प्रयोग गरिएका अधिकांश तथ्यहरू अवलोकनबाट प्राप्त भएका हुन्। अन्य द्वितीय स्रोतबाट प्राप्त तथ्यहरूलाई पनि अवलोककनबाट प्राप्त तथ्यसँग तुलना र विश्लेशण गरेर मात्र निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

**(ख) अन्तर्वार्ता**

शोधका लागि आवश्यक कतिपय तथ्यहरू यस स्थलसँग जानकारी राख्ने विभिन्न

व्यक्तिहरूसाग अन्तर्वार्ता लिएर पनि तथ्यहरू सङ्कलन गरिएको छ। यस क्रममा १० जना व्यक्तिसँग अन्तर्वार्ता लिइएको छ। अन्तर्वार्ताका लागि खुल्ला प्रश्नहरू तयार पारेर शोधकर्ता आफैद्वारा छानिएका विज्ञ ठानिएका व्यक्तिहरूसँग अन्तर्वार्ता लिइएको छ। यस क्राममा प्राप्त तथ्यहरूलाई तत्काले टिपोट गरी प्रतिवेदन लेखनको क्रममा सन्दर्भसहित उपयोग गरिएको छ। अन्तर्वार्तामा सोधिएका प्रश्नहरू र अन्तर्वार्ता दिने व्यक्तिहरूको सूची परिशिष्ट-१ मा उल्लेख गरिएको छ।

(ग) **फोटोग्राफी विधि**

यस क्षेत्रका ऐतिहासिक, धार्मिक र सांस्कृतिक स्मारकहरू तथा भौगोलिक एवं पर्यावरणीय दृश्यहरूको फोटोमार्फत पनि तथ्य सङ्कलन गरिएको छ। शोधलाई प्रमाणित र विश्वासिलो बनाउन यस्ता तस्बिरमार्फत प्राप्त तथ्यहरू पनि निकै उपयोगी बनेका छन्। यी फोटाहरू परिशिष्ठ-२ मा राखिएको छ।

### १.५.२.२ द्वितीय स्रोत

यस अध्ययनलाई सम्पन्न गर्न कतिपय पूर्व प्रकाशित पुस्तकहरू, ग्रन्थहरू, प्रतिवेदनहरू र पत्रपत्रिकाहरूमा प्रकाशित लेखहरूलाई पनि द्वितीय स्रोतको रूपमा उपयोग गरिएका छन्। विशेष गरेर यस क्षेत्रको ऐतिहासिकताको खोजीका लागि आवश्यक तथ्यहरू यस्तै द्वितीय स्रोतहरूवाट सङ्कलन गरिएको छ। यस क्रममा विभिन्न पुस्तकालयहरू, संघ-संस्थाहरू, सङ्कलनकर्ताहरू र अनुसन्धान केन्द्रहरूमा सम्पर्क गरिएको छ।

### १.५.३ शोध क्षेत्रको समग्रता र नमुना छनौट विधि

शोधकार्यको लागि आवश्यक तथ्यहरू सङ्कलन गर्ने प्रयोजनार्थ शोधको समग्र क्षेत्रभित्र कास्की, स्याङजा र पर्वत जिल्लाका कुल १७ वटा गाविसले ओगटेको क्षेत्र र त्यस क्षेत्रमा बसोवास गर्ने सबै समुदायलाई शोधको समग्र क्षेत्र मानिएको छ। अवलोकन र फोटोग्राफीको प्रयोजनका लागि समग्र क्षेत्रको प्रत्यक्ष अवलोकन गरी तथ्यहरू सङ्कलन गरिएको छ। अन्तर्वार्ता प्रयोजनका लागि सबै बासिन्दासँग प्रश्न सोध्न आवश्यक र औचित्यपूर्ण नदेखिएको एवं सम्भव पनि नभएको हुँदा नमुना छनौट विधिवाट अन्तर्वार्ताकारहरूको छनौट गरिएको छ। सबै बासिन्दाहरू यस क्षेत्रको इतिहास, धर्म र संस्कृतिबारेमा जानकार नहुने हुँदा अन्तर्वार्ताका लागि सुविधापूर्ण, स्वेच्छापूर्ण र

सम्भावनारहित नमुना छनौट विधिको प्रयोग गरी यस विषयमा जानकार रहेका १० जना व्यक्ति छनोट गरी अर्न्तवार्ता लिइएको छ । द्वितीय स्रोतबाट तथ्य सङ्कलन गर्ने प्रयोजनका लागि भने प्राप्त भएसम्मका सबै पुस्तक र पत्रिकाहरू खोजी र अध्ययन गरी तथ्यहरू सङ्कलन र उपयोग गरिएको छ । स्वेच्छापूर्ण, सुविधापूर्ण र सम्भावनारहित नमुना छनौट विधि अपनाइएको हुँदा समग्र क्षेत्रको कुल घरपरिवार तथा जनसङ्ख्या विवरण आवश्यक नभएको हुँदा ती कुराहरूको खोजी गर्नु आवश्यक ठानिएको छैन ।

### १.५.४. तथ्यहरूको तालिकीकरण, विश्लेषण र प्रतिवेदन लेखन

तथ्य सङ्कलनका लागि प्राथमिक स्रोतअन्तर्गत अवलोकन, फोटोग्राफी तथा खुल्ला प्रश्नहरू सोधी अन्तर्वार्ता लिइएको हुँदा प्राप्त तथ्यहरू तालिकीकरण गर्ने किसिमका थिएनन् । द्वितीय स्रोतबाट प्राप्त तथ्यहरू पनि स्वाभाविक रूपले यस्तै थिए । अतः प्राप्त तथ्यहरूलाई तालिकीकरण गरिएको छैन । प्राप्त तथ्यहरूलाई प्रतिवेदन लेखनको क्रममा आवश्यक ठाउँमा सन्दर्भ खुलाएर शोधको नियमानुसार सोझै प्रयोग गरिएको छ ।

प्राप्त तथ्यहरूमा भिन्नता देखिएको अवस्थामा अवलोकनबाट प्राप्त तथ्यहरूलाई प्रमाणित मानेर विश्लेशण गरिएको छ । विभिन्न स्रोतहरूवाट प्राप्त तथ्यहरूलाई विश्लेशण गरी निष्कर्षमा पुग्ने प्रयास गरी शोध प्रतिवेदन तयार पारिएको छ । प्रतिवेदन तयार पार्दा र द्वितीय स्रोतहरूको उद्धरण प्रस्तुत गर्दा त्रि.वि.पृ.ना. क्याम्पस, इतिहास तथा संस्कृति विभागमा प्रचलनमा रहेको पादटिप्पणी प्रस्तुत गर्ने विधि अनुसरण गरी प्रतिवेदन तयार परिएको छ ।

## १.६. अध्ययनको क्षेत्र

नेपाल अधिराज्यको मध्यपहाडी क्षेत्रमा पर्ने ७८४ मिटरदेखि २५१७ मिटरसम्मको उचाइमा २७८.६९ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको विशाल वन क्षेत्रसहित कास्की, स्याङ्जा र पर्वतका १७ वटा गाउँ विकास समितिहरूको प्रत्यक्ष सम्बन्ध रहेको पञ्चासेको विविध पक्षको अध्ययन यस शोधकार्यमा गरिएको छ । यसमा कास्कीतर्फका भदौरे-तामागी, सल्यान, चापाकोट, ढिकुरपोखरी, कास्कीकोट, सराङकोट, पुम्दीभुम्दी, स्याङ्जातर्फका वाङसिङ देउराली, बाँगेफड्के, आरुखर्क, भाटखोला, खौलालाँकुरी तथा पर्वततर्फका चित्रे, राम्जा देउराली, आर्थर, डाँडाखर्क, तिलाहार, पकुवा गाउँ विकास समितिको विस्तृत क्षेत्रलाई

अध्ययन क्षेत्र निर्धारण गरिएको छ । अध्ययन प्रयोजनको लागि यस क्षेत्रका जनताहरूको भेषभूषा, रहनसहन, रीतिरिवाज, चालचलनहरूसमेतलाई अध्ययनको समग्र क्षेत्र निर्धारण गरी यी क्षेत्रको इतिहास, संस्कृति र यी क्षेत्रको पर्यटकीय सम्भावनालाई अध्ययनमा समावेश गरिएको छ । (अध्ययन क्षेत्र र पदयात्रा मार्गको नक्सालाई परिशिष्ट ३ मा राखिएको छ ।)

मुख्य रूपमा पञ्चासे चुचुरोमा अवस्थित मठमन्दिर, तलाउ, प्राचीन भग्नावशेष, गुफा, कुटीहरू, धर्मशालाहरू, मूर्तिहरूको स्थापना, पूजाआजा, चाडपर्व, मेला आदि सबैको अध्ययन गरिएको छ । यस क्षेत्रबाट देख्न सकिने दृश्यहरू, प्राकृतिक अवस्था, जैविक विविधता, स्वच्छ एवं सुन्दरताका आधारमा पर्यटकीय सम्भाव्यताका बारेमा ऐतिहासिकता तथा यथार्थ धार्मिक आस्था एवं विश्वासका क्रियाकलापहरूका बारेमा विस्तृत अध्ययन गरिएको छ । यहाँ पाइने वन्यजन्तु एवं पक्षी तथा जैविक विविधतासमेतको सामान्य सङ्केत गरिएको यो शोध अध्ययनमा सीमित क्षेत्रको मात्र अध्ययन गरिने भएकाले यस क्षेत्रले ओगटेको विशाल सम्भाव्यताबारे विस्तृत अध्ययन गर्न भने सीमित स्रोत र साधन तथा छोटो समयावधिमा असम्भव हुने भएको हुँदा केवल यस शोध अध्ययनको उद्देश्य मात्र पूरा गर्ने गरी अध्ययनको क्षेत्र निर्धारण गरिएको छ ।

## १.७. अध्ययनको सीमा

पञ्चासे एक विशाल क्षेत्रफलमा फैलिएको राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सम्पदासूची समेतमा राख्न योग्य जैविक विविधताले युक्त अपार सम्भावना र महत्त्व बोकेको धार्मिक, ऐतिहासिक र पर्यटकीय क्षेत्र रहेकाले यस क्षेत्रले मानवीय असङ्ख्य पक्षहरूसँग सरोकार राख्दछ । ती सबै कुराहरूको चौतर्फी र विस्तृत अध्ययन यो सानो शोधमा सम्भव नहुने भएकाले यस ठाउँको ऐतिहासिक महत्त्व, धार्मिक आस्था एवं विश्वास तथा पर्यटकीय सम्भावनाका बारेमा मात्र अध्ययन गरिएको छ । बाँकी सबै विषयहरूमा केवल सङ्केत मात्र गरिएको छ । त्यहाँको विशाल जङ्गल क्षेत्र, दुर्लभ वन्यजन्तु, पक्षी तथा वनस्पति, वरिपरिका गाउँवस्ती र त्यस आसपासका क्षेत्रहरूको विविधतायुक्त बेग्लाबेग्लै रहनसहन, भेषभूषा, चालचलन, रीतिरिवाज, विविधतायुक्त विकास निर्माणका चुनौती एवं सम्भावनाहरू, खानी एवं सम्भावित उद्योगहरूका बारेमा विस्तृत अध्ययन गरिएको छैन । कतिपय ऐतिहासिक तथ्यहरू उत्खननबाट मात्र सम्भव हुन्छन् तर यहाँ त्यो कार्य गर्न सम्भव छैन । त्यसैले अन्वेषण वा अवलोकनबाट प्राप्त तथ्यहरूलाई मात्र शोध अध्ययनमा समावेश गरिएको छ ।

हालको अवस्था, त्यहाँ अवस्थित मठमन्दिर, मूर्ति, देवल, स्तुप, गुम्बा तथा कुटीहरू एवं धर्मशालाहरू र भग्नावशेषहरू बाहेक धेरै वर्ष अगाडिको मृत इतिहास पनि विस्तृत अध्ययन गर्न वास्तविक प्रमाण र दस्तावेजको अभावको कारण कठिन रहेको छ। नेपाली समाजको अवस्था विश्वास एवं परम्परागत मूल्य र मान्यताहरूको सङ्कलन र विश्लेषणबाट अध्ययन कार्य अघि बढाइएको छ।

## १.८. अध्ययनको औचित्य र महŒव

नेपालमा अवस्थित पवित्र तीर्थस्थल एवं पर्यटकीय स्थलहरूमध्ये पञ्चासे पृथक महत्त्व रहेको स्थल हो। अध्ययन-अनुसन्धान, प्रतिवेदन, लेख-रचनाका माध्यमबाट यहाँका तथ्य र वास्तविकताहरू सार्वजनिक गर्न सकिने र यस क्षेत्रको धार्मिक, ऐतिहासिक एवं पर्यटकीय सम्भावना र महत्त्वका बारेमा पहिचान गराई आधुनिक सूचना र प्रविधिको माध्यमबाट विकासको सम्भावना तथा चुनौतीका बारेमा थप ऊर्जा प्रदान गरी यस ठाउँको गरिमालाई बढाउन सकिनेछ। पछिल्लो समयमा विश्व वातावरणीय ह्रासका कारण मानव मात्रको दैनिक जीवनमा पर्न गएको प्रत्यक्ष असरको बारेमा विश्वव्यापी चर्चा-परिचर्चा भइरहेको छ, आमचासो र चिन्ता भइरहेको छ। पञ्चासे क्षेत्र धार्मिक, ऐतिहासिक एवं पर्यटकीय दृष्टिकोणले ज्यादै महत्त्वपूर्ण स्थलका रूपमा रहेको त छ नै, त्यसैमा पनि जैविक विविधताले भरिपूर्ण, संसारकै सबैभन्दा बढी सुनाखरीका प्रजाति पाइने पञ्चासे क्षेत्रमा दुर्लभ जडीबुटी, वन्यजन्तु र पक्षीहरूको बासस्थान पनि रहेको छ। यस प्रकार स्थानीय जनसाधारणको दैनिक जीविकोपार्जनदेखि लिएर राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सम्पदाका रूपमा समेत रहेको पञ्चासे क्षेत्रको अध्ययनले यस क्षेत्रको समग्र विकास र उन्नतिमा सकारात्मक प्रभाव पारी स्थानीय जनताको जीवनस्तर समेतलाई सकारात्मक प्रभाव पर्न गई राष्ट्रिय गरिमा उच्च पार्नुका साथै आयआर्जनमा योगदान पुग्न सक्ने हुनाले यस अध्ययनको ठूलो महत्त्व रहेको छ।

मध्य पहाडी नेपालको पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत कास्की, स्याङ्जा र पर्वत तीन जिल्लाको सिमानामा पर्ने पञ्चासेका बारेमा प्रमाणित आधारमा अध्ययन गरी धार्मिक, ऐतिहासिक एवं पर्यटकीय महत्त्वलाई जनसमक्ष उजागर गरी स्थानीय जनसमुदाय, आन्तरिक तथा बाह्य पर्यटकहरू, अध्ययनकर्ता लगायत नीति-निर्माताहरूलाई समेत महत्त्वपूर्ण जानकारी र सूचना उपलब्ध हुन गई यस क्षेत्रको वास्तविक र यथार्थ

वस्तुस्थितिको जानकारी गराउन सकिने हुनाले पनि यस शोध अध्ययनको विशेष र पृथक महत्त्व रहेको छ ।

पञ्चासेका बारेमा हालसम्म प्राप्त फरक-फरक र एकआपसमा बाझिने खालका तथ्याङ्क, धार्मिक र ऐतिहासिक विषयहरूमा देखिएका भ्रम तथा अनावश्यक अतिशयोक्तिपूर्ण व्याख्या, कतिपय कपोलकल्पित बढाइचढाइ गरिएका सन्दर्भहरू सबैको शङ्का निवारण गर्दै र एकीकृत रूपमा धार्मिक, ऐतिहासिक महत्त्व एवं पर्यटकीय सम्भाव्यताका विषयमा एउटै अध्ययनमा समेटिने गरी गरिएको अनुसन्धान भएको कारण पनि यो शोध अध्ययन अत्यन्त महत्त्वपूर्ण रहेको छ ।

## १.९ अध्ययनको संगठन

कुनै पनि शोध कार्यलाई व्यवस्थित, वैज्ञानिक, सरल एवं सहज बनाउनका लागि त्यसको अध्ययनलाई आवश्यकताअनुसार विभाजन गरी विभिन्न खण्डमा कार्य सम्पन्न गर्नुपर्ने हुन्छ । त्यसै कारण यस अध्ययनलाई पनि निम्नानुसार विभाजन गरिएको छ :

शोध प्रतिवेदनलाई मुख्य चार परिच्छेदमा विभाजन गरी प्रस्तुत गरिएको छ । पहिलो परिच्छेदमा शोध परिचय, समस्याको कथन, अध्ययनको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधविधि, अध्ययनको क्षेत्र, अध्ययनको सीमा, अध्ययनको औचित्य र महत्त्व तथा अध्ययनको संगठन प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेदमा पञ्चासे क्षेत्रको ऐतिहासिक एवं धार्मिक अवस्था शीर्षकअन्तर्गत पञ्चासेको परिचय, भौगोलिक अवस्थित, पञ्चासेको नामकरण, पञ्चासेको खोजी, धार्मिकस्थलका रूपमा पञ्चासे, ऐतिहासिक स्थलका रूपमा पञ्चासे, पर्यटकीय स्थलका रुमपा पञ्चासे, पञ्चासे क्षेत्रको ऐतिहासिकता, जनविश्वास र धर्मग्रन्थअनुसारका बारेमा पनि चर्चा गरिएको छ ।

त्यसै गरी तेस्रो परिच्छेदमा पर्यटकीय स्थलका रुपमा पञ्चासे क्षेत्र शीर्षकअन्तर्गत पर्यटकीय परिचय, दृश्यावलोकन, जैविक विविधता, सांस्कृतिक विशिष्टतालगायत हालको पर्यटकीय अवस्थाका बारेमा व्याख्या गरिएको छ ।

प्रतिवेदनको चौथो परिच्छेदमा सारांश, निष्कर्ष तथा सुझावहरू प्रस्तुत गरिएको छ ।

परिच्छेद : दुई

# पञ्चासे क्षेत्रको ऐतिहासिक र धार्मिक अवस्था

पञ्चासे क्षेत्र नेपालकै एक महत्त्वपूर्ण ऐतिहासिक क्षेत्र हो। यस क्षेत्रको सांस्कृतिक र धार्मिक महत्त्व पनि निकै रहेको छ। यस क्षेत्रमा पर्यटकीय विकासको प्रचुर सम्भावना समेत रहेको पाइन्छ। शोधकार्यको यस प्रमुख खण्डमा यस क्षेत्रको परिचय र ऐतिहासिक तथा धार्मिक यी तीन पक्षको विस्तृत खोजी र समीक्षा गरिएको छ। त्यसैले यस परिच्छेदको प्रारम्भमा पञ्चासे क्षेत्रको विविध रूपमा परिचय प्रस्तुत गरिएको छ। यस क्षेत्रको  ऐतिहासिक, धार्मिक र सांस्कृतिक अवस्थालाई अलग-अलग शीर्षकमा निम्नानुसार प्रस्तुत गरिएको छ:

## २.१. पञ्चासेको परिचय

पञ्चासे क्षेत्र एक बहुपहिचानयुक्त महत्त्वपूर्ण क्षेत्र हो। त्यसैले यहाँ यस क्षेत्रको भूगोल, यस क्षेत्रको नामकरण, यसको खोजीजस्ता शीर्षकहरूमा यस क्षेत्रको संक्षिप्त परिचय प्रस्तुत गरिएको छ। यस वाहेक यो क्षेत्र विशेषरूपले धार्मिक र सांस्कृतिक क्षेत्र पनि हो र यसको चिनारी एक महत्त्वपूर्ण पर्यटकीय क्षेत्रको रूपमा पनि रहेको छ भन्ने कुरा यस परिचय शीर्षकमा प्रकाश पार्ने प्रयास गरिएको छ।

### २.१.१. भौगोलिक अवस्थिति

नेपाल अधिराज्यको मध्यपहाडी क्षेत्रमा पर्ने पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत कास्की, स्याङ्जा र पर्वतको सिमानामा पञ्चासे क्षेत्र रहेको छ। विशाल वन क्षेत्रले तीनवटै जिल्लाको भूभागलाई छुने गरी फैलिएको छ। यहाँ नेपालकै सर्वाधिक पानी पर्ने गर्दछ जुन ठाउँ पोखराबाट नजिकै पर्ने भएकाले पोखरालाई पनि समेटिने गरी वर्षा मापन गरिएको पाइन्छ। पञ्चासेको मुख्य टाकुराको उचाइ समुद्र सतहबाट २५१७ मिटरसम्म रहेको छ।[ट] यो प्रसिद्ध तीर्थस्थल एवं ऐतिहासिक तथा पर्यटकीय स्थल पनि हो। यो विश्व मानचित्रमा नेपाल भूमि अन्तर्गत ८३°४२'६९" देखि ८३°५९'५" पूर्वी देशान्तर र २८°८'३६" देखि

६ *पञ्चासे क्षेत्रको पर्यटकीय स्रोत र साधनको नक्साङ्कन* , पोखरा : माछापुच्छ्रे विकास संघ, भदौरे तामागी कास्की र नेपाल विकास अनुसन्धान प्रतिष्ठान, जावलाखेल, ललितपुर ,  २००५, पृ. १।

२८°१८’१७” उत्तरी आक्षांशमा फैलिएको छ।[७] यसको कास्की, स्याङ्जा र पर्वतका १७ गाविसहरूसँग प्रत्यक्ष सम्बन्ध रहेको पाइन्छ। यो क्षेत्र नेपालको दोस्रो ठूलो ताल फेवातालको पानीको प्रमुख स्रोतका रूपमा समेत रहेको छ।[८]

पञ्चासे क्षेत्र भौगोलिक रूपमा नेपालका तीन जिल्लाको भूक्षेत्रमा फैलिएको छ। तीमध्ये एक जिल्ला कास्की हो। यो जिल्लामा एक उपमहानगरपालिका, एक नगरपालिका र ४३ गाउँ विकास समितिहरू रहेका छन्। त्यसै गरी ४ निर्वाचन क्षेत्र रहेको कास्की जिल्लामा ७२ प्रतिशत मानिस साक्षर रहेका छन्। पर्यटन, वाणिज्य, शिक्षा र स्वास्थ्यसम्बन्धी सेवा र सुविधाले सम्पन्न पोखरा शहर कास्की जिल्लाको सदरमुकामका रूपमा रहेको छ। यो शहर नेपाल र विश्वकै एक सुन्दर नगरका रूपमा पहिचान राख्दछ। यस जिल्लामा सेती, मोदी, मादी नदीका साथै विजयपुर, कोत्रे, इदि, सार्दी, काली, फुर्से, घट्टे, मर्दी, काहूँ, अँधेरी, रती, हर्पन जस्ता खोलाहरू पर्दछन्। त्यसै गरी फेवा, बेगनास, रूपा, दिपाङ, मैदी, न्युरेनी, गुदे, खास्टे र बडुवा तालहरू पनि पर्दछन्। प्रमुख पर्यटकीय स्थलका रूपमा पातलेछाँगो, महेन्द्रगुफा, फेवाताल, पञ्चासे, सेती नदीले बनाएको गहिरो गल्छी, गुप्तेश्वर महादेव गुफा, सराङकोट, काहुँडाँडा, बेगनासताल, विन्ध्यवासिनी मन्दिर, तालबाराही मन्दिर, भद्रकाली मन्दिर, राम मन्दिर, बौद्ध गुम्बाहरू, अर्घौं सदन, विश्व शान्ति स्तूप, नारायणथान मन्दिर, गीता मन्दिर, राधाकृष्ण मन्दिर, कास्कीकोट कालिका मन्दिर, भुमे थान सल्यान, पर्वतीय सङ्ग्रहालय आदि रहेका छन्। त्यस्तै पर्यटकीय गाउँहरूमा घान्द्रुक, सिक्लेस, धम्पुस, भदौरे देउराली उल्लेखनीय छन्।[९] सराङकोटको प्याराग्लाइडिङ विश्वकै सर्वाधिक आकर्षक केन्द्र बनेको छ।[१०] कास्कीको परम्परा सांस्कृतिक सम्पदा सहितका विभिन्न जनजातिहरू बसोबास गर्ने गरेका भदौरेतामागी गाविस, सल्यान गाविस, चापाकोट गाविस, ढिकुरपोखरी गाविस, कास्कीकोट गाविस, सराङकोट गाविस र पुम्दीभुम्दी गाविसको पञ्चासे क्षेत्रसँग प्रत्यक्ष सम्बन्ध रहेको छ भने त्यहाँका बासिन्दाहरूको दैनिक जीवन यापनमा पनि पञ्चासे क्षेत्रको गहिरो प्रभाव रहेको छ।

---

७ ऐजन।

८ निर्मल पौडेलसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार।

९ *चौथो वार्षिक स्मारिका* , कास्की : कस्केली अधिकृत समाज, २०६६, पृ. २।

१० *कास्कीको स्वाभिमान खुला दिसामुक्त अभियान स्मारिका,* कास्की : जिल्ला विकास समिति कास्की, २०६८, पृ. १।

त्यसै गरी पञ्चासेको केही क्षेत्र नेपालको स्याङ्जा जिल्लामा पनि पर्दछ। स्याङ्जा जिल्लाका बाँगेफड्के, आरुखर्क, वाङसिङ देउराली, भाटखोला, खौलालाँकुरी आदि गाविस पञ्चासे क्षेत्रमा समेटिएका छन्। यस जिल्लामा शाहवंशका पुर्खाहरूले सर्वप्रथम राज्य गरेको हुनाले इतिहासमा यसको नाम अग्रपङ्क्तिमा आउँछ।[११] यस जिल्लामा गह्रौंकालिका, मनकामना, छाङ्छाङ्दी, भैरवकालिका, आलमदेवी, गुप्तेश्वर महादेव गुफा, खिलुङ कालिका, रैककालिका, अन्धाअन्धी दह, राम्चेदेवी, पञ्चमूल, सिरुबारी, कोल्मा, पञ्चासे, नुवाकोटलगायतका विभिन्न धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरू रहेका छन्। यस जिल्लाको पश्चिम सिमानाबाट शुरु भएर सम्पूर्ण दक्षिणी सिमाना कायम गर्दै कालीगण्डकी बगेको छ। यसै नदीबाट कालीगण्डकी 'ए' जलविद्युत आयोजना निर्माण गरी विद्युत उत्पादन गरी सकिएको छ। नेपाल विद्युत प्राधिकरणको स्वामित्वमा रहेको यो आयोजनाका परामर्श दातृराष्ट्र अमेरिका र फिनल्याण्ड हुन्।[१२] जिल्लाको झण्डै मध्य भागमा आँधीखोला र उत्तरी भागमा फुर्सेखोला, पूर्वी भागमा सुरौदीखोला, वाडखोला र पूर्वी-दक्षिण भागमा ज्याग्दीखोला बगेर गएको छ। अर्को महत्त्वपूर्ण खोला आँधीखोला हो, यहाँबाट ५१०० किलोवाट क्षमताको जलविद्युत् उत्पादन गरिएको छ। स्याङ्जा जिल्लाको ऐतिहासिक विवरण खोजी गर्ने क्रममा स्याङ्जाअन्तर्गत साविककै गह्रौं भीरकोट, सतौं, नुवाकोट, ढोर र पैयुं ६ वटा चौबीसे राज्य थिए तर पछिल्लो राजनीतिक विभाजनमा ढोर तनहूँ राज्यमा र पैयूँ पर्वतमा पर्न गएकाले स्याङ्जाका चौबीसे राज्यहरूमा गह्रौं, भीरकोट, सतौं र नुवाकोट चारवटा राज्य मात्र रहे। स्याङ्जा जिल्लाको प्राचीन इतिहासको सन्दर्भमा भन्दा गण्डकी अञ्चलको स्याङ्जा जिल्ला शालिग्रामको जननी गार्गीको जन्मभूमि पार्वतीले अवतार लिएर नित्सर्ग हिमवत खण्डलाई झन पवित्र पार्नुभएको भूमि हो।[१३]

यसै गरी यो अध्ययन क्षेत्र पञ्चासे भौगोलिक रूपमा नेपालको पर्वत जिल्लाका भू-क्षेत्रमा पनि फैलिएको छ। यस जिल्लाका चित्रे, राम्जा देउराली, आर्थर डाँडाखर्क, पकुवा, तिलाहार लगायतका गाविसहरू पञ्चासे क्षेत्रसँग आबद्ध रहेका छन्। यस जिल्लामा पनि ऐतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिकोणले निकै महत्त्वपूर्ण स्थलहरू रहेका छन्।

---

११ *मेची महाकाली, पश्चिमाञ्चल विकास क्षेत्र, भाग ३,* काठमाडौंः श्री ५ को सरकार सञ्चार मन्त्रालय, सूचना विभाग, २०३१, पृ. ३८७।

१२ हिमदूत राष्ट्रिय दैनिक, पोखरा : वर्ष ४८, अंक १, कात्तिक ३०, २०६४ , पृ. ५।

१३ योगी नरहरिनाथ, *हाम्रो देश दर्शन गण्डकी अञ्चल,* काठमाडौं : योगी नरहरिनाथ, २०६७, पृ. १६।

धुवाकोटमा चौबीसे राजाहरूको दरबार रहेको र पैयूँकोट दरबारमा भुरे राजाहरूको केन्द्र रहेको कुरा इतिहासमा उल्लेख छ ।[ज्ञढ] माझकोटको कर्णेलको दरबार वि.सं. १९६२ मा पाकिस्तानबाट दक्ष कालिगढ झिकाएर कर्णेलद्वारा निर्माण गरिएको थियो । नेपालकै ठूलो ढुङ्गाका रूपमा परिचित लुङ्खुको महाशिला (मेलढुङ्गा)[ज्ञछ], अग्ला-अग्ला पहाडी चुचुराहरू, डहरे, पञ्चासे, चिसापानी, गलेम लेकहरू, बाटुलेचौर आदि पर्यटकीय महत्त्व रहेका स्थानहरू हुन् ।

२.१.२. पञ्चासेको नामकरण

पञ्चासेको नाम कहिले र कसरी रहन गयो भन्ने विषयमा व्यापक खोजीनीति गर्दा पनि यकिन लिखित प्रमाण फेला पार्न सकिएको छैन । त्यसैले यस बारेमा स्थानीय जनश्रुति र किंवदन्तीहरूलाई आधार मानेर यसको वास्तविकता बारेमा खोजी गर्नुपर्ने अवस्था रहेको छ । कुनै एउटा मात्र आधार नभई फरक-फरक तरिकाले यस क्षेत्रको नामकरण पञ्चासे रहन गएको जनश्रुतिहरू प्राप्त भएका छन् । त्यसकारण सबै किसिमका आधारहरूको यहाँ विश्लेषण गरी व्याख्या गरिएको छ ।

**(क) पहाडका पाँच चुचुराहरूको आधारमा**

नेपालको महाभारत पर्वत शृङ्खलामा पर्ने यो पञ्चासे पहाडका टुप्पामा पाँचवटा प्रमुख थुम्के डाँडाहरू लहरै रहेका छन् । यिनै पाँचवटा चुचुराहरूका नामबाट पञ्चपहाड भन्दाभन्दै पञ्चासे हुन गएको भन्ने भनाइ छ ।[ज्ञट] पाँच वटा चोसो (टाकुरा) भएको ठाउँलाई गुरुङ उच्चारणमा पञ्चासे भनिएको हो । 'ङ' भनेको पाँच र 'से' भनेको मासु हो । शिकार गर्ने पाँचवटा टाकुराको कारण पनि पञ्चासे भएको हुन सक्ने विश्वास छ ।[ज्ञठ]

(ख) पाँच पाण्डवहरूको आगमनका आधारमा

इतिहासको कालखण्डमा कुनै बेला पाँच पाण्डवहरू पनि यस पञ्चासे क्षेत्रमा आएका हुनाले त्यहीँबाट पञ्च शब्दसँग घनिष्ट सम्बन्ध रहेर समयक्रमसँगै पञ्चधाम हुँदै

---

१४ *जिल्ला विकास योजना ०६८/६९,* पर्वत : सूचना तथा अभिलेख केन्द्र, जिविसको कार्यालय पर्वत, २०६७, पृ. १६ ।

१५ ऐजन ।

१६ लक्ष्मीप्रसाद भण्डारीसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

१७ पञ्चासे खबर पत्रिका, २०६७, वर्ष २४, अंक २ पृ. ५।

पञ्चासे नाम रहन गएको हुनसक्ने भनाइ प्रचलनमा रहेको छ ।[१८]

(ग) पाञ्चायन देवताको नामका आधारमा

हिन्दू आर्य संस्कृतिबाट प्रभावित रहेको हाम्रो नेपाली समाजमा पाञ्चायन देवता ( शिव, गणेश, विष्णु, देवी र सूर्य) को पूजा आराधना गर्ने चलन सनातनदेखि चलिआएको छ ।[१९] यस पञ्चासे क्षेत्रमा यिनै पाञ्चायन देवताका थानहरू रहेका छन् । पाञ्चायन देवताको मन्दिर रहेको र यिनै देवताहरूको पूजा पनि हुँदै आएको तथा यिनै पञ्च देवताका प्रतीकका रूपमा ५ वटा डाँडाहरू आपसमा अन्तरसम्बन्धित भई लहरै रहेका हुँदा पनि यस ठाउँलाई पञ्चासे भनिएको जनविश्वास छ ।

(घ) पाँच परमेश्वरका प्रतीकका आधारमा

यहाँ अवस्थित ५ वटा चुचुराहरूलाई पञ्च परमेश्वरका प्रतीकका रूपमा मानेर पूजा आराधना गर्ने पनि चलन रहेको हुँदा तिनै पञ्च परमेश्वरको नामबाट यस ठाउँलाई पञ्चासे नामकरण गरिएको भनाइ रहेको छ ।

(ङ) शिवजीको वासस्थानका आधारमा

"प्रहशनमयि भङ्गे स्यात क्षेपे पञ्चयानन शिवे सिहे"[२०] भन्दै मेदिनी कोशकारले पञ्चयान शब्दको अर्थ शिवजी हुन्छ भनेका छन् । शिवजीलाई पञ्चास्य वा पञ्चमुख पनि भनिन्छ । पञ्चास्य भनेको शिवजी र शिवजीको बासस्थान भएको ठाउँलाई चिनिन्छ । यसरी शिवजीको बासस्थानबाट पञ्चास्य पञ्चमुख हुँदै पञ्चासे हुन गएको पाइन्छ । त्यहाँ अहिले पनि शिद्ध बाबालाई शिवजी वा प्रमुख देवताका रूपमा मानिदै आएकाले यसै आधारमा पनि पञ्चासे नामकरण भएको हुन सक्ने विश्वास गरिन्छ ।

'पञ्च' भनेको पाँच संख्याको गणनामा आउने शब्द हो र 'धाम' भनेको नेपाली शब्दकोष अनुसार देवताहरू रहेको प्रसिद्ध ठाउँ स्वर्ग, पुण्यस्थल र तीर्थ भन्ने बुझिन्छ । तसर्थ छोटकरीमा धाम भनेको तीर्थ हो । 'पञ्च' र 'धाम' शब्दको योग हुँदा पञ्चधाम हुन्छ । तसर्थ पाँचवटा तीर्थहरूको संगमस्थलका रूपमा पञ्चधाम पनि भन्न सकिन्छ । हिन्दूहरूका आराध्यदेव भगवान् शिव हुन् । शिवका पाँच मुख भएकाले प्रत्येक मुख एकएक धामका प्रतीक हुन् भन्ने शास्त्रीय आधार पाइन्छ । यसप्रकार शिवधामलाई पञ्चधाम पनि

---

१८ नारायणप्रसाद गौतम, *नेपाल पञ्चधाम पञ्चासेको परिचय,* तनहूँ : नीरविक्रम पौडेल, २०५८, पृ. ५ ।

१९ भण्डारी पूर्ववत्, पादटिप्पणी नं. ११ ।

२० मेदिनी कोश शब्द वर्ग नान्त ८९, उधृत : नारायण प्रसाद गौतम, ऐजन पृ. ५ ।

भनिन्छ। पञ्चासे क्षेत्र पनि शिवजीको क्षेत्र भएकाले यसलाई पञ्चधामका रूपमा पूजा गर्ने परम्परासमेत रहिआएको छ। शिवको स्तुति नमः शिवाय मन्त्रबाट गरिन्छ। सामान्यतया नमः शिवाय भन्नाले शिवजीलाई नमस्कार भन्ने बुझिन्छ तापनि शिव पञ्चाक्षरीका प्रत्येक छुट्टाछुट्टै अक्षरको छुट्टाछुट्टै महत्त्व भएको कुरा शिव पुराण र लिङ्ग पुराणमा उल्लेख भएको पाइन्छ।[२१] यसरी शिव शब्द उनको वासस्थान र स्तुतिबाट पनि पञ्चासे नामकरण हुन सक्ने सम्भावना छ।

उपरोक्त पाँच प्रकारका भनाइ एवम् विश्वासलाई विश्लेषण र अध्ययन गरी त्यहाँको वास्तविक भौतिक अवस्था जनआस्था र विश्वासलाई केलाउँदा पञ्च शब्द र शिवजीको निकट सम्बन्ध रहेको र त्यही पञ्च शब्दबाटै पञ्चासे नामकरण हुन गएको विश्वास गर्न सकिन्छ।

### २.१.३. पञ्चासेको खोजी, संरक्षण एवं विकास

धेरै वर्षअगाडि पौराणिक कालदेखि पञ्चासे क्षेत्रमा ऋषिमुनिहरू, तपस्वीहरू रहने गरेको कुरा पुराणहरूमा पनि उल्लेख गरेको पाइन्छ। त्यहाँ पूजापाठ गर्ने धुपबत्ती गर्ने यज्ञ गर्ने गराउने क्रममा आध्यात्मिक जगतमा सिद्धि प्राप्त गरेका एक महाप्रभु पञ्चासेमा बसेर गाई पाल्नुका साथै आध्यात्मिक साधना गर्ने गरेको थिए। यिनै महाप्रभुका केही चेलाहरू भएका थिए भने यिनले बाटोघाटो बनाउने पूजा आराधना, सरसफाई गरी पञ्चासे क्षेत्रको संरक्षण गर्न थालेको देखिन्छ। वि.सं. १९६७ मा स्याङ्जा जिल्ला सेतीदोभान पूर्खौली घर भई सानीबगारे बस्ने हरिप्रसाद पनेरु भनिने गंगाधर पनेरुले सर्वप्रथम पञ्चासे क्षेत्रको अन्वेषण गरेका थिए। यिनै महाप्रभु पनेरुले पञ्चासेमा शक्तिशाली ज्योर्तिलिङ्ग कहाँ कुन अवस्थामा रहेको थियो भनी अन्वेषण कार्य गरी पञ्चासेलाई शिवले सिद्धि प्राप्त गरेको स्थलका रूपमा चिनाएका थिए।[२२]

पञ्चासेमा त्यसपछि पनि विभिन्न प्रकारका तपस्वी, ब्रह्मचारी, योगी एवम् जोगीहरू समेत आउने जाने क्रम भइरहन्थ्यो। त्यहाँ आउने भक्त भक्तिनीहरू गाईपालनमा लागेका हुन्थे। त्यस्ता भक्तहरूले पञ्चासेको उच्च भागमा आलु, जौ, गहुँ र फापरको खेतीसमेत गर्ने गरेको पाइन्छ। पञ्चासे क्षेत्र फराकिलो र प्रशस्त घाँस पाइने हुनाले गाईपालन सहज हुने गरेको पनि थियो। विभिन्न ठाउँका पण्डितहरूको जमघट गराई

---

२१ नारायणप्रसाद गौतम, पूर्ववत् पादटिप्पणी नं. १३, पृ. २५।

२२ नीरविक्रम पौडेलसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार।

२०१८ सालमा १८ महिनामा १८ पुराणहरू वाचन गराई श्रद्धालु भक्तजनहरूलाई श्रवण गराइएको थियो ।[२३] वि.सं. २०२१ देखि तपस्वी तथा ब्रह्मचारीहरूले यो क्षेत्र क्रमशः छोड्दै गएकाले भक्तजनहरू पनि यत्रतत्र पलायन हुन थाले अनि पञ्चासेमा बसेर नियमित रूपमा नित्यकर्म र सम्भार कार्य हुन सकेन । यसपछि त्यहाँको विकास निर्माण कार्यमा शिथिलता आउनुका साथै पहिलेका पाटीपौवा, मन्दिर एवम् कतिपय धर्मशालाहरू रेखदेख मर्मत र सम्भारको अभावमा भत्किएर जान थाले । यस्तो अवस्थाबाट बचाउन र पुनः संरक्षण कार्य अगाडि बढाउन एवम् पञ्चासे क्षेत्रको गुमेको महत्त्व उजागर गर्न र संरक्षण गर्नका लागि नेपाल पञ्चधाम पञ्चासे नामक संस्थाको स्थापना गरी ज्योतिष नीरविक्रम पौडेलको नेतृत्वमा विकास निर्माण तथा संरक्षणका कार्यहरू २०५४/५५ सालदेखि सुरु हुँदै आएका छन् ।

वातावरणीय संरक्षणको क्षेत्रमा पञ्चासेको निकटमा रहेको भदौरे तामागी गा.वि.स.मा रहेको माछापुच्छ्रे विकास संघले पनि महत्त्वपूर्ण कार्यहरू गर्दै आएको छ । साथै पञ्चासे क्षेत्र विकास उपभोक्ता समिति गठन भई पञ्चासे क्षेत्रको बृहत्तर विकास गरी पर्यटन व्यवसाय प्रवर्द्धन गर्न लागिपरेको छ । त्यसै गरी काठमाडौंस्थित तारागाउँ विकास समितिले पञ्चासे क्षेत्रको पर्यटन विकास गरी राष्ट्रिय आयमा समेत प्रभाव पार्ने खालको गुरुयोजना तयार गरी सरकारलाई बुझाएको र त्यसलाई स्वीकृत गरी कार्य प्रारम्भ गरिसकेको छ । पछिल्लो समयमा जैविक विविधताको दृष्टिले अति नै महत्त्वपूर्ण मानिएको पञ्चासे क्षेत्रको संरक्षणका लागि सरकारी तवरबाट पञ्चासे संरक्षित वनका रूपमा उपल्लो वनक्षेत्रको संरक्षण कार्य थालिएको र तल्लो भागमा रहेको वन क्षेत्र निकटवर्ती गाउँहरूको समुदायमा हस्तान्तरण गरी संरक्षण गर्ने जमर्को गर्न लागेको छ ।

हाल यस पञ्चासे क्षेत्रको केही हदसम्म भए पनि प्रचार-प्रसार भई यहाँको अपार प्राकृति सम्पादहरूको पहिचान गरी उपयोग र संरक्षण गर्नेतर्फ निकटवर्ती गाउँलेहरू र सम्बन्धित संघसंस्थाहरू क्रियाशील हुँदै थप अनुसन्धान कार्यहरू भइरहेका छन् । सोही क्रममा यो अनुसन्धान कार्य पनि पर्न गएको छ ।

### २.१.४ धार्मिक स्थलका रूपमा पञ्चासे

नेपाली सामाजिक परम्परा युगौंदेखि धार्मिक आस्था एवम् विश्वास र त्यसबाट

[२३] ऐजन ।

सिर्जित क्रियाकलापका आधारमा स्थापित मूल्य एवम् मान्यतामा आधारित रहँदै आएको छ। आफ्नो वचन र शरीरले अरू प्राणीलाई हानि नोक्सानी पुऱ्याउनु नै पाप हो।[२४] कुनै पूर्वजन्ममा गरिएका धार्मिक प्रभाव र ईश्वरको अनुग्रहबाट मनुष्य जीवन मिल्ने भयो भने यसको तारतम्य पनि परमात्माले नै मिलाउँछन् भन्ने विश्वास रहेको छ।[२५] नेपालमा प्रमुख रूपमा हिन्दूधर्म संस्कृतिको प्रमुख रहेको र शासक पनि सोही धर्म मान्ने खालका भएकाले त्यसले बढी व्यापकता पाए पनि अन्य धर्महरू बौद्ध, इसाई तथा इस्लाम धर्मावलम्बी र उनीहरूको अस्तित्व पनि कायम रहँदै आएको पाइन्छ।

पञ्चासे प्राचीन कालदेखि प्रसिद्ध छ। पञ्चपाण्डवहरू तथा श्रवणकुमार समेत आइपुगेको कथा विभिन्न धार्मिक ग्रन्थहरूमा उल्लेख गरिएको पाइन्छ।[२६] विभिन्न आकर्षक देवीदेवताका मठमन्दिरहरू, गुफा धर्मशालाहरू, पवित्र पञ्चासे सरोवर यहाँका महत्त्वपूर्ण धार्मिक आकर्षक हुन्। विशाल खस्रुका रुखमा ध्वजापताकाहरू, घण्टीहरू, त्रिशुलहरू चढाइएको छ भने मेला तथा पर्व जात्रामा धुप नैवेद्यहरू चढाएर भक्तहरूले शिवजीको थानमा सिद्धबाबाको आशीर्वाद माग्ने गर्दछन्। त्यसै गरी शिवलिङ्गमा गाईको दूध, जल, फूल, नैवेद्य भेटी एवम् बेलपत्र चढाउने पनि गरिन्छ।

वालाचर्तुदशी जस्ता पवित्र दिनहरूमा धार्मिक मेला लाग्नुका साथै सत्विज छर्ने परम्परा अनुकरणीय रूपमा कायमै छ। पञ्चासे वरपरको सत्वीज छर्ने स्थलहरूमध्ये चापकोटको सिद्धबराह माझथुम, हर्पनको राममन्दिर लगायत थुप्रै ठाउँहरूमा पनि सत्वीज छरिन्छ। हाल यस पञ्चासे क्षेत्रलाई पाँचौ धामका रूपमा विकसित गर्न विभिन्न धार्मिक क्रियाकलापहरू सञ्चालन गरिँदै आएको छ। विभिन्न हिन्दू धर्मावलम्बी भक्तजनहरूका लागि तीर्थयात्राको पवित्र र प्रसिद्ध गन्तव्यका रूपमा पञ्चासे दिनप्रतिदिन उन्मुख र व्यापक हुँदै गइरहेको छ। यस क्षेत्रको भ्रमण गरी सिद्धबराह तालबाराही एवम् त्यहाँ स्थापित देवीदेवता, नागदेवता, हनुमान, भुमे, भयर, झाँक्री लगायत पाञ्चायन मन्दिरको पूजापाठ, दर्शन र पञ्चासे सरोवरको स्नान गर्नाले सबैको मनोकामना सिद्ध हुने, मनले आँटेताकेको पुग्ने, यस लोकमा सुख शान्ति प्राप्त गरी परलोकमा समेत स्वर्गपद प्राप्त गरी आत्माले

---

[२४] सत्यनारायण गोयन्का, *विपस्यना साधना र आत्म दर्शन,* काठमाडौं : भिक्षु सुभद्र, २०४५, पृ. ४५।

[२५] प्रेमनारायण बराल, *वेदान्त प्रवेशिका,* नारायणगढः श्रीमती ज्ञानुमाया कर्माचार्य, २०६१, पृ. १५।

[२६] *पञ्चासे ग्रामीण पर्यटन विकास गुरुयोजना,* काठमाडौंः तारा गाउँ विकास समिति, जून २००४, पृ. ११।

चिरशान्ति पाउने जनविश्वास रहिआएको छ।[२७] आफ्ना दिवंगत भएका पितृहरू समेतको उद्धार भई जन्मजन्मसम्म पुण्य फल प्राप्त गर्ने विश्वासका कारण नेपाल, भारत लगायत दक्षिण एशियाका धेरै देशका हिन्दू धर्मावलम्बीहरूको ठूलो आस्था रहेका कारण दर्शनका लागि सालैपिच्छे घुइँचो लाग्ने गर्दछ।

भगवान् शिवको महिमा र महत्त्व विशिष्ट रहेको छ। समस्त हिन्दूहरूका आराध्यदेव शिवका पाँच मुख भएको कुरा शिवपुराण र लिङ्ग पुराणमा उल्लेख भएको पाइन्छ।[२८] शिवको वासस्थान भएको ठाउँलाई शिवधाम र पाँचमुख भएको कारणले शिवलाई पञ्चासे भनिन्छ। शिवका चार दिशाका चार मुख क्रमशः पूर्व मुखमा जगन्नाथ धाम, दक्षिण मुखमा रामेश्वर धाम, पश्चिम मुखमा द्वारकानाथ धाम, उत्तरमुखमा केदारनाथ धाम प्रतीक हुन् र उर्ध्व दिशामा पञ्चमुखका रूपमा अवस्थित शिव धामलाई पञ्चधाम भनिन्छ। भगवान् पशुपतिको दर्शन गर्दा शिवका चार दिशाका चारधामको द्योतक र उर्व वा पाँचमुख (पञ्चास्य) पशुपतिका द्योतक हुन् भनेर त्यहाँका पूजारी भट्टहरूले बताएको पाइन्छ।[२९] यसप्रकार शिव धामलाई पञ्चधाम भनिन्छ।

हिन्दू धर्मका अतिरिक्त बौद्धधर्मालम्बीहरूको पनि यस पञ्चासे क्षेत्रमा अगाडिदेखि नै आस्था एवम् विश्वास रहनुका साथै तीर्थाटन गर्ने गरेको पाइन्छ। बौद्ध धर्ममा मुख्य रूपले हीनयान तथा महायान गरी दुई सम्प्रदाय प्रचलित रहेको छ साथै बज्रायान र गुरुङ लामा बौद्ध परम्परा समेत प्रचलित रहेको छ। पञ्चासे क्षेत्रको वरिपरि बस्ने गुरुङले पनि लामाबौद्ध धर्म मान्दछन्- उनीहरू आफ्नो वर्ष गणना भिन्दै प्रकारले गर्दछन्। लामा बौद्ध धर्मावलम्बीहरूमा रहेको एक विश्वास अनुसार एक दिन गौतमबुद्धले सबै जनावरलाई डाकेका थिए। यसरी बुद्धले ढाकेपछि त्यहाँ मुसा, गाई, बाघ, बिरालो, गिद्ध, नाग, घोडा, भेंडा, बाँदर, चरा, कुकुर र मृग गरी जम्मा १२ वटा जनावरहरू भेला भए। यसरी भेला भएकै जनावरका नामबाट १२ वर्षको नाम राखियो। बुद्ध वचन अनुसार जो व्यक्ति जुन जनावरको वर्षमा जन्मन्छ उसको स्वभाव पनि त्यही जनावरको जस्तो हुनेछ भन्ने थियो।[३०]

---

२७ पौडेल, पूर्ववत्, पादटिप्पणी नं. १७।

२८ गौतम, पूर्ववत पादटिप्पणि नं १३ , पृ. ६।

२९ ऐजन।

३० श्रीरामप्रसाद उपाध्याय, *नेपालको प्राचीन तथा मध्यकालीन इतिहास,* काठमाडौंः रत्न पुस्तक भण्डार, २०५१, पृ. ११४।

गौतम बुद्धले बुद्ध धर्मलाई ठीकसँग चलाउन संघको स्थापना गरेका थिए। बौद्ध भिक्षुहरू यस्तै संघअन्तर्गत संगठित भएर रहन्छन्। यस्ता संघहरू विभिन विहारहरूमा छुट्टाछुट्टै रूपमा रहेका हुन्छन्। प्रारम्भमा भिक्षुहरू दैनिक भिक्षाटनद्वारा जीविकोपार्जन गर्दथे पछि यी भिक्षुहरूले नगद, जिन्सी, जग्गा जमिन आदि दानका रूपमा ग्रहण गर्न थाले। दानका रूपमा सङ्कलित वस्तुहरूको उपयोग संघको निरीक्षणमा हुने गर्दछ। आजसम्म पनि प्रत्येक विहारमा एक संघ कायम रहेको पाइन्छ।[घ्ज] त्यसै गरी लामा बौद्धका बारेमा तिब्बतको वोन धर्म र बुद्ध धर्मको समिश्रणबाट लामा बौद्ध धर्मप्रति धेरै बौद्ध धर्मालम्बीहरूको विश्वास छ। अधिकांश गुरुङ, तामाङ, शेर्पा, भोटेहरूको यस्तै आस्था एवम् विश्वास रहेको पाइन्छ।

पञ्चासे वरपरका बासिन्दाहरूमा गुरुङ बस्ती बढी मात्रामा रहेको र उनीहरूको जन्मदेखि मृत्युपर्यन्तका सम्पूर्ण क्रियाकलापहरू बौद्ध धर्म अन्तर्गतको लामा बौद्ध धर्मअनुसार निर्देशित छ। त्यसैले गुम्बाहरू बनाउने लगायतका क्रियाकलापहरू हुँदै आएको छ। आर्थर डाँडाखर्क गा.वि.स. रहेको २०० वर्ष पुरानो भनी विश्वास गरिएको बौद्ध गुम्बामा वर्षौंदेखि यस्तै प्रकारको बौद्ध लामा शिक्षा दिने कार्य गरिँदै आएको छ।[घ्द] त्यसै गरी पुम्दीभुम्दी गा.वि.स.मा विश्व शान्ति स्तुप रहेको छ। पछिल्लो समयमा पञ्चासेको धुरीमा हिन्दू मन्दिरहरूका अतिरिक्त बौद्ध स्तुप र छ्यारतेन निर्माण गरिएको छ जसले गर्दा बौद्ध धर्मावलम्बीहरूको पनि पञ्चासेमा ध्यान आकृष्ट हुनुका साथै त्यहाँ परम्परादेखि रहेको बौद्ध धर्मावलम्बीहरूको आस्था एवम् विश्वासमा थप प्रेरणा मिलेको छ। त्यसै गरी पञ्चासे नजिकै रहेको तामागी गाउँमा पनि एक आकर्षक स्तुप निर्माण गरिएको छ।

गुरुङ जातिमा जन्मदेखि मृत्युपर्यन्तसम्म गरिने विभिन्न धार्मिक क्रियाकलापहरू जस्तै अर्घौं, ट्होंटे, ठेलो हान्ने, लामा तथा ह्याप्री भ्ााँक्री नाच लगायत रोधी, सोरठी, ठाडो भाका लगायतका नाचगान कार्यक्रम बौद्ध धर्म परम्परा भ्ाल्काउने महत्त्वपूर्ण प्रमाणहरू यस क्षेत्रमा विद्यमान छन्। त्यसै गरी भाषा, पोशाक, खानपान, गरगहनाहरूको पहिरन आदि र ल्होसार मेलाजस्ता पर्वहरूमा कास (कछाड), भाङ्ग्रा, टोपीमा सजिएका पुरुषहरू र चौबन्दी चोलो, घलेक सारी तथा पछ्यौरा पहिरिएका महिलाहरूको उपस्थितिले सांस्कृतिक

---

३१ श्रीरामप्रसाद उपाध्याय, *नेपालको सामाजिक, आर्थिक तथा प्रशासनिक इतिहास,* काठमाडौं : रत्न पुस्तक भण्डार, २०६२, पृ. ७७।

३२ गोपाल गुरुङसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार।

विशिष्टता झल्काउनुका साथै बौद्ध लामा परम्परा कायम राख्दै आएको छ जसले गर्दा पञ्चासेको सांस्कृतिक र धार्मिक गरिमालाई उचाइमा पुऱ्याइराखेको छ ।

उपरोक्त हिन्दु बौद्ध परम्परागत क्रियाकलाप आस्था एवम् विश्वासका कारण पञ्चासे क्षेत्रको धार्मिक महत्त्व अत्यधिक रहेको र यसले पृथक एवम् विशिष्ट पहिचान दिन सकेको तथ्य सावित भएको छ । त्यसैले यस शोधबाट पञ्चासे क्षेत्र नेपालकै एक महत्त्वपूर्ण हिन्दू र बौद्ध धर्मसँग सम्बन्धित धार्मिक क्षेत्र हो भन्ने तथ्य प्रकाशमा आएको छ ।

### २.१.५ ऐतिहासिक स्थलका रूपमा पञ्चासे

इतिहासलाई भरपर्दो, विश्वासिलो तथा वैज्ञानिक बनाउनका लागि प्रामाणिक तथा आधारभूत प्रमाणहरूको आवश्यकता मात्र होइन अपरिहार्यता पनि हुन्छ ।[घघ] पञ्चासे क्षेत्रको ऐतिहासिकता पत्ता लगाउन अर्थात् यस क्षेत्रको इतिहासको कुन कालखण्डदेखि महत्त्व रहन गयो भन्ने विषयमा खोजी गर्दै जाँदा पौराणिक काल रामायण महाभारत कालसम्मको घटना कथा किवंदन्तीहरू फेला पार्न सकिन्छ तर यथार्थ प्रमाणहरू पाउन कठिन भएको हुँदा कतिपय कुराहरू अनुमानमा मात्र सीमित छन् भने १६ औं शताब्दीतिरका बाइसे चौबिसे भुरे टाकुरे राजाका पालाका बारेमा भने भग्नावशेष लगायतका केही प्रमाणहरू पाइएकाले विश्वास गर्न सकिन्छ ।

मध्यकालमा पञ्चासे वरपर सतौं, राम्जाकोट, कास्कीकोट, हर्पनकोट, आरुखर्कका राजा रजौटाहरूले राज्य गर्दथे । बाईसी चौबीसी राजाहरू विशेष गरेर एकअर्कासँग लडाइँ भिडाइ गर्नमा नै व्यस्त रहन्थे ।[घद्ध] विभिन्न चाडपर्वहरूमा वरिपरिका राजाहरूले पञ्चासे आई आफ्नो मनोकामना सिद्ध होस् भनी यज्ञ यज्ञादी गर्नुका साथै पाठपूजा, जपध्यान, आराधना गरी आआफ्नो राज्यको सफलता एवम् सुख शान्ति र समृद्धिको कामना गर्ने गरेको हुनाले पञ्चासे एक महत्त्वपूर्ण धार्मिक एवम् ऐतिहासिक स्थलका रूपमा मानिएको देखिन्छ ।[घछ] तत्कालीन बाइसे चौबिसे राजाहरूले आपसी भाइचारा अभिवृद्धि गर्न, सन्धि सम्झौता गर्न, वार्तालाप गर्न तथा शिकार गरी मनोरञ्जन गर्ने र विश्राम गर्ने लगायतका

---

[३३] दिलबहादुर क्षत्री र चन्द्रकान्त पौडेल, *युरोपेली इतिहास लेखन तथा शोधविधि,* पोखरा : श्रीमती पार्वती क्षत्री, श्रीमती कलादेवी पौडेल, २०६५, पृ. १३२ ।

[३४] पेशल दाहाल, *नेपालको इतिहास,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स, २०५४, पृ. २७८ ।

[३५] गौतम, पूर्ववत्, पादटिप्पणि नं. १३, पृ. ६ ।

कामहरू यसै क्षेत्रमा गर्ने गरेको विश्वास रहेको छ । त्यसैले यो क्षेत्र महत्त्वपूर्ण ऐतिहासिक स्थल थियो भन्न सकिन्छ । यसको ऐतिहासिक परम्परा पौराणिक कालदेखि जोड्दै आएको पाइन्छ । पौराणिक कालमा च्यवन ऋषिले यस क्षेत्रमा आई तपस्या गरेको, पाँच पाण्डवहरू वनवास रहँदा यस क्षेत्रको भ्रमण गरेको, अन्धाअन्धीको मृत्यु तथा श्रवणकुमारको राजा दशरथको वाण प्रहारबाट यसै क्षेत्रमा हत्या भएको जस्ता किंवदन्तीहरूप्रति व्यापक जनविश्वास रहेको पाइन्छ । तर जनविश्वास बाहेक अन्य तथ्य प्रमाणहरू प्राप्त गर्न सकिएको छैन ।

नेपालको इतिहास र राजतन्त्रको इतिहास अभिन्न रूपले एकअर्कासँग गासिएका छन् ।[३६] नेपाल एकीकरणपूर्व बाइसे र चौबीसे राज्यहरूमा छरिएर रहेका बखत तत्कालीन राजारजौटाहरूका सन्दर्भसँग पञ्चासेको इतिहासलाई सहजै जोड्न सकिन्छ । त्यस वेलाका राजाहरूका पालामा बनेका भवन वा मुकामका भग्नावशेषहरू अद्यापि विद्यमान छन् । प्राचीन समयका राजारजौटाहरू राम्रो हावापानी, प्राकृतिक मनोरम दृश्य, शत्रुबाट बच्न सकिने आदि दृष्टिकोणबाट प्रायः यस्तै उच्च र विकट मानिने पहाडका टाकुरामा आफ्नो राजधानी वा किल्ला खडा गरी अड्डा जमाएर बस्ने गरेका अन्यत्र पनि धेरै उदाहरणहरू पाइएका छन् । सोही अनुसार पञ्चासेमा पनि यस्तै प्रकारका विभिन्न कोठैकोठा भएको भवनको भग्नावशेष रहेको छ । उक्त भवनको विभिन्न क्षेत्रफल र नाप भएका कोठाहरू तथा ढोकाहरू भएको रूपमा देखिन्छ । उक्त भग्नावशेषलाई पर्खालद्वारा वेष्ठित गरिएको छ । त्यसैले यो पञ्चासे क्षेत्र केवल धार्मिक क्षेत्रमात्र नभएर एक महत्त्वपूर्ण ऐतिहासिक स्थल पनि हो भन्ने तथ्य शोधबाट प्रकाशमा आएको छ ।

### २.१.६. पर्यटकीय स्थलका रूपमा पञ्चासे

नेपाल प्राकृतिक सुन्दरताले भरिएको देश हो । यहाँ रहेका उत्तरतर्फका चाँदीजस्तै सेता हिमालका लस्करै लागेका टाकुराहरू असाध्यै मन लोभ्याउने खालका छन् । अग्लाहोचा, हरियाली जङ्गलले ढाकेका महाभारत पर्वत शृङ्खला उस्तै आकर्षक छन् । होचाखाले चुरे पहाडका डाँडाहरू बीचबीचमा आकर्षक उपत्यकाहरू, विशाल टारहरू एवं भित्री मधेश क्षेत्र र तराईको समथर फाकट भौगोलिक विविधताले युक्त छ । उत्तर

---

[३६] गेहेन्द्रमान उदास, *पोखरेली शाहवंशका पाँच प्रमुख राजाहरू*, काठमाडौं : रत्न पुस्तक भण्डार, २०४३, पृ. १० ।

हिमालदेखि दक्षिणतर्फ एकोहोरिएर बगेका सयौं सानाठूला नदीनालाहरू, सुन्दर हराभरा पाखापाखेरा, पहराहरू, भीर, काल्ना तथा झरना, तालतलैया आदिले देशको मुहारलाई चम्काएका छन् । सगरमाथा र गौतम बुद्धको नामले विश्वविख्यात नेपाल आमाको काखमा रहेका कतिपय होटलको ओछ्यानबाट बाहिर चिहाउँदा सेताम्य हिमाललगायतका दृश्यहरूले पर्यटकहरू नेपाललाई एसियाको स्वीटजरल्याण्ड सम्झन्छन् । कास्की जिल्लाको घान्द्रुक, सिक्लेस, सोलुखुम्बु जिल्लाको नाम्चेबजार र दोलखा जिल्लाको जिरीजस्ता थुप्रै पहाडी गाउँहरू स्वीटजरल्याण्डका कतिपय ठाउँहरूसँग तुलना गर्न सकिन्छ । कतिपय विदेशीहरूले काठमाडौंलाई मन्दिरहरूको शहरका रूपमा चिन्दछन् ।

त्यस्तै प्राकृतिक सुन्दरताले भरिपूर्ण नेपालका धेरै स्थलहरूमध्ये पञ्चासे पनि एक हो । आकर्षक सूर्योदय र सूर्यास्तका साथै आकर्षक हिमशृङ्खला र मनमोहक पहाडी दृश्यावलोकन गर्न सकिने हुनाले प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकसित भई परिचित हुँदै विश्व पर्यटकका सामु पञ्चासे देखा परेको छ। समुद्री सतहदेखि २५१७ मिटरको उचाइमा अवस्थित पञ्चासे क्षेत्रबाट हरेकले कास्कीको सदरमुकाम पोखरा र फेवतालको सुन्दर दृश्य अवलोकन गर्न पाउँछन् । पर्वत, स्याङ्जा र बागलुङको सदरमुकामहरू पनि देखिनुका साथै थुप्रै गाउँबेंसीका बस्तीहरू, हरियाली पाखापखेराहरू छर्लङ्ग देख्न पाइन्छ । एकै बिन्दुबाट सूर्योदय र सूर्यास्तको दृश्य देख्न पाउनुका साथै पूर्ण चन्द्रको कान्तिमय प्रकाश छर्दाको दृश्य एवं उत्तरतर्फ सामुन्ने देखिने माछापुच्छ्रे, अन्नपूर्ण र धवलागिरी हिमशृङ्खलाहरूको दृश्यावलोकनसँगै संसारकै सबैभन्दा लामो हिमशृङ्खला देखिने ठाउँ पञ्चासे हो ।[३७] पञ्चासेमा अनौठा सरोवरहरू रहेका छन् जसमध्ये सबैभन्दा ठूलो र ऐतिहासिक एवं धार्मिक महत्त्व बोकेको सरोवर पञ्चासे सरोवर पञ्चासेको मुख्य टाकुरादेखि पश्चिमपट्टिको गल्छीमा अवस्थित छ । यसलाई च्यवन ऋषिको पालादेखिको ऐतिहासिकतालाई जोडेर च्यवन सरोवर पनि भनिन्छ भने जनसाधारण यसलाई पञ्चासे ताल भन्ने गर्दछन् । यसको मुख्य विशेषता भनेको न यसको मूल देखिन्छ न त यसको निकास नै । ९० मिटर लम्बाइ, ४० मिटर चौडाइ र करिब १० मिटर गहिराइ रहेको यस काललाई गुराँसका रुखले वेष्ठित गरेका छन् । यस तालमा खसेका पात चराले टिपेर फाल्छ, त्यसैले ताल सधैं सफा रहन्छ भन्ने किंवदन्ती रहेको छ । अधिकांश पर्यटक र पदयात्रीहरूका लागि यो ताल आकर्षणको केन्द्र बनेको छ । ५०-६० वर्ष अगाडि यस तालमा पानी

---

[३७] *पञ्चासे विशेषाङ्क,* वर्ष २२, २०६३, पृ. २ ।

भरिभराउ अवस्थामा सफा एवं कञ्चल रहन्थ्यो र छेउछाउबाट अञ्जुलीले झिकेर खान सकिन्थ्यो ।[घड]

वनस्पतिजन्य विविधताले पञ्चासेको आकर्षणमा थप योगदान पुऱ्याएको छ। सुनाखरीको राजधानी मानिने पञ्चासे क्षेत्रमा थरीथरीका रङ्गीविरङ्गी फूलहरूका साथै राष्ट्रिय फूल लालीगुराँस वनैभरि रातै फुल्ने वेलामा अत्यन्त आकर्षक देखिन्छ। विभिन्न प्रजातिका चराच्याखुराहरू एवं वन्यजन्तुहरूको पनि सामन्जस्यता रहेको पञ्चासेको वन क्षेत्र सुन्दर, शान्त एवं प्रकृतिले आफै उपचार गरिरहेको भान हुने योगस्थलका रूपमा रहेको छ। योगबाट हृदयरोगजस्तो भयङ्कर रोगबाट पनि छुटकारा पाउन सकिन्छ ।[घढ]

अनेकौं प्रकारका जडीबुटीहरू र खानेपानीका प्रशस्त मूलहरू रहेको पञ्चासेको विशाल वन क्षेत्र आफैमा स्वच्छ, पवित्र एवं मनमोहक छ। कुभिडाइनो, काफल, ऐंसेलु, चुत्रो, भुत्रो, मलो, भकिम्लो, लप्सी जस्ता जङ्गली फलहरू खान पाइने पञ्चासे क्षेत्रको महिमा जति व्याख्या गरे पनि कमै हुनेछ। पञ्चपाण्डवहरू तथा अन्धाअन्धीसँग सम्बन्धित श्रवणकुमारको पौराणिक कथाहरूसित पनि सम्बन्धित रहेको भग्नावशेषका रूपमा प्राचीन दरबार तथा पाटीपौवा, मन्दिरहरू, गुफाहरू, यज्ञयज्ञादि एवं अन्य धार्मिक अनुष्ठान सम्पन्न गरेका चौका, हवनकुण्डहरू, पत्थर कपेर बनाइएका पानी जम्मा गर्ने ठाउँहरू लोकप्रिय एवं आकर्षक छन्। हालसालै पुनः निर्माण र नयाँ निर्माण गरिएका मन्दिरहरू, धर्मशालाहरू, आवास गृह, विश्राम स्थल, भ्यू टावर, हेलीप्याड, होम कुण्ड, खानेपानी, चौडा सिंढीको बाटो, चौताराहरू, मूर्ति, शिवलिङ्ग लगायत अनेकौं सुविधा र व्यवस्थापनले थप आकर्षण थपेको छ ।

यसका अतिरिक्त पुम्दीमा रहेको शान्ति स्तूप, आर्थर डाँडाखर्कको पुरानो बौद्ध गुम्बा, तामागीमा हालसालै बनाइएको स्तूप, भदौरे देउराली नजिक रहेको छन्द्री नामक सुन्दर झरना, श्रवणकुमारको मन्दिर, राम्चेदेवीको मन्दिर, ठूलाखेतस्थित सिद्धबराह मन्दिर, हर्पनकोट देवी आदि धार्मिक आस्था एवं विश्वासको केन्द्रका रूपमा पञ्चासे वरपर रहेका छन् ।

त्यसै गरी चित्रे, राम्जा, आर्थर, वाङसिङ, भन्ज्याङ तथा भदौरे जस्ता पञ्चासेका

---

३८ भीमबहादुर के.सी. सँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

३९ रामदेव स्वामी, *योग साधना तथा योग चिकित्सा रहस्य,* काठमाडौं : डिकुरा प्रकाशन, २०६४, पृ. ११ ।

निकटवर्ती गाउँहरूमा बेलाबखत आयोजना गरिने सांस्कृतिक क्रियाकलापहरू, पर्वहरू नाचगान, भेषभूषा तथा स्थानीय जनताको हँसिलो मुहार र रसिलो बोली एवं सदा स्वागत गर्ने मायालु मुस्कान तथा मिलनसार व्यवहार पर्यटकहरू मोहित गर्नमा सहायक भएका छन् । स्थानीय व्यक्तिहरूको दिनचर्या, खानपान र बसाइ व्यवस्था पनि थप मनोरञ्जनूर्ण र चाखलाग्दो भएको पाइन्छ । आकर्षक दृश्यहरू, घरेलु उत्पादनका हलो-जुवा, डोको-नाम्लो, स्याखु, थुन्छे, भकारी, कोर्को, भाङ्ग्रा, आँसी, खुर्पेटो, बाउसो, कोदालो, वन्चरो आदि सरसामानहरू पनि अनौठा र चाखिला हुन्छन् । घना जङ्गल क्षेत्र, वन्यजन्तु, पक्षीहरू र रङ्गीविरङ्गी पुतलीहरू, विविधतायुक्त वनस्पति र भीरपाखा, कडा चट्टान र झाडीहरू पर्यटकीय दृष्टिकोणले अति नै महत्त्वपूर्ण रहेका छन् । त्यसैले यो क्षेत्र नेपालकै एक महत्त्वपूर्ण पर्यटकीय सम्भावना रहेको क्षेत्र पनि हो भन्ने तथ्य शोध कार्यबाट प्रकाशमा आएको छ ।

## २.२. पञ्चासे क्षेत्रको ऐतिहासिकता

कास्की, स्याङ्जा र पर्वत तीन जिल्लाको सिमानामा रहेको पञ्चासे धार्मिक र पर्यटकीय हिसाबले मात्र नभई यसको ऐतिहासिक महत्त्वका कारणले पनि प्रसिद्धि कमाएको छ । यसको ऐतिहासिकतालाई अध्ययन गर्दा कुनै एउटै मात्र आधार नभई फरक-फरक आधारमा फरक-फरक दृष्टिकोणसहितका तथ्यहरू प्राप्त भएका छन् ।

### २.२.१. धर्मग्रन्थ अनुसार

पौराणिक कालमा च्यवन ऋषिले तपस्या गरेर पञ्चासे क्षेत्रमा बसेका थिए । उनी तपस्यामा साधनारत रहँदा उनको शरीरमा धमिराले गोलो लगाएजस्तो भएर मान्छे नै नचिनिने भएछ । त्यस वेला एक राजा आफ्नी छोरी सुकन्यालाई लिएर यसै जङ्गल क्षेत्रमा विहार गर्न आएछन् । छोरीलाई त्यहीँ छोडेर राजा शिकार खेल्न जाँदा उक्त कन्याले धमिराको गोलो लागेजस्तो ठाउँबाट जुनकिरी जस्तो प्रकाशमय वस्तु देखेर लौराले चम्किलो ज्योतिमा घोच्दा त्यहाँबाट आँसु र रगत बग्न थालेछ । ती तपस्यारत च्यवन ऋषि हुन् भन्ने कुरा ती कन्यालाई पछि मात्र थाहा भएछ । यसरी च्यवन ऋषिका आँखाबाट बगेको आँसु र रगतबाट बनेको हुनाले पञ्चासे सरोवरलाई च्यवन सरोवर भनिन्छ भन्ने कुरा श्रीमद्देवीभागवत महापुराणको सप्तमस्कन्दको द्वितीय अध्यायमा उल्लेख भएको छ ।

यसैलाई आधार मानी लोकमानसले च्यवन सरोवर भन्ने गरेको पुष्टि हुन आउँछ।[४०] यस पञ्चासे क्षेत्रमा श्रवणकुमार आफ्ना अन्धाअन्धी बावुआमा तिर्खाएर पानी भएको ठाउँमा लिएर जान लाग्दा राजा दशरथलाई मृगको भान भई वाण हान्दा उक्त वाण श्रवणकुमारलाई लागेछ र उनको मृत्यु भएछ। यस घटनाबाट पुत्रशोकमा परेका ती अन्धाअन्धी साह्रै अलापविलाप गरी रुँदारुँदै बलिन्द्र अश्रुधारा बगाउँदा बगाउँदै उनीहरूले तिमीलाई पनि हामीलाई जस्तै पुत्रशोक परोस् भनी राजालाई श्राप दिएछन्। यिनै अन्धाअन्धीका आँसु मिसिएका हुनाले यस खोलालाई आँधीखोला भनिन्छ।[४१] यसै गरी बराह पुराणमा लिङ्ग पुराणमा पनि पञ्चासे क्षेत्रमा शिवजी आई तपस्या गरेको विषयमा उल्लेख गरी पञ्चासेको पत्थरले बनेको कडा चट्टानले युक्त थुम्को चाहिँ ज्योतिर्लिङ्ग हो भनी उल्लेख गरिएको बताइन्छ।

सामाजिक अनुसन्धानमा प्रमाणलाई प्रयोगशालामा लगेर परीक्षण गर्न नसकिने हुनाले यसको नतिजा सतप्रतिशत सत्य हुन्छ भन्न सकिँदैन।[४२] तसर्थ अनुमान त गर्नै पर्ने हुन्छ। उपर्युक्त पौराणिक र महाकाव्यकालका कथाहरूबाट आधार लिँदा यस क्षेत्रको इतिहास पौराणिक र महाकाव्य कालसम्म पुग्न सक्दछ।

२.२.२. जनविश्वास अनुसार

पञ्चासे क्षेत्रको इतिहास खोज्ने अर्को आधार जविश्वास पनि हो। शोधका क्रममा स्थानीय मानिसहरूसँग यस क्षेत्रको प्राचीनतासम्बन्धी जानकारी लिन खोज्दा कतिपय व्यक्तिहरूले यो क्षेत्र पाँच पण्डवहरू वनवासमा रहँदा आएर बसेको क्षेत्र हो भन्ने विश्वास रहेको पाइयो।[४३] त्यसै गरी अन्य केही व्यक्तिहरूले यो क्षेत्र रामायण महाकाव्यका पात्र राम र लक्ष्माणको क्रीडास्थल हो भन्ने विश्वास पनि व्यक्त गरे। अर्को एक जनविश्वासअनुसार यस क्षेत्रमा रामायण महाकाव्यकै पात्र दशरथले श्रवणकुमारलाई भुलवश धनुषवाण प्रहार गरी घाइते बनाएको स्थान पनि यही क्षेत्र नै हो।[४४] यी जनविश्वासहरूलाई आधार मान्दा यो क्षेत्रको ऐतिहासिकता रामायण र महाभारतजस्ता महाकाव्यहरूको रचनाकालसम्म पुग्न सक्ने देखिन्छ। यद्यपि पुरातात्विक प्रमाणहरूले यस प्राचीनतालाई प्रमाणित गर्न भने सकेको

---

४० गौतम, पूर्ववत्, पादटिप्पणी नं. १३, पृ. ३४।

४१ पौडेल, पूर्ववत्, पादटिप्पणी नं. १७।

४२ पेशल दाहाल र सोमप्रसाद खतिवडा, *अनुसन्धान पद्धति,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स, २०५९, पृ. ४०।

४३ पञ्चासे विशेषाङ्क, वर्ष २३, २०६४, पृ. १।

४४ ऐजन।

पाइँदैन ।

### २.२.३. चौबीसे राज्य कालमा पञ्चासे

गोपाल, महिषपाल, किरात, लिच्छवि र मल्ल राजाहरूको शासनकालमा पञ्चासे क्षेत्रको इतिहास थाहा पाउन सकिएको छैन । उत्तरमध्यकालदेखि भने यो क्षेत्र चौबीसे राज्यहरूको अधीनस्थ क्षेत्र रहेको देखिन्छ । पञ्चासेको इतिहासलाई चौबीसे राज्यहरूको पालाबाट अध्ययन गर्दा नेपालको एकीकरणपूर्व बाईसे चौबीसे राज्यअन्तर्गत कास्कीकोट र सतौं राज्यबाट राम्जाकोट र हर्पनकोटमा रहेका चौबीसे राज्यका अस्थायी मुकामका साथै पञ्चासेमा बेलाबखत शिकार गर्ने, सन्धि-सम्झौता गर्ने, विश्राम गर्ने प्रमुख स्थलका रूपमा प्रयोग गर्ने गरेको र भग्नावशेषबाट पनि त्यहाँ दरबार बनाएर बसेको प्रतीत हुन्छ । यस विषयमा भदौरे-तामागी गाउँ विकास समितिका पूर्व प्रधानपञ्च स्व. मानकाजी गुरुङले पञ्चासेसम्बन्धी लेखेको हस्तलिखित पाण्डुलिपिको एक अंश यहाँ उद्धरण गरिएको छ :

> पञ्चासे डाँडाबाट चारैतिर विभिन्न शाखा उपशाखा डाँडाहरू फैलिएर गएका छन् । सर्वप्रथम माथि टाकुराबाट उत्तर-पूर्वतर्फको टाकुरामा सिद्धबराहको स्थान छ । सो सिद्धबराको स्थानबाट डाँडा होचिँदै गई हर्पनडाँडामा जो साँढेको जुरोजस्तो थुम्को देखिन्छ यो स्थल अघि कास्कीका राजाहरूको शिकार खेल्ने र गर्मी यामको मुकाम रहेछ । उक्त मुकामको रखवाली गर्ने एकजना ठुडुलो गुरुङ र एकजना मुडुलो बाहुन मिलेर अहिलेको हर्पन गाउँ त्यस वेला वनजङ्गलमा फागुन चैत्रको खडेरीमा डढेलो लगाई दिई कास्कीकोटमा राजाकहाँ गएर विन्ती चढाएछन् कि सरकार माथि लेकमा उब्जनी कम भई जीविका चलाउन गाह्रो भयो उ त्यो डढेलो लागेको ठाउँ (जग्गा) पाउँ भनेछन् । राजाले पनि आफ्नो सेवकहरूको आशय बुझेर ए लाटा हो भोलि तेरा दरसन्तानलाई त्यति जग्गाले पुग्दैन तिमी दुईले एक दिनमा घुम्न सक्ने क्षेत्र (जग्गा) तिमीहरूको भयो भनी हुकुम बक्सेछ । त्यसैले उक्त गोरुजुरे डाँडामा हर्पनकोट मौलो स्थापना गरी चर्ची आएका रहेछन् तर कुन राजाको पालामा र कुन साल मितिमा हो

भन्ने कुरो लेखोट प्रमाण पनि खोजिएको छैन ।[ढछ]

उपर्युक्त लेखोट तथा तत्कालीन बाईसे चौबीसे राज्यहरूको कुरा उल्लेख भएको र भग्नावशेष पनि रहेकाले मध्यकालीन समयसम्म पञ्चासे क्षेत्रको इतिहास प्रस्ट रूपमा अस्तित्वमा रहेको देखिन्छ ।

### २.२.४. पुरातात्विक अवशेषका आधारमा

पञ्चासेको मुख्य टाकुराको सबैभन्दा उच्च बिन्दुमा एक भवनको भग्नावशेष रहेको छ । स्थलगत अन्वेषणको क्रममा यसको बाहिरी पर्खालसहित यसको लम्बाइ १४ मिटर र चौडाइ ६.५ मिटर रहेको पाइएको छ । यसको लम्बाइ चौडाइ बनावट हेर्दा कोठैकोठा बनाएको र पर्खालले घेरिएको पनि हुनाले कुनै समय त्यहाँ राजाहरूको मुकाम वा अड्डा बनाएर किल्लाको रूपमा रहेको हुन सक्ने सहजै अनुमान गर्न सकिन्छ साथै पुराना ढुङ्गे छपनीले छाएका शिला खोपेर बनाइएका कुटीहरू, पुराना धर्मशालाका भग्नावशेषहरू हेर्दा र ढुङ्गा पत्थरमा खाल्डो बनाएर पानी आर्सिने बनाइएका ठाउँहरू हेर्दा पनि पञ्चासेको इतिहास एकीकरणपूर्वको १६ औं शताब्दीतिरको मध्यकालीन समयमा मानिसहरू बस्न शुरु गरेको शोधकर्ताको अनुमान रहेको छ । यसबाहेक अन्य पुरातात्विक लिखति प्रमाण प्राप्त हुन सकने ।

उपर्युक्त किसिमका धर्मग्रन्थका आधारमा, जनविश्वासका आधारमा, पुरातात्विक अवशेष तथा बाईसे राज्यमा पञ्चासेको अध्ययन गर्दा पौराणिक र महाकाव्यकालसम्मको चर्चा भए पनि यी तथ्यहरू जनश्रुतिमा मात्र आधारित रहेको र यी जनश्रुतिलाई पूर्ण रूपले विश्वास गर्न सक्ने अवस्था देखिएन । त्यसैले भरपर्दा तथ्य र त्यहाँ प्राप्त भौतिक अवशेषहरूलाई विश्लेषण गर्दा ई.पू. तेस्रो शताब्दीको महाकाव्यकाललाई पूरै मान्न नसकिएको तर १६ औं शताब्दीपछिको बाईसे चौबीसे राजाहरूका पालादेखि यस पञ्चासे क्षेत्रमा मानव बसोबास प्रारम्भ भइसकेको स्पष्ट हुन आएको छ ।

## २.३. पञ्चासे क्षेत्रको धार्मिक र सांस्कृतिक अवस्था

पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने कास्की, स्याङ्जा र पर्वत तीनवटै जिल्लाको सीमा क्षेत्रमा फैलिएको पञ्चासे क्षेत्र धार्मिक र सांस्कृतिक हिसाबले ज्यादै पृथक र विविधतायुक्त छ । पञ्चधाम पञ्चासेको मुख्य बिन्दु घना जङ्गलको बीचको अग्लो टाकुरामा भए पनि त्यस

[४५] मनकाजी गुरुङ, *तीन जिल्लाको संगम धुरी पञ्चासे डाँडा,* कास्की : (अप्रकाशित पाण्डुलिपि) ।

वरिपरिको मानववस्ती गाउँलेहरूको चालचलन, भेषभूषा, रीतिरिवाज, परम्परागत मूल्य र मान्यताहरू नै पञ्चासेको धार्मिक र सांस्कृतिक अवस्था हो जसलाई यसप्रकार बुँदागत रूपमा प्रष्ट्याइएको छ ।

### २.३.१. पञ्चासेसँग जोडिएका धार्मिक विश्वासहरू

पञ्चासे क्षेत्रमा बालाचतुर्दशीका दिनमा सत्‌विज छर्नाले आफ्ना दिवङ्गत पुर्खाहरूको उद्धार हुनुका साथै ठूलो पुण्य फल प्राप्त भई मनले चिताएको पुग्ने जनविश्वास रहिआएको छ । उक्त तिथिमा हरेक वर्ष पञ्चासे क्षेत्रको दर्शन गर्ने र सत्‌विज छर्ने श्रद्धालु भक्तजनहरूको ठूलो भीड लाग्छ ।

पौराणिक कालमा च्यवन ऋषिका पालादखिको तपस्यास्थलका रूपमा रहेको विश्वास गरिएको च्यवन सरोवर अर्थात् पञ्चासे तालको स्नान गरी पुण्य प्राप्त गर्न सकिने र जान-अन्जानमा हुन गएको पापबाट मुक्ति पाइने कुराको जनविश्वास रहेको छ ।

भगवान् शिवजी धेरै तपस्वी एवं भक्तहरूलाई वरदान दिनुका साथै देवताका पनि देवताका रूपमा दुनियाका आस्थाका केन्द्र रहेको र उनी स्वयंले सिद्धि प्राप्त गर्न तपस्या गर्न बसेको एक स्थलको रूपमा पञ्चासेलाई विश्वास गरिन्छ र त्यसै ठाउँमा रहेको मुख्य टाकुरा जो कडा चट्टानले लाम्चो गोलाकार सलक्क रूपमा ठाडो गरी अवस्थित छ त्यसलाई ज्योतिर्लिङ्गका रूपमा दर्शन एवं पूजा गरी शिरमा सिद्धबाबाको पूजा गरी जल तथा गाईको दूध चढाइन्छ ।

पञ्चासे क्षेत्रलाई पवित्र तीर्थस्थलका रूपमा मानेर वर्षेनी देशविदेशबाट तीर्थ गर्न हजारौं भक्तजनहरूको आगमन हुने गर्दछ । भारतमा चार धामहरू रहे तापनि पाँचौं धामका रूपमा पञ्चासे क्षेत्रलाई विशवास गरिएको हुँदा यसलाई नेपाल पञ्चधाम पञ्चासे पनि भन्ने गरिन्छ र २०५४ साल कार्तिक २७ गतेदेखि संस्थागत रूपमा नेपाल पञ्चधाम पञ्चासे नामले एक संस्था जन्म भई तीनै जिल्लाको जिल्ला प्रशासन कार्यालयमा दर्ता समेत भएको छ ।[४६]

मुख्य टाकुराको शिरभन्दा केही तलपट्टि देखिने सर्पका जस्ता चिन्हरूलाई वासुकी नागका स्वरूप हुन भनी पूजाआजा गर्नुका साथै दर्शन गरी नाग देवताको वासस्थानका रूपमा विश्वास गरिएको छ ।

---

४६ पौडेल, पूर्ववत्, पादटिप्पणी नं. १७ ।

तीर्थस्लका साथसाथै पञ्चासे एक पवित्र यज्ञस्थल पनि भएकाले त्यहाँ पटकपटक विभिन्न प्रकारका यज्ञयज्ञादि सम्पन्न हुँदै आएको छ। यसै क्रममा वि.सं. २०१८ सालमा १८ महिनासम्म १८ पुराण वाचन गराइएको र वि.सं. २०५५ सालमा स्व. योगी नरहरिनाथको सक्रियता र उपस्थितिमा नेपाल पञ्चधाम पञ्चासेको आयोजनामा विश्व शान्ति कोटिहोम महायज्ञ सम्पन्न भएको छ।

पञ्चासे क्षेत्र स्वयंमा तपोभूमि रहेको त्यहाँ बसेका तपस्वीहरूमध्ये एक काठे तपस्वीलाई कुनै वेला बाघले रात्रीमा सुरक्षाका लागि पहरा दिने गरेको पनि जनविश्वास रहेको छ।

पञ्चासे क्षेत्रमा पाञ्चायन देवताहरू (शिव, सूर्य, गणेश, देवी, विष्णु) को बास रहेको विश्वास गरिन्छ। सोही विश्वासका आधारमा पाञ्चायन देवताको मन्दिर स्थापना गरी पूजाआजा हुँदै आएको छ। राम-लक्ष्मण तीर्थयात्राका क्रममा मुक्तिनाथबाट फर्कंदा यहाँ बास बसेका र हवन कुण्ड बनाई हवन कार्य गरी यज्ञ सञ्चालन गरेको हुनाले पोखरीको आसपासमा उक्त हवनकुण्ड रहेको विश्वास गरिए तापनि हालसम्म पत्ता लाग्न सकेको छैन। यसका लागि थप खोज अनुसन्धान गर्नु आवश्यक छ।

तेत्तीस कोटि देवता र ८८,००० ऋषिमुनिहरूको तपोभूमि नेपाल राज्यको उत्तरी हिमाली खण्ड विशेष रूपमा देवीदेवताको बासस्थान मानिन्छ। तर पछिल्लो समयमा सगरमाथा, अन्नपूर्ण, धवलागिरी लगायत धेरैजसो शिखरहरूमा मानवीय पहुँच हुन गएका कारण प्रदूषण र अतिक्रमण बढेको हुँदा पञ्चासेको सामुन्ने र सबैभन्दा निकट रहेको माछापुच्छ्रे हिमाल जो आरोहणका दृष्टिकोणले सबैभन्दा विकट पनि छ त्यहाँ शिवजीको अहिले पनि बास रहेको विश्वास छ। त्यस कारण कुनै पनि अवस्थामा उक्त हिमालको आरोहण खुल्ला गर्न नहुने र राष्ट्रिय श्रीपेचको रूपमा स-सम्मान दर्शनार्थ राखिनु पर्ने तर्क ज्योतिषविद् नीरविक्रम पौडेलको रहेको छ।[४७] दर्शनका लागि समान उचाइ जस्तै लाग्ने नजिकको स्थल पञ्चासे रहेकाले उपयुक्त स्थल पञ्चासे नै हो भनिन्छ।

धामीझाँक्री लगायतका आध्यात्मिक शक्तिको प्रयोग र अभ्यासका क्रममा प्राप्त मन्त्रहरूले यस पञ्चासे क्षेत्रमा स्थित सिद्धबराह र ब्रह्म झाँक्रीको शक्तिको साथमा साधना गरिएमा सिद्धि प्राप्त भई वास्तविक दैविक शक्ति पाइने जनविश्वास रहेको छ। घना जङ्गलमा भैंसी हराएर खोजी गर्दा नपाएपछि सिद्धका थानमा फूलपाती, भेटी, धजा चढाएर

४७ पौडेल, पूर्ववत्, पादटिप्पणी नं. १७।

प्रार्थना गरेपछि सजिलै पाइने पनि विश्वास रहेको छ ।

२.३.२. धार्मिक मठमन्दिर तथा स्मारकहरू

धर्म एक आत्मिक, आन्तरिक र आध्यात्मिक सम्पत्ति हो । धर्मले मानव जातिलाई सत्मार्गको निर्देशन गर्दछ । ईश्वरको अस्तित्व पनि सार्वभौम नै छ । ईश्वर सर्वव्यापक रहने कुरा सबै धर्मले स्वीकारेका छन् तापनि निश्चित प्रक्रिया अपनाई निश्चित ठाउँमा पूजा आराधना, ध्यान, प्रार्थना गर्नाले मानव मनले भगवान्को सामीप्यता हासिल गरेको अनुभव गर्ने परम्परा रहेको छ । धर्मको अनुसरण र अभ्यास गर्ने क्रममा मन्दिरहरू, मूर्तिहरू, गुम्बा-स्तुपहरू, धर्मशाला, चर्च, मस्जिदप्रति मानिसहरूको आस्था एवं विश्वास रहँदै आएको छ । पञ्चासेमा पनि धेरै मठमन्दिरहरू, मूर्तिहरू, धर्मशाला, होमकुण्ड, स्तुप, गुम्बा तथा अन्य स्मारकहरू रहेका छन्, जसलाई बेग्लाबेग्लै यस प्रकार प्रस्तुत गरिएको छ :

**(क) तालबाराही मन्दिर**

पञ्चासेको मुख्य टाकुराबाट करिब आधा घण्टाको पैदल दूरीमा पश्चिमपट्टि केही होचो भागमा अवस्थित पञ्चासे तालको दक्षिण पूर्वी किनारमा अवस्थित मन्दिर तालबाराही मन्दिर हो । पञ्चासेको प्रमुख आकर्षक मध्येको एक पञ्चासे ताल र यहाँ अवस्थित तालबाराही मन्दिर २०५५ सालमा विभिन्न दाताहरूको सहयोग जुटाई सिद्धबराह युवा क्लब चित्रे पर्वतको सक्रियतामा स्थापित भएको कुरा त्यहाँ रहेको शिलालेखबाट देखिन्छ । यस मन्दिर तालकै किनारको जमिनको सतहदेखि ढुङ्गाको छपनी छापेर पेटी बनाई चार तहको पेटीपछि चौताराका रूपमा सम्म बनाइसकेपछि मन्दिरको जग बीचमा सुरु गरी बनाइएको छ । उक्त मन्दिरको दक्षिणपट्टि ढोका रहेको छ जुन ढोकाको चौकोस काठको र खापा टिनको बनाइएको छ । त्यसै गरी पूर्व र पश्चिमपट्टि एक एक वटा झ्याल रहेका छन् । मन्दिरको भित्री भाग २/२ मिटर लम्वाइ चौडाइको वर्गाकार रहेको छ । झ्यालमा काठका फलेक र चौकोस तथा फलामे रड प्रयोग गरिएको छ । मन्दिरको गाह्रो माटो र ढुङ्गाबाट बनाइएको छ । छाना ढुङ्गाले छाइएको छ । मन्दिर प्यागोडा शैलीमा निर्माण गरिएको र गजुर राखिएको छ । माथिल्लो तलामा चारैतिर एक एक वटा साना आँखी झ्याल राखिएको छ । मन्दिरको पूर्वपट्टि ढुङ्गाको पर्खाल लगाइएको र तीनतिर ताल किनाराले सुरक्षित राखिएको यस मन्दिरभित्र सिमेट, पत्थरबाट बनाइएका तालबराह, शिव पार्वती तथा गणेशका मूर्तिहरू रहेका छन् । शिवको मूर्तिमा रुद्राक्ष, त्रिशूल, सूर्य र पार्वतीको मूर्तिमा घुम्टो ओढाइएको छ ।

तालबाराहीको मूर्ति ४/४ हात, दुई पाउ, दुईवटा दाह्रा र दुई वटा ठाडा कानसहित पशुस्वरूपको टाउको रहेको अवस्थामा ७५ से.मी. उचाइको माला, ध्वजा, कपडा पहिराइएको अवस्थामा रहेको छ। शिव पार्वतीको मूर्ति करिब ५० सेमीको उचाइमा र गणेशको सानो मूर्ति रहेका छन्। मन्दिरभित्र त्रिशूल, डम्मरु, जलघडाहरू तथा ध्वजापतका र घण्टीहरू रहेका छन्। मन्दिर सँगसँगै तालको चारैतिर ढुङ्गाले छापेको २ मिटर फराकिलो बाटो करिब २५० मिटर रहेको छ।[४८] यस पञ्चासे तालको लम्बाइ ९० मिटर र चौडाइ ४० मिटर तथा गहिराई करिब १० मिटर अधिकतम रहेको छ।[४९] पञ्चासे तालको दक्षिणपूर्वी किनार र तालबाराही मन्दिरकै नजिकबाट पञ्चधाम पञ्चासेको मुख्य टाकुरातर्फ जाने ढुङ्गे सिढीको बाटो रहेको छ।

**(ख) पाञ्चायन मन्दिर**

पाञ्चायन मन्दिर पञ्चासेमा रहेको सिद्धबाबाको मन्दिरभन्दा दक्षिण-पश्चिमपट्टि अवस्थित छ। केही फराकिलो र पहारिलो डाँडामा रहेको यस मन्दिर मुख्य होम कुण्डबाट पूर्वपट्टि रहेको छ। जमिनको सतहबाट ७ मिटर चौडाइ र १३ मिटर लम्बाइको ढुङ्गाले छापेको चौताराको बीच भागमा ढुङ्गा र माटोको गाह्रो र ढुङ्गाको छानो भएको प्यागोडा शैलीमा निर्माण गरिएको यो मन्दिर दुईतले देखिन्छ।[५०] उपल्लो तलाको चारैतिर सानासाना काठका आँखीझ्याल रहेका छन्। मन्दिरको मुख्य ढोका २ मिटर अग्लो र १ मिटर चौडाइको छ। मन्दिरको तीनतिर उत्तर, दक्षिण र पश्चिमतिर एक एक ओटा झ्याल रहेका छन्। झ्यालहरू ९० सेमी चौडाइ र १.२० मिटर उचाइका रहेका छन्। फलेक र चौकोस काठका रहेका झ्यालमा फलामका रड प्रयोग गरिएको छ। मन्दिरको भित्र ३.७५ मिटर लम्बाइ चौडाइको वर्गाकार क्षेत्रफल रहेको छ। यस मन्दिरको आसनको बाहिरी पेटी सिमेन्टले बनाइएको छ भने टोकल काठको राखिएको छ। दुवै तलाको छानासँगै रातो कपडाको फल्स राखिएको छ। मन्दिर बाहिर एउटा ठूलो घण्ट राखिएको छ भने भित्र एवं बाहिर विभिन्न ठाउँमा घण्टीहरू राखिएका छन्।

मन्दिरभित्र बीच भागमा योग मुद्रामा बसेको अवस्थामा शिवजीको मूर्ति राखिएको छ। त्यस मूर्तिको ठीक सामुन्ने शिवलिङ्ग राखिएको छ। ध्वजापतका, त्रिशूल, रुद्राक्ष माला

---

४८ स्थलगत भ्रमण अवलोकनबाट प्राप्त जानकारी अनुसार।

४९ ऐजन।

५० ऐजन।

पहिराइएको अवस्थामा ८० सेमी अग्लो शिव मूर्ति रहेको छ भने चारैतिर कुनामा विष्णु, सूर्य, गणेश र देवीका मूर्तिहरू अर्ध घुम्टो ओढाइएको अवस्थामा रहेका छन् । आधा आधा मिटर उचाइका यी मूर्तिहरू पनि सबै सिमेन्ट पत्थर शिलाबाट बनाइएका छन् ।[छज्ञ]

**(ग) सिद्धबाबा मन्दिर**

पञ्चासेको टाकुराको उत्तर-पूर्वी भागमा रहेको मुख्य टाकुरामा अवस्थित मन्दिर नै सिद्धबाबाको मन्दिर हो । प्यागोडा शैलीमा निर्मित यो मन्दिर तलबाट चारैतिर ढुङ्गाले छापेर चौतारो जस्तो पेटी उठाउँदै माथि २६ मिटरको गोल परिधिको बीच भागमा यो मन्दिर बनाइएको छ । तीन तीन मिटर बाहिरी लम्बाई चौडाइ नाप रहेको मन्दिर केही चिनेपछि चार सुडमा एक एक वटा पिल्लरजस्तो जुल्के गाह्रो उठाएर बीचका भागहरू खुला राख्दै काठका कराँयहरू ठोकेर गोलाकार रूपमा ढुङ्गे छाना हाली शिरमा शिला एवं धातुको गजुर राखेर बनाइएको छ । ३ मिटरको उचाइ रहेको यस मन्दिरभित्र पर्वत तिलाहार निवासी ज्ञानेन्द्र महतद्वारा प्रदान गरिएको पत्थर शिला निर्मित शिवलिङ्ग स्थापना गरिएको छ । सिमेन्टको ३ तहको पेटी बनाउँदै सर्पको आकृतिबाट वेष्ठित चतुर्मुखी शिवलिङ्ग रुद्राक्ष मालाले बेरिएको अवस्थामा राखिएको छ । मन्दिरको बाहिरपट्टि वरिपरि १०० वटा दियो बाल्ने पालाहरू बनाइएको छ । मन्दिरको दक्षिणपट्टि हनुमानको सानो मूर्ति पीताम्बर ओढाइएको अवस्थामा राखिएको छ । उक्त हनुमानको मूर्ति शिवलिङ्गतर्फ फर्काइएको छ । यसै मन्दिरको उत्तर-पूर्वी परिसरमा विशाल खस्रुको रुख छ । त्यस रुखमा ढुङ्गाको मौलो ठड्याइनुका साथै करिब ५०० घण्टीहरू राखिएको छ । ध्वजापतकाले रुख भरिएको छ । यो रुख र त्यसको आडमा ठड्याइएका ढुङ्गाहरू नै शिद्धबाबालाई पूजा गर्ने परम्परागत स्थल हो । त्यस रुख वरिपरि दर्जनौं साना-ठूला त्रिशूलहरू रहेका छन् । त्यसै रुख नजिकै मीनबहादुर गुरुङ तथा डाँफे कला मन्दिर पोखराले प्रदान गरेको विशाल घण्ट पनि रहेको छ ।

**(घ) बौद्ध स्तूप, छ्योरतेन तथा बुद्ध मूर्ति**

पञ्चासेको वरिपरि बसोबास गर्ने मानिसहरूमध्ये गुरुङ जातिको पनि बहुलता रहेको हुँदा बौद्ध धर्म अन्तर्गत लामा बौद्ध धर्म संस्कृतिको प्रभाव पनि यस पञ्चासे क्षेत्रमा पर्नु स्वाभाविकै हो । पौराणिक र महाकाव्यकालदेखि नै बौद्धमार्गीहरूको पनि यस क्षेत्रमा सम्पर्क र निकटता रहेको विश्वास गरिन्छ तापनि बाईसी चौबीसी राजाहरूको राज्यकाल अर्थात १६

---

५१ ऐजन ।

औं शताब्दीपछि भने यहाँ बौद्धधर्मको (विशेष गरी लामाबौद्ध धर्मको) प्रस्ट प्रभाव देखिन्छ। त्यसैले बौद्ध लामा धर्म परम्पराको जगेर्ना गर्न र पञ्चासे क्षेत्रमा यसको अस्तित्वको पुनरुत्थान गर्न आर्थर, पर्वत निवासी निरज गुरुङ र सरस्वती गुरुङ तथा परिवारले स्व. पिता माता शिवशरण गुरुङ र रामकुमारी गुरुङको स्मृतिमा २०६५ मंसिर २७ गते निर्माण सम्पन्न गराएको एक छ्योरतेन पनि यहाँ रहेको छ। आकर्षक एवं सफा अवस्थामा रहेको यस छ्योरतेनको शिरमा कमलको फूलमाथि पद्मासनको ध्यान मुद्रामा उत्तर फर्केर बसेको पहेंलो बुद्ध मूर्ति बनाइएको छ। यो खुला र खादा ओढाइएको अवस्थामा छ। यो स्मारक ६.५ मिटर लम्बाइ र ६ मिटर चौडाइको ढुङ्गे छपनीको आकर्षक चौतारो बनाई बीचमा मार्बलको पेटी बनाउँदै बनाइएको छ। मार्बल पेटी सहित २.५ मिटर उचाइको छ्योरतेन र बुद्धको मूर्ति कमल फूलसहित ६६ से.मी. को उचाइको रहेको छ।[५२]

यसैसँग अर्को स्तूप आकृतिको एक स्मारक पनि रहेको छ। दुवै स्तूप तथा छ्योरतेन एउटै कम्पाउण्ड भित्रको २५ मिटर परिधिभित्र अवस्थित छन्। दोस्रो वा स्तूप चाहिँ सूरबाट ४ पेटी सिढी घटाउँदै लगेर डल्लो मोटो भाग आधा मिटर बनाई पुनः पेटी घटाउँदै स्तूप शैलीमा निर्माण गरिएको छ। यसको आसनको लम्बाइ चौडाइ ३/३ मिटरको वर्गाकार रहेको छ। शिरमा चन्द्राकार रूप देखाइएको छ। जमिनबाट ८.५ मिटर उचाइसम्म पुऱ्याइएका यी स्मारकहरूलाई फलामे घेरावाल बार लगाएर सुरक्षित बनाइएको छ भने परिसरमा अति राम्रो ढुङ्गे छपनी ओछ्याएर सफा पारिएको छ। गुरुङ लामा परम्पराअनुसार तयार गरिएका ध्वजापतका सहितका तोरण छपक्कै टाँगिएको छ।

**(ङ) हवन कुण्ड**

हिन्दू धर्म संस्कृतिमा विभिन्न यज्ञहरू गरी हवन कार्य पनि सँगसँगै गर्ने प्रचलन भएकाले पञ्चासे क्षेत्रमा पनि ठाउँठाउँमा हवन कुण्डहरू देखिन्छन्। तिनीहरूमध्ये पाञ्चायन मन्दिरभन्दा पश्चिमपट्टि ८ मिटर लम्बाइ र ७ मिटर चौडाइको ढुङ्गाले चिनेर छपनी छापेर बनाइएको चौतारो जस्तो स्थानका बीचमा डेढ मिटर लम्बाइ, डेड मिटर चौडा र उचाइ पनि डेढ मिटरकै आकारको हवन कुण्ड रहेको छ। त्यसलाई काठका खम्बा र सत्तरी करायँ प्रयोग गरी टिनले छाइएको अवस्थामा रहेको छ। खुल्ला रूपमा एक डेड सय व्यक्तिहरू सजिलै बसेर पाठ गर्न, हवन गर्न सकिने फराकिलो ठाउँ बनाइएको छ। छाना र काठ जीर्ण भई तत्कालै पुनर्निर्माण गरिनुपर्ने अवस्थामा रहेको छ।

---

५२ ऐजन।

यसका अलवा अन्यत्र पनि यस्तै धेरै हवन कुण्डहरू रहेको मानिएका छन् तर कतिपय पुरिएर भग्नावशेष रूपमा मात्र छन् । त्यस्तै एउटा हवन कुण्ड पञ्चासेतालभन्दा उत्तरपट्टि सुख्खा तालको पनि उत्तर-पूर्वी भागमा रहेको छ। त्यसै गरी भगवान् रामको आगमन हुँदा हवन गरिएको कुण्ड पनि यसै तालको आसपास रहेको अनुमान गरिएको छ तर हालसम्म पत्ता लगाउन सकिएको छैन ।

**(च) शिला गुफा**

पञ्चासेको पाञ्चायन मन्दिरकै नजिक रहेको ३ मिटर लम्बाइ, १.५ मिटर चौडा तथा २ मिटर उचाइको ढुङ्गा खोपेर गुफा बनाइएको छ। त्यस शिला गुफाको भित्री भाग २ मिटर लम्बाइ, १ मिटर चौडाइ र १ मिटर उचाइ रहेको र एक जना ठूलै मानिस खुलासँग सुत्न र बसेर ध्यान गर्न सकिने ठाउँ रहेको छ।[छघ] महाप्रभु गंगाधर पनेरु र पछि अन्य तपस्वीहरू पनि त्यसै शिला गुफामा ध्यान बस्थे भन्ने विश्वास गरिन्छ। यस शिलाको पूर्व, पश्चिम र उत्तर तीनतिर एक एक प्वाल बनाएर झ्यालजस्तो बनाइएको छ भने दक्षिणतर्फ खुला ढोका रहेको छ। ढुङ्गाको बाहिर माथिपट्टि ढुङ्गाका छपनी मिलाएर छाएको अवस्थामा राखेर कुटीको रूप दिइएको छ। यसै गुफाभित्र २ मिटर लम्बाईको सिमेन्टको एक मानव प्रतिमा सुतेको अवस्थामा बनाइएको छ। पूर्व शिर गरी सुतेको यस प्रतिमाको बायाँ हात भुइँमा राखिएको छ भने दायाँ हात पेटमाथि राखिएको छ। मूर्तिको शिर भागमा त्रिशूल, दियो राखिएको छ।[छद्ध]

**(छ) धर्मशाला**

पञ्चासे ऐतिहासिक तथा पर्यटकीय स्थल मात्र नभई प्रमुख तीर्थस्थल पनि रहेको हुनाले वर्षेनी हजारौं तीर्थालु भक्तजनहरू पञ्चासे आउने गर्दछन्। विशेष गरी बालाचतुर्दशीका दिन सत्बीज छर्न र सिद्धबाबाको दर्शन एवं पञ्चासे ताल अर्थात् च्यवन सरोवरको स्नान गरी पवित्र हुन मानिसहरू देशविदेशबाट आउने गर्दछन्। यहाँ वृद्धवृद्धाहरूसमेत १-२ दिन अगाडिदेखि आउने हुनाले बास बस्नका लागि पञ्चासे मार्गका विभिन्न ठाउँमा पनि धर्मशालाहरू रहेका छन् भने पञ्चासे पुगिसकेपछि पञ्चासे तालको उत्तरपट्टि टिनको छाना सहित कोठाकोठा बनाइएको धर्मशाला छ। नजिकै शौचालयको पनि व्यवस्था गरिएको छ। त्यसै गरी तालको दक्षिणपट्टि पनि अर्को धर्मशाला र शौचालयको

---

५३ ऐजन ।

५४ ऐजन ।

व्यवस्था छ । पञ्चासेको मुख्य टाकुरामा पुगिसकेपछि पाञ्चायन देवताको मन्दिरको नजिक पूर्वपट्टि आधुनिक किसिमले कोठैकोठा बनाएर टिनको छाना हाली बनाइएको फराकिलो खुला र आकर्षक छपनी छापेको आँगनसहितको धर्मशाला रहेको छ जहाँ पञ्चासेको कुनै पनि औपचारिक कार्यक्रम, राखनधरन र सभा समारोह, गोष्ठी पनि यही स्थलमा हुने गर्छ । यहाँ पानी सङ्कलनका लागि ट्याङ्कीहरूको व्यवस्था पनि गरिएको छ। यसैको अगाडि दक्षिणपट्टि तल्लो भागमा ठूलै खालको दुई तले आवासगृह पनि निर्माणाधीन अवस्थामा रहेको छ ।

**(ज) महाप्रभु गंगाधर पनेरुको समाधिस्थल**

पञ्चासे प्राकृतिक रूपमा सुन्दर, धार्मिक रूपमा पवित्र र यौगिक रूपमा उत्तम साधनास्थल रहेको हुँदा स्याङ्जा सेतीदोभान गा.वि.स. वडा नं. ५ सानीबगारे निवासी गंगाधर पनेरु आफ्नो गृहस्थाश्रम परित्याग गरी पञ्चासेमा करिब २० वर्ष ध्यान, योग र तपस्यामा साधनारत रहेका थिए । शुरुमा आफू ध्यान र योगमा एकान्त स्थलमा रहने इच्छा भएकाले बस्ने कुटी, धुनी पूजापाठ गर्न मन्दिर गौशाला एवं धर्मशाला बनाउन दाजुभाइ तथा निकटवर्ती समुदायका व्यक्तिहरूले सहयोग पुऱ्याएका थिए ।[५५]

२० वर्षको तपोमय जीवन पञ्चासेमा व्यतीत गरेपछि आफ्नो मृत्युको ३ दिन अगाडि आफूलाई भगवान् कृष्णले बोलाएका छन् भनी मृत्युको घोषणा गरेका थिए । त्यसपछि दाजुभाइ र शुभचिन्तकहरू उक्त दिन सजग रूपमा रहेका थिए । तोकिएकै मितिमा महाप्रभु पद्मासनमा ध्यानमग्न रहँदारहँदै परमधाम भए र उनकै आग्रह बमोजिम उनी बस्ने शिला गुफाको अगाडि रहेको २ मिटर उचाइ र १ मिटर चौडाइको चुच्चे ढुङ्गाको आडमा पूर्वपट्टि उनलाई यथास्थितिको पद्मासनमा नै समाधि गरिएको थियो । सोही स्थानमा उनकै भाइका छोराहरू र उनका सन्तानबाट एक शिलालेख तयार गरी महाप्रभुको छोटकरी विवरण राखिएको छ जसको केही अंश यसप्रकार छ :

ॐ श्री परमात्मने नमः

पंचासे 'प्रभु' श्री गंगाधर पनेरुबारे

संक्षिप्त जानकारी शिलालेख पत्र

नामः श्री गंगाधर पनेरु

ठेगाना : सेतीदोभान-५, सानीबगर, स्याङ्जा

---

५५ *प्रसिद्ध पञ्चासे* (मासिक खबर पत्रिका), वर्ष २, अंक २, २०६८, पृ. ८ ।

जन्म : वि.सं. १९१२ साल

मृत्यु : वि.सं. १९९२ वैशाख (पञ्चासे)

पञ्चासेमा तपस्या : २० वर्ष (वि.सं. १९७२-१९९२)[छट]

नोट : यो शिलालेख रहेको ठाउँ 'प्रभु' गंगाधर पनेरुको समाधिस्थल हो ।

यस लेखभन्दा तल पनेरु सन्ततिहरूको नामावली छ जसले यस शिलालेख लेखाएका थिए ।

उपर्युक्त धार्मिक स्मारकहरूका साथसाथै पाञ्चायन मन्दिरदेखि पश्चिमपट्टिको मुख्य टाकुरामा पञ्चकोशी समाज, आर्थर डाँडाखर्क, पोखरा सम्पर्क समाजद्वारा २०५७ सालमा गुरुङ हिल टावरको निर्माण गरिएको छ। फराकिलो किसिमले जमिनको सतह सम्म गरी चारैतिर ढुङ्गाको गाह्रो उठाई वरिपरि छपनी मारेर बीच भागमा पूरै दुबो पलाउन सक्ने ठाउँ राखी बीचमा रहेको भग्नावशेषलाई सुरक्षित राख्दै शिलालेख राखिएको छ। यहाँबाट खुल्ला रूपमा दक्षिणतिरका गाउँबेंसी, बस्ती र ग्रामीण मोटरबाटाका रूपरेखाहरू र उत्तर हिमाली शृङ्खला अत्यन्तै मनमोहक देखिन्छ। त्यसै गरी यस स्थानभन्दा पूर्व विश्वशान्ति स्तम्भ पनि गाडिएको छ ।

सिद्धबाबाको मन्दिर र पाञ्चायन मन्दिरको बीचको थुम्कोमा आधुनिक किसिमले सिमेन्ट छतको ढलान गरी पक्की टावर निर्माण गरिएको छ। त्यहाँबाट चारैतिरको दृश्य प्रस्ट देख्न सकिन्छ। यसै टावरको भुइँतलामा दुई जना रसियन नागरिक एक पुरुष अमर र एक महिला वसन्ती एक डेढ वर्षदेखि योगीका रूपमा खाली खुट्टा हिँड्ने, नाङ्गै बस्ने, ध्यान गर्ने, जडिबुटी र सादा खानाको सेवन गर्ने तथा प्रकृति र जङ्गली जनावरसँग निकट रहने गरी प्राकृतिक जीवनशैलीको योगमय जीवनको आनन्द लिँदै आएका छन्। घर सोध्दा सम्पूर्ण पृथ्वी हाम्रो घर, जन्मेको रसियामा, आफन्त सोध्दा सम्पूर्ण चराचर जगतका प्राणी र वनस्पति आफन्त हुन् भन्ने जवाफ दिने यिनीहरू पुरुष कलाकार र महिला चाहिँ पत्रकार रहेको बताउँछन्। यिनीहरूमा वेद नै सबै धर्मको जननी र मार्गदर्शक हो भन्ने विश्वास छ।

### २.३.४. तपस्वीहरू र तपस्या

शिवजीले स्वयं तपस्या गरी सिद्धि प्राप्त गरेको स्थलका रूपमा विश्वास गरिएको पञ्चासे क्षेत्रमा च्यवन ऋषिले पनि लामो समयसम्म तपस्या गरेका थिए। उनी ध्यानमा

---

५६ स्थलगत भ्रमण अवलोकनबाट प्राप्त जानकारी अनुसार ।

बस्दा शरीरमा भ्याउ उम्रेर चिन्न नसकिने खालको अवस्थामा आएको कुरा श्रीमददेवीभागवत महापुराणको सप्तम स्कन्दको द्वितीय भागमा उल्लेख गरिएको छ ।[छठ] हाम्रो देश सुन्दर प्राकृतिक वरदान मात्र नभई चार जात छत्तीस वर्णका सम्पूर्ण नेपालीले सिँगारेको मुटुको ढुकढुकी पनि हो । यसै कारणले बेलाबखत ठाउँठाउँमा ऋषि एवं तपस्वीहरूको आगमन हुने क्रमसँगै रामायण, महाभारतमा उल्लेख भएअनुरूप राम, लक्ष्मण, राजा दशरथ, अन्धाअन्धी तथा तिनका छोरा श्रवणकुमार, पाँच पाण्डवहरूसमेत वनविहार गर्न वा ध्यान तपस्या विश्राम जे गर्न भए पनि यस पञ्चासे क्षेत्रमा आएको बारेमा जनविश्वास रहेको छ ।[छड] यसै क्रममा वि.सं. १९६७ मा महाप्रभु गंगाधर पनेरुले पहिलोपटक पञ्चासेको अन्वेषण गरी शक्तिशाली ज्योतिर्लिङ्गका रूपमा पञ्चासेको मुख्य टाकुरा रहेको बताउँदै शिवले सिद्धि प्राप्त गरेको स्थल हो भनी बताएका थिए । स्याङ्जा सेतीदोभान छाडेर वैराग्यता उत्पन्न भई विभिन्न ठाउँहरू हुँदै उनी पञ्चासेमा ध्यान मग्न हुने, जपतप, होम गर्ने, धर्मशाला र कुटी बनाउने गर्दै मकैको भात वा गहुँको रोटी एक छाक मात्र खाने गर्दथे । लटा, जटाधारी, काठको लगौंटी लगाउने, प्रायः नाङ्गै रहने गर्दथे । उनलाई रात्रीमा बाघले पहरा दिने गर्दथ्यो भन्ने विश्वास गरिन्छ ।[छढ] उनले पञ्चासेमा अखण्ड धुनी लगाउनुका साथै अखण्ड दीप प्रज्ज्वलन गर्दथे । यज्ञ, सप्ताहबाट ल्याएको घिउ, अन्न हवन गर्दथे साथै उनले खरानीले नुहाउने गर्दथे ।

उनले आफूले मन परेका मानिसलाई कृष्ण भनेर बोलाउने गर्दथे । घिउका ठूला टिनहरू पनि हवन गरेर सिध्याउने गर्दथे । करिब २० वर्षको तपस्यारत जीवनमा पञ्चासे क्षेत्रको संरक्षण र विकासमा बाटोघाटो बनाउने, पाटीपौवा निर्माण गर्ने, विश्रामस्थल बनाउने, यज्ञशाला, हवन कुण्ड, मन्दिर, मूर्ति बनाउने जस्ता महत्त्वपूर्ण कामहरू गरेका थिए । अन्तिम अवस्थामा ३ दिन अगाडि आफ्नो मृत्युको घोषणा गर्दै पद्मासनमा देहत्याग गरेका र उनकै आग्रहअनुसार बसोबास नजिक हाल भग्नावशेष (शिलालेख) रहेकै अगाडि सोही आसनमा समाधि गरिएको थियो ।

महाप्रभुको अवसानपछि उनका चेला चोसे भन्ने पौडेल थर भएका वाङ्सिङ गा.वि.स. वडा नं. ८ सिरयाखोरका तपस्वीले केही समय अखण्ड धुनी र दीपको जगेर्ना गर्ने

---

५७ गौतम, पूर्ववत्, पादटिप्पणी नं. १३, पृ. ३४ ।

५८ पौडेल, पूर्ववत्, पादटिप्पणी नं. १७ ।

५९ *प्रसिद्ध पञ्चासे* (मासिक खबर पत्रिका), वर्ष २, अंक २, २०६८, पृ. ८ ।

काम गरे । पछि धुनीमा उनका औंलाहरू मात्र भेटिएकाले अग्निमा घिउ खन्याएर आत्मदाह गरेका हुनसक्ने वा अग्निमा घिउ पोखिएर जलेको हुन सक्ने आशङ्का गरिएको छ ।[टण]

त्यसै गरी शिलागुफामा बस्ने, हवन कार्य गर्ने आध्यात्मिक कार्यमा संलग्न शरादीखोला निवासी रविलाल पनि त्यही अग्निकुण्डमा प्राण विसर्जन गरी जलेर मरेका थिए । यसै गरी कास्कीकोट रातामाटा घर भएका भवानीशंकर तिमिल्सिनाले पञ्चासेमा केही समय तपोमय जीवन बिताएका थिए । उनी कैलो कैलो निकै लामो कपालका जटा भएका शिरमा फनक्क बेरेर ठूलो केश मुकुट बनाएका, छातीसम्म झरेका लामा दाह्रीजुँगा, कुशको यज्ञोपवित (जनै) धारण गरेका, काठको ठोक्रो लगौंटीका रूपमा लगाउने, शरीर प्रायः नाङ्गै रहने, कहिलेकाहीँ नरिवलको जटा वा जुटको वस्त्र लगाउने, चामलबाहेक गहुँ, जौ, आलु, मकै, फलफूल, दूध दही, घिउ, तरुल, गिठाभ्याकुर, सख्खर आदि खाने, खुट्टाको बूढीऔंला बाङ्गो भएका ठूलो र अग्लो कद भएका बालब्रह्मचारीका रूपमा रहेका थिए । उनी पछि सिद्ध बराहको पूजा आराधना गर्दै माझथुम (ठूलाखेत) सरेका थिए र पछि देवघाटमा २०२२ सालमा ब्रह्मलीन भएका थिए ।[टज्ञ]

यसै गरी टीकाराम अधिकारी भन्ने व्यक्ति २०१९/२० सालतिर पञ्चासेमा जोगीका रूपमा बसेका थिए तर पछि पुनः विवाह गरी गृहस्थ आश्रममा फर्केका थिए । पहिले पहिले त्यस्ता तपस्वीहरू तपस्यारत रहँदा केही चेला तथा भक्तिनीहरू पनि बस्ने गरेका थिए तर पछिल्लो समयमा त्यस्ता तपस्वीहरू बस्न छाडेकाले भक्तिनीहरू र अन्य चेलाहरू पनि विस्थापित हुँदै गए । उनीहरू प्रायःजसो देवघाटतर्फ लागेको पाइन्छ ।

केही विदेशीहरू पञ्चासेको इतिहास, शक्ति र ध्यान केन्द्रको रूपमा बुझेर तपस्या बस्ने नक्कल गर्दै छन् । क्यानडियन नागरिक गेरी केही वर्ष अगाडिदेखि पञ्चासेको धार्मिक र आध्यात्मिक रसास्वादन गर्दै सम्पर्कमा रही रहेका छन् । त्यसै गरी दुई जना रसियन नागरिक पनि स्वर्गीय आनन्दको प्रतिक्रिया दिँदै टावरको भुइँतलमा धुनी जगाएर ध्यान बसिरहन्छन् । खाली खुट्टा हिँड्न रुचाउने उनीहरू रसियामा पत्रकार र कलाकार रहेका थिए । उनीहरू त्यहाँ बस्दा प्रकृति र भगवान्सँग नजिक रहेको कुरा बसन्ती (महिला) बताउँछिन् ।

तपस्वीहरूकै क्रममा कास्की ढिकुरपोखरी गाविस वडा नं. ८ मासथोक निवासी अबाल ब्रह्माचारी पशुपति उपाध्याय (सच्चिदानन्द) सोही गाविसमा पर्ने मन्खु तल

---

६० जीवनाथ शर्मासँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

६१ भण्डारी, पूर्ववत्, पादटिप्पणी नं. ११ ।

झौरीखेत चौतारी रहेको ठाउँमा आँपको वृक्षमुनि केही समय ध्यान योगमा रहँदा बेलाबखत पञ्चासे महाप्रभुसँग भेटघाट गर्ने र सिद्धबाबाको दर्शन गर्ने गरेको तथ्य तीर्थराज पौडेलबाट प्राप्त जानकारीबाट थाहा भएको छ । पशुपति उपाध्याय पछि बद्रीनाथ गएका र त्यहाँ कुनै दिव्य पुरुषसँग भेट भएको, उनकै सल्लाह पाएर पुनः फर्केको पाइन्छ । नेपाल फर्किसकेपछि विभिन्न ठाउँको भ्रमण गर्दा स्वर्गद्वारी महाप्रभुको सम्पर्कमा रहेर उहाँलाई गुरु बनाउनुभएको तथा स्वर्गद्वारी महाप्रभुबाट रु. ६० नगद र आशीर्वाद प्राप्त गरी जन्मथलोमा कुटी बनाउन प्रेरणा पाएका थिए । उनलाई २०६८ सालमा सनातन धर्म सेवा समितिबाट मरणोपरान्त 'सनातन रत्न' पदकले सम्मानित पनि गरिएको छ ।[६२]

अहिले पञ्चासेमा खास तपस्वीहरू नभएको कारण भक्त, भक्तिनीहरू पनि अन्यत्र गए भने कोही वृद्ध भई परमगति प्राप्त गरे तापनि वरिपरिका गाउँलेहरूले ब्रह्म झाँक्री, रीठा झाँक्री, जल झाँक्री, सिमे झाँक्री, भयर, भूमे, ऐरिशिकारी, देवीदेउराली, बराह, नाग आदि देवीदेवताहरूको पूजा आराधना र विशेष रूपमा सिद्ध बाबाको पूजा उपासना, भाकल गर्ने गरेका छन् ।

### २.३.५. जात्रा एवं पर्वहरू

प्रत्येक वर्ष बालाचतुर्दशीका दिनमा पञ्चासेमा ठूलो मेला लाग्दछ । त्यस अवसरमा सत्‌वीज छर्न तथा च्यवन सरोवरको स्नान गरी पुण्य आर्जन गर्नुका साथै सिद्धबाबाको दर्शन एवं पूजा गर्न स्वदेश तथा विदेशका हजारौं भक्तजनहरू त्यहा जाने गर्दछन् । बुद्धजयन्ती र फागुपूर्णिमामा समेत पहिले पहिले मेला लाग्दथ्यो ।[६३] साथै त्यहाँको मनोरम दृश्य अवलोकन गरी आनन्द लिनका लागि पनि त्यहाँ जाने गर्दछन् । त्यसै गरी ठूली एकादशीका दिनमा बाजागाजा एवं भजनकीर्तनका साथ फूल तार्नका लागि भक्तजनहरू त्यहाँ रहेको च्यवन सरोवरमा जाने गर्दछन् । स्वस्थानी व्रत समाप्तिका अवसरमा माघ शुक्लपूर्णिमाका दिनमा पनि फूलपाती विसर्जन गर्न त्यहाँ जाने गर्दछन् ।

बहुधार्मिक, बहुभाषिक, बहुजातीय तथा बहुसांस्कृतिक नेपाली समाज युगौंदेखि विविधताले भरिएको छ। पञ्चासे क्षेत्रमा बसोबास गर्ने नेपालीहरू पनि विभिन्न जातजातिका आ-आफ्नै परम्परागत सांस्कृतिक चालचलन र रीतिरिवाजका साथ बाँचिरहेका

---

[६२] तीर्थराज पौडेलसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

[६३] पञ्चासे मासिक खबर पत्रिका, पोखराः वर्ष २४, अंक २, २०६७ मंसिर, पृ. १ ।

छन् । ब्राह्मण, क्षत्री, गुरुङ, मगर, ठकुरी, नेवार, कामी, दमाई, सार्की आदि जातिहरूको बसोबास रहेको यस क्षेत्रमा गुरुङ जातिको बसोबास पञ्चासे निकटवर्ती गाउँहरूमा बढी रहेको छ । उनीहरूको भेषभूषा, रहनसहन, रोधी, सोरठी, ठाडोभाका विशेष सुपरिचित छन् । ब्राह्मण, क्षत्री तथा अन्य जातिहरूको पनि आ-आफ्नै किसिमको फरक-फरक सांस्कृतिक परम्परा पनि रहेको छ । संस्कृतिको भण्डार एवं धार्मिक सहिष्णुताको प्रतीकका रूपमा पञ्चासेलाई लिन सकिन्छ ।

यहाँका गुम्बा, मठमन्दिर, देवल, चैत्य, पाटीपौवा, समाजघर, चौतारा, पोखरीहरूले ज्यादै ठूलो सांस्कृतिक महत्त्व बोकेको छ । बडादशैं तथा चैत्राष्टमी पर्वका अवसरमा देवी माता दुर्गा भवानीको पूजा गर्नुका साथै प्रत्येक घरघरमा दशैंको टीका र जमरा लगाएर ठूलाले सानालाई आशीर्वाद दिने चलन छ । तिहारमा दाजुभाइ तथा दिदीबहिनीहरूबीच टीका, माला लगाई आपसी सम्बन्ध घनिष्ट बनाउने, दक्षिणा भेटी दिने र मिठामिठा परिकार खाने चलन छ । तिहारको अवसरमा नै तीन दिनसम्म रमाइलो गरी देउसीभैलो खेल्ने चलन छ । देउसी भैलोमा बालकदेखि वृद्धसम्म महिला र पुरुष सबै समावेश हुन सक्दछन् ।

गुरुङ जातिमा ल्होसार पर्व नववर्षका रूपमा मनाइने हुनाले धुमधामका साथ विभिन्न खेलकुद एवं सांस्कृतिक कार्यक्रम तथा प्रतियोगिताहरूको आयोजना गरी मनाइन्छ ।

त्यसै गरी तीजका अवसरमा विभिन्न खेलकुद एवं लोकसांस्कृतिक प्रतियोगिताहरू हुनुका साथै ब्राह्मण, क्षत्री समाजबाट नाचगान, उपवास, ऋषि पञ्चमी पूजा, हरितालिका व्रत लगायतका कार्यक्रमहरू हुन्छन् । बौद्ध लामाहरूबाट झण्डाहरू फहराउनुका साथै विभिन्न धार्मिक गतिविधिहरू भइरहन्छन् । गुरुङहरूबाट प्रत्येक वर्षको चैत्र महिना र श्रावण महिनाको अन्तिम मंगलबार गाउँबस्तीबाट भूतप्रेत अर्थात खराब दुष्कर्महरूलाई लखेट्ने जनविश्वासका साथ ट्होंटे पर्व मनाउने प्रचलन छ । सो अवसरमा युवाहरूको सक्रिय समूह मिली भकिम्लोको काठका हतियारका साथ जंगली झारपातको सजावटबाट झाँकीहरू समेत निर्माण गरी अनौठो पाराले झ्याली बजाउँदै प्रत्येक घरघरमा गएर सम्पन्न गरिने यस पर्व पछिल्ला दिनहरूमा अलि शिथिलता आएको देखिन्छ । यसरी नै गुरुङहरूको मृत आत्मलाई स्वर्गमा तार्ने पितृकार्यका रूपमा उनीहरूका नाममा गरिने अर्घौं कार्य तीन दिनसम्म असाध्यै धुमधामका साथ झाँकी तथा घ्याप्रीको धार्मिक क्रियाकलापहरू सहितको नाच गर्दै सम्पन्न गरिन्छ । यो अवसरमा गरिएको क्रियाकलाप असाध्यै अनौठा र भिन्न प्रकृतिका संस्कार भएकाले महत्त्वपूर्ण छन् । त्यसै गरी सबै जातजातिका जन्मदेखि

मृत्युपर्यन्त अपनाइने धार्मिक र सांस्कृतिक क्रियाकलापहरू नेपाली सांस्कृतिक अनुपम नमूनाका रूपमा पञ्चासे क्षेत्र वरपरका बस्तीहरूमा विद्यमान रहेकाले यसको महत्त्व यस पञ्चासेमा मात्र नभई राष्ट्रिय र अन्तर्राष्ट्रिय जगत्मा पनि महत्त्वपूर्ण छ । जसरी सांस्कृतिक विविधता छ, त्यसै गरी जातिअनुसार पोशाक, खानपान, रहनसहन, बोलीचाली लगायत स्वागत सत्कारका कार्यक्रमहरू पनि भिन्न भिन्न रहेका छन् ।

स्थानीय युवा क्लबहरू जस्तै भदौरे क्लब, भदौरे; पञ्चकोशी युवा क्लब, आर्थर; सिधाने युवा क्लब, सिधाने; सिद्धबराह युवा क्लब, चित्रे र वरपरका आमा समूहहरू एवं व्यक्ति विशेषको सक्रियतामा समेत सांस्कृतिक कार्यक्रमहरू जस्तै नाचगान, खेलकुद प्रतियोगिता आयोजना गर्ने र परम्परागत विशेषताहरू झल्काउँदै सम्पन्न गर्ने गर्दछन् । पञ्चासेलाई इष्ट देवताका रूपमा अगाध आस्था र विश्वास राख्ने यस परिपरिका जनताको जीविकोपार्जनको माध्यम बनाउने बहुजाति, बहुसांस्कृतिक परम्परा नै हो ।[टद्ध]

समग्रमा पञ्चासे क्षेत्र जात्रा एवं पर्वहरू मनाउनमा निकै तल्लीन र सांस्कृतिक संरक्षण र जगेर्ना गर्नमा योगदान दिनसक्ने क्षेत्रका रूपमा रहेको प्रस्ट रूपमा देखिन्छ ।

---

[६४] पञ्चासे विशेषाङ्क, पूर्ववत, पृ. १७ ।

परिच्छेद : दुई

# पञ्चासे क्षेत्रको ऐतिहासिक र धार्मिक अवस्था

पञ्चासे क्षेत्र नेपालकै एक महत्त्वपूर्ण ऐतिहासिक क्षेत्र हो। यस क्षेत्रको सांस्कृतिक र धार्मिक महत्त्व पनि निकै रहेको छ। यस क्षेत्रमा पर्यटकीय विकासको प्रचुर सम्भावना समेत रहेको पाइन्छ। शोधकार्यको यस प्रमुख खण्डमा यस क्षेत्रको परिचय र ऐतिहासिक तथा धार्मिक यी तीन पक्षको विस्तृत खोजी र समीक्षा गरिएको छ। त्यसैले यस परिच्छेदको प्रारम्भमा पञ्चासे क्षेत्रको विविध रूपमा परिचय प्रस्तुत गरिएको छ। यस क्षेत्रको ऐतिहासिक, धार्मिक र सांस्कृतिक अवस्थालाई अलग-अलग शीर्षकमा निम्नानुसार प्रस्तुत गरिएको छः

## २.१. पञ्चासेको परिचय

पञ्चासे क्षेत्र एक बहुपहिचानयुक्त महत्त्वपूर्ण क्षेत्र हो। त्यसैले यहाँ यस क्षेत्रको भूगोल, यस क्षेत्रको नामकरण, यसको खोजीजस्ता शीर्षकहरूमा यस क्षेत्रको संक्षिप्त परिचय प्रस्तुत गरिएको छ। यस वाहेक यो क्षेत्र विशेषरूपले धार्मिक र सांस्कृतिक क्षेत्र पनि हो र यसको चिनारी एक महत्त्वपूर्ण पर्यटकीय क्षेत्रको रूपमा पनि रहेको छ भन्ने कुरा यस परिचय शीर्षकमा प्रकाश पार्ने प्रयास गरिएको छ।

### २.१.१. भौगोलिक अवस्थिति

नेपाल अधिराज्यको मध्यपहाडी क्षेत्रमा पर्ने पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत कास्की, स्याङ्जा र पर्वतको सिमानामा पञ्चासे क्षेत्र रहेको छ। विशाल वन क्षेत्रले तीनवटै जिल्लाको भूभागलाई छुने गरी फैलिएको छ। यहाँ नेपालकै सर्वाधिक पानी पर्ने गर्दछ जुन ठाउँ पोखराबाट नजिकै पर्ने भएकाले पोखरालाई पनि समेटिने गरी वर्षा मापन गरिएको पाइन्छ। पञ्चासेको मुख्य टाकुराको उचाइ समुद्र सतहबाट २५१७ मिटरसम्म रहेको छ।[६५] यो प्रसिद्ध तीर्थस्थल एवं ऐतिहासिक तथा पर्यटकीय स्थल पनि हो। यो विश्व मानचित्रमा नेपाल भूमि अन्तर्गत ८३°४२'६९" देखि ८३°५९'५" पूर्वी देशान्तर र २८°८'३६" देखि

---

६५ *पञ्चासे क्षेत्रको पर्यटकीय स्रोत र साधनको नक्साङ्कन* , पोखरा : माछापुच्छ्रे विकास संघ, भदौरे तामागी कास्की र नेपाल विकास अनुसन्धान प्रतिष्ठान, जावलाखेल, ललितपुर , २००५, पृ. १।

२८°१८'१७" उत्तरी आक्षांशमा फैलिएको छ ।[टट] यसको कास्की, स्याङ्जा र पर्वतका १७ गाविसहरूसँग प्रत्यक्ष सम्बन्ध रहेको पाइन्छ। यो क्षेत्र नेपालको दोस्रो ठूलो ताल फेवातालको पानीको प्रमुख स्रोतका रूपमा समेत रहेको छ ।[टठ]

पञ्चासे क्षेत्र भौगोलिक रूपमा नेपालका तीन जिल्लाको भूक्षेत्रमा फैलिएको छ। तीमध्ये एक जिल्ला कास्की हो । यो जिल्लामा एक उपमहानगरपालिका, एक नगरपालिका र ४३ गाउँ विकास समितिहरू रहेका छन्। त्यसै गरी ४ निर्वाचन क्षेत्र रहेको कास्की जिल्लामा ७२ प्रतिशत मानिस साक्षर रहेका छन्। पर्यटन, वाणिज्य, शिक्षा र स्वास्थ्यसम्बन्धी सेवा र सुविधाले सम्पन्न पोखरा शहर कास्की जिल्लाको सदरमुकामका रूपमा रहेको छ। यो शहर नेपाल र विश्वकै एक सुन्दर नगरका रूपमा पहिचान राख्दछ। यस जिल्लामा सेती, मोदी, मादी नदीका साथै विजयपुर, कोत्रे, इदि, सार्दी, काली, फुर्से, घट्टे, मर्दी, काहूँ, अँधेरी, रती, हर्पन जस्ता खोलाहरू पर्दछन्। त्यसै गरी फेवा, बेगनास, रूपा, दिपाङ, मैदी, न्युरेनी, गुदे, खास्टे र बडुवा तालहरू पनि पर्दछन्। प्रमुख पर्यटकीय स्थलका रूपमा पातलेछाँगो, महेन्द्रगुफा, फेवाताल, पञ्चासे, सेती नदीले बनाएको गहिरो गल्छी, गुप्तेश्वर महादेव गुफा, सराङकोट, काहुँडाँडा, बेगनासताल, विन्ध्यवासिनी मन्दिर, तालबाराही मन्दिर, भद्रकाली मन्दिर, राम मन्दिर, बौद्ध गुम्बाहरू, अर्घौं सदन, विश्व शान्ति स्तूप, नारायणथान मन्दिर, गीता मन्दिर, राधाकृष्ण मन्दिर, कास्कीकोट कालिका मन्दिर, भुमे थान सल्यान, पर्वतीय सङ्ग्रहालय आदि रहेका छन्। त्यस्तै पर्यटकीय गाउँहरूमा घान्द्रुक, सिक्लेस, धम्पुस, भदौरे देउराली उल्लेखनीय छन्।[टड] सराङकोटको प्याराग्लाइडिङ विश्वकै सर्वाधिक आकर्षक केन्द्र बनेको छ।[टढ] कास्कीको परम्परा सांस्कृतिक सम्पदा सहितका विभिन्न जनजातिहरू बसोबास गर्ने गरेका भदौरेतामागी गाविस, सल्यान गाविस, चापाकोट गाविस, ढिकुरपोखरी गाविस, कास्कीकोट गाविस, सराङकोट गाविस र पुम्दीभुम्दी गाविसको पञ्चासे क्षेत्रसँग प्रत्यक्ष सम्बन्ध रहेको छ भने त्यहाँका बासिन्दाहरूको दैनिक जीवन यापनमा पनि पञ्चासे क्षेत्रको गहिरो प्रभाव रहेको छ ।

---

६६ ऐजन ।

६७ निर्मल पौडेलसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

६८ *चौथो वार्षिक स्मारिका* , कास्की : कस्केली अधिकृत समाज, २०६६, पृ. २ ।

६९ *कास्कीको स्वाभिमान खुला दिसामुक्त अभियान स्मारिका,* कास्की : जिल्ला विकास समिति कास्की, २०६८, पृ. १ ।

त्यसै गरी पञ्चासेको केही क्षेत्र नेपालको स्याङ्जा जिल्लामा पनि पर्दछ। स्याङ्जा जिल्लाका बाँगेफड्के, आरुखर्क, वाङसिङ देउराली, भाटखोला, खौलालाँकुरी आदि गाविस पञ्चासे क्षेत्रमा समेटिएका छन्। यस जिल्लामा शाहवंशका पुर्खाहरूले सर्वप्रथम राज्य गरेको हुनाले इतिहासमा यसको नाम अग्रपङ्क्तिमा आउँछ।[७०] यस जिल्लामा गह्रौंकालिका, मनकामना, छाङ्छाङ्दी, भैरवकालिका, आलमदेवी, गुप्तेश्वर महादेव गुफा, खिलुङ कालिका, रैककालिका, अन्धाअन्धी दह, राम्चेदेवी, पञ्चमूल, सिरुबारी, कोल्मा, पञ्चासे, नुवाकोटलगायतका विभिन्न धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरू रहेका छन्। यस जिल्लाको पश्चिम सिमानाबाट शुरु भएर सम्पूर्ण दक्षिणी सिमाना कायम गर्दै कालीगण्डकी बगेको छ। यसै नदीबाट कालीगण्डकी 'ए' जलविद्युत आयोजना निर्माण गरी विद्युत उत्पादन गरी सकिएको छ। नेपाल विद्युत प्राधिकरणको स्वामित्वमा रहेको यो आयोजनाका परामर्श दातृराष्ट्र अमेरिका र फिनल्याण्ड हुन्।[७१] जिल्लाको झण्डै मध्य भागमा आँधीखोला र उत्तरी भागमा फुर्सेखोला, पूर्वी भागमा सुरौदीखोला, वाडखोला र पूर्वी-दक्षिण भागमा ज्याग्दीखोला बगेर गएको छ। अर्को महत्त्वपूर्ण खोला आँधीखोला हो, यहाँबाट ५१०० किलोवाट क्षमताको जलविद्युत् उत्पादन गरिएको छ। स्याङ्जा जिल्लाको ऐतिहासिक विवरण खोजी गर्ने क्रममा स्याङ्जाअन्तर्गत साविककै गह्रौं भीरकोट, सतौं, नुवाकोट, ढोर र पैयुं ६ वटा चौबीसे राज्य थिए तर पछिल्लो राजनीतिक विभाजनमा ढोर तनहूँ राज्यमा र पैयूँ पर्वतमा पर्न गएकाले स्याङ्जाका चौबीसे राज्यहरूमा गह्रौं, भीरकोट, सतौं र नुवाकोट चारवटा राज्य मात्र रहे। स्याङ्जा जिल्लाको प्राचीन इतिहासको सन्दर्भमा भन्दा गण्डकी अञ्चलको स्याङ्जा जिल्ला शालिग्रामको जननी गार्गीको जन्मभूमि पार्वतीले अवतार लिएर नित्सर्ग हिमवत खण्डलाई झन पवित्र पार्नुभएको भूमि हो।[७२]

यसै गरी यो अध्ययन क्षेत्र पञ्चासे भौगोलिक रूपमा नेपालको पर्वत जिल्लाका भू-क्षेत्रमा पनि फैलिएको छ। यस जिल्लाका चित्रे, राम्जा देउराली, आर्थर डाँडाखर्क, पकुवा, तिलाहार लगायतका गाविसहरू पञ्चासे क्षेत्रसँग आबद्ध रहेका छन्। यस जिल्लामा पनि ऐतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिकोणले निकै महत्त्वपूर्ण स्थलहरू रहेका छन्।

---

७० *मेची महाकाली, पश्चिमाञ्चल विकास क्षेत्र, भाग ३,* काठमाडौंः श्री ५ को सरकार सञ्चार मन्त्रालय, सूचना विभाग, २०३१, पृ. ३८७।

७१ हिमदूत राष्ट्रिय दैनिक, पोखरा : वर्ष ४८, अंक १, कात्तिक ३०, २०६४ , पृ. ५।

७२ योगी नरहरिनाथ, *हाम्रो देश दर्शन गण्डकी अञ्चल,* काठमाडौं : योगी नरहरिनाथ, २०६७, पृ. १६।

धुवाकोटमा चौबीसे राजाहरूको दरबार रहेको र पैयूँकोट दरबारमा भुरे राजाहरूको केन्द्र रहेको कुरा इतिहासमा उल्लेख छ ।[७३] माझकोटको कर्णेलको दरबार वि.सं. १९६२ मा पाकिस्तानबाट दक्ष कालिगढ झिकाएर कर्णेलद्वारा निर्माण गरिएको थियो । नेपालकै ठूलो ढुङ्गाका रूपमा परिचित लुङ्खुको महाशिला (मेलढुङ्गा)[७४], अग्ला-अग्ला पहाडी चुचुराहरू, डहरे, पञ्चासे, चिसापानी, गलेम लेकहरू, बाटुलेचौर आदि पर्यटकीय महत्त्व रहेका स्थानहरू हुन् ।

२.१.२. पञ्चासेको नामकरण

पञ्चासेको नाम कहिले र कसरी रहन गयो भन्ने विषयमा व्यापक खोजीनीति गर्दा पनि यकिन लिखित प्रमाण फेला पार्न सकिएको छैन । त्यसैले यस बारेमा स्थानीय जनश्रुति र किंवदन्तीहरूलाई आधार मानेर यसको वास्तविकता बारेमा खोजी गर्नुपर्ने अवस्था रहेको छ । कुनै एउटा मात्र आधार नभई फरक-फरक तरिकाले यस क्षेत्रको नामकरण पञ्चासे रहन गएको जनश्रुतिहरू प्राप्त भएका छन् । त्यसकारण सबै किसिमका आधारहरूको यहाँ विश्लेषण गरी व्याख्या गरिएको छ ।

**(क) पहाडका पाँच चुचुराहरूको आधारमा**

नेपालको महाभारत पर्वत शृङ्खलामा पर्ने यो पञ्चासे पहाडका टुप्पामा पाँचवटा प्रमुख थुम्के डाँडाहरू लहरै रहेका छन् । यिनै पाँचवटा चुचुराहरूका नामबाट पञ्चपहाड भन्दाभन्दै पञ्चासे हुन गएको भन्ने भनाइ छ ।[७५] पाँच वटा चोसो (टाकुरा) भएको ठाउँलाई गुरुङ उच्चारणमा पञ्चासे भनिएको हो । 'ङ' भनेको पाँच र 'से' भनेको मासु हो । शिकार गर्ने पाँचवटा टाकुराको कारण पनि पञ्चासे भएको हुन सक्ने विश्वास छ ।[७६]

(ख) पाँच पाण्डवहरूको आगमनका आधारमा

इतिहासको कालखण्डमा कुनै बेला पाँच पाण्डवहरू पनि यस पञ्चासे क्षेत्रमा आएका हुनाले त्यहीँबाट पञ्च शब्दसँग घनिष्ट सम्बन्ध रहेर समयक्रमसँगै पञ्चधाम हुँदै

---

७३ *जिल्ला विकास योजना ०६८/६९,* पर्वत : सूचना तथा अभिलेख केन्द्र, जिविसको कार्यालय पर्वत, २०६७, पृ. १६ ।

७४ ऐजन ।

७५ लक्ष्मीप्रसाद भण्डारीसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

७६ पञ्चासे खबर पत्रिका, २०६७, वर्ष २४, अंक २ पृ. ५।

पञ्चासे नाम रहन गएको हुनसक्ने भनाइ प्रचलनमा रहेको छ।[७७]

(ग) पाञ्चायन देवताको नामका आधारमा

हिन्दू आर्य संस्कृतिबाट प्रभावित रहेको हाम्रो नेपाली समाजमा पाञ्चायन देवता (शिव, गणेश, विष्णु, देवी र सूर्य) को पूजा आराधना गर्ने चलन सनातनदेखि चलिआएको छ।[७८] यस पञ्चासे क्षेत्रमा यिनै पाञ्चायन देवताका थानहरू रहेका छन्। पाञ्चायन देवताको मन्दिर रहेको र यिनै देवताहरूको पूजा पनि हुँदै आएको तथा यिनै पञ्च देवताका प्रतीकका रूपमा ५ वटा डाँडाहरू आपसमा अन्तरसम्बन्धित भई लहरै रहेका हुँदा पनि यस ठाउँलाई पञ्चासे भनिएको जनविश्वास छ।

(घ) पाँच परमेश्वरका प्रतीकका आधारमा

यहाँ अवस्थित ५ वटा चुचुराहरूलाई पञ्च परमेश्वरका प्रतीकका रूपमा मानेर पूजा आराधना गर्ने पनि चलन रहेको हुँदा तिनै पञ्च परमेश्वरको नामबाट यस ठाउँलाई पञ्चासे नामकरण गरिएको भनाइ रहेको छ।

(ङ) शिवजीको वासस्थानका आधारमा

"प्रहशनमयि भङ्गे स्यात क्षेपे पञ्चयानन शिवे सिहे"[७९] भन्दै मेदिनी कोशकारले पञ्चयान शब्दको अर्थ शिवजी हुन्छ भनेका छन्। शिवजीलाई पञ्चास्य वा पञ्चमुख पनि भनिन्छ। पञ्चास्य भनेको शिवजी र शिवजीको बासस्थान भएको ठाउँलाई चिनिन्छ। यसरी शिवजीको बासस्थानबाट पञ्चास्य पञ्चमुख हुँदै पञ्चासे हुन गएको पाइन्छ। त्यहाँ अहिले पनि शिद्ध बाबालाई शिवजी वा प्रमुख देवताका रूपमा मानिदै आएकाले यसै आधारमा पनि पञ्चासे नामकरण भएको हुन सक्ने विश्वास गरिन्छ।

'पञ्च' भनेको पाँच संख्याको गणनामा आउने शब्द हो र 'धाम' भनेको नेपाली शब्दकोष अनुसार देवताहरू रहेको प्रसिद्ध ठाउँ स्वर्ग, पुण्यस्थल र तीर्थ भन्ने बुझिन्छ। तसर्थ छोटकरीमा धाम भनेको तीर्थ हो। 'पञ्च' र 'धाम' शब्दको योग हुँदा पञ्चधाम हुन्छ। तसर्थ पाँचवटा तीर्थहरूको संगमस्थलका रूपमा पञ्चधाम पनि भन्न सकिन्छ। हिन्दूहरूका आराध्यदेव भगवान् शिव हुन्। शिवका पाँच मुख भएकाले प्रत्येक मुख एकएक धामका प्रतीक हुन् भन्ने शास्त्रीय आधार पाइन्छ। यसप्रकार शिवधामलाई पञ्चधाम पनि

---

७७ नारायणप्रसाद गौतम, *नेपाल पञ्चधाम पञ्चासेको परिचय,* तनहूँ : नीरविक्रम पौडेल, २०५८, पृ. ५।

७८ भण्डारी पूर्ववत्, पादटिप्पणी नं. ११।

७९ मेदिनी कोश शब्द वर्ग नान्त ८९, उधृत : नारायण प्रसाद गौतम, ऐजन पृ. ५।

भनिन्छ । पञ्चासे क्षेत्र पनि शिवजीको क्षेत्र भएकाले यसलाई पञ्चधामका रूपमा पूजा गर्ने परम्परासमेत रहिआएको छ । शिवको स्तुति नमः शिवाय मन्त्रबाट गरिन्छ । सामान्यतया नमः शिवाय भन्नाले शिवजीलाई नमस्कार भन्ने बुझिन्छ तापनि शिव पञ्चाक्षरीका प्रत्येक छुट्टाछुट्टै अक्षरको छुट्टाछुट्टै महत्त्व भएको कुरा शिव पुराण र लिङ्ग पुराणमा उल्लेख भएको पाइन्छ ।[८०] यसरी शिव शब्द उनको वासस्थान र स्तुतिबाट पनि पञ्चासे नामकरण हुन सक्ने सम्भावना छ ।

उपरोक्त पाँच प्रकारका भनाइ एवम् विश्वासलाई विश्लेषण र अध्ययन गरी त्यहाँको वास्तविक भौतिक अवस्था जनआस्था र विश्वासलाई केलाउँदा पञ्च शब्द र शिवजीको निकट सम्बन्ध रहेको र त्यही पञ्च शब्दबाटै पञ्चासे नामकरण हुन गएको विश्वास गर्न सकिन्छ ।

### २.१.३. पञ्चासेको खोजी, संरक्षण एवं विकास

धेरै वर्षअगाडि पौराणिक कालदेखि पञ्चासे क्षेत्रमा ऋषिमुनिहरू, तपस्वीहरू रहने गरेको कुरा पुराणहरूमा पनि उल्लेख गरेको पाइन्छ । त्यहाँ पूजापाठ गर्ने धुपबत्ती गर्ने यज्ञ गर्ने गराउने क्रममा आध्यात्मिक जगतमा सिद्धि प्राप्त गरेका एक महाप्रभु पञ्चासेमा बसेर गाई पाल्नुका साथै आध्यात्मिक साधना गर्ने गरेको थिए । यिनै महाप्रभुका केही चेलाहरू भएका थिए भने यिनले बाटोघाटो बनाउने पूजा आराधना, सरसफाई गरी पञ्चासे क्षेत्रको संरक्षण गर्न थालेको देखिन्छ । वि.सं. १९६७ मा स्याङ्जा जिल्ला सेतीदोभान पूर्खौली घर भई सानीबगारे बस्ने हरिप्रसाद पनेरु भनिने गंगाधर पनेरुले सर्वप्रथम पञ्चासे क्षेत्रको अन्वेषण गरेका थिए । यिनै महाप्रभु पनेरुले पञ्चासेमा शक्तिशाली ज्योर्तिलिङ्ग कहाँ कुन अवस्थामा रहेको थियो भनी अन्वेषण कार्य गरी पञ्चासेलाई शिवले सिद्धि प्राप्त गरेको स्थलका रूपमा चिनाएका थिए ।[८१]

पञ्चासेमा त्यसपछि पनि विभिन्न प्रकारका तपस्वी, ब्रह्मचारी, योगी एवम् जोगीहरू समेत आउने जाने क्रम भइरहन्थ्यो । त्यहाँ आउने भक्त भक्तिनीहरू गाईपालनमा लागेका हुन्थे । त्यस्ता भक्तहरूले पञ्चासेको उच्च भागमा आलु, जौ, गहुँ र फापरको खेतीसमेत गर्ने गरेको पाइन्छ । पञ्चासे क्षेत्र फराकिलो र प्रशस्त घाँस पाइने हुनाले गाईपालन सहज हुने गरेको पनि थियो । विभिन्न ठाउँका पण्डितहरूको जमघट गराई

---

८० नारायणप्रसाद गौतम, पूर्ववत् पादटिप्पणी नं. १३, पृ. २५ ।

८१ नीरविक्रम पौडेलसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

२०१८ सालमा १८ महिनामा १८ पुराणहरू वाचन गराई श्रद्धालु भक्तजनहरूलाई श्रवण गराइएको थियो।[८२] वि.सं. २०२१ देखि तपस्वी तथा ब्रह्मचारीहरूले यो क्षेत्र क्रमशः छोड्दै गएकाले भक्तजनहरू पनि यत्रतत्र पलायन हुन थाले अनि पञ्चासेमा बसेर नियमित रूपमा नित्यकर्म र सम्भार कार्य हुन सकेन। यसपछि त्यहाँको विकास निर्माण कार्यमा शिथिलता आउनुका साथै पहिलेका पाटीपौवा, मन्दिर एवम् कतिपय धर्मशालाहरू रेखदेख मर्मत र सम्भारको अभावमा भत्किएर जान थाले। यस्तो अवस्थाबाट बचाउन र पुनः संरक्षण कार्य अगाडि बढाउन एवम् पञ्चासे क्षेत्रको गुमेको महत्त्व उजागर गर्न र संरक्षण गर्नका लागि नेपाल पञ्चधाम पञ्चासे नामक संस्थाको स्थापना गरी ज्योतिष नीरविक्रम पौडेलको नेतृत्वमा विकास निर्माण तथा संरक्षणका कार्यहरू २०५४/५५ सालदेखि सुरु हुँदै आएका छन्।

वातावरणीय संरक्षणको क्षेत्रमा पञ्चासेको निकटमा रहेको भदौरे तामागी गा.वि.स.मा रहेको माछापुच्छ्रे विकास संघले पनि महत्त्वपूर्ण कार्यहरू गर्दै आएको छ। साथै पञ्चासे क्षेत्र विकास उपभोक्ता समिति गठन भई पञ्चासे क्षेत्रको बृहत्तर विकास गरी पर्यटन व्यवसाय प्रवर्द्धन गर्न लागिपरेको छ। त्यसै गरी काठमाडौंस्थित तारागाउँ विकास समितिले पञ्चासे क्षेत्रको पर्यटन विकास गरी राष्ट्रिय आयमा समेत प्रभाव पार्ने खालको गुरुयोजना तयार गरी सरकारलाई बुझाएको र त्यसलाई स्वीकृत गरी कार्य प्रारम्भ गरिसकेको छ। पछिल्लो समयमा जैविक विविधताको दृष्टिले अति नै महत्त्वपूर्ण मानिएको पञ्चासे क्षेत्रको संरक्षणका लागि सरकारी तवरबाट पञ्चासे संरक्षित वनका रूपमा उपल्लो वनक्षेत्रको संरक्षण कार्य थालिएको र तल्लो भागमा रहेको वन क्षेत्र निकटवर्ती गाउँहरूको समुदायमा हस्तान्तरण गरी संरक्षण गर्ने जमर्को गर्न लागेको छ।

हाल यस पञ्चासे क्षेत्रको केही हदसम्म भए पनि प्रचार-प्रसार भई यहाँको अपार प्राकृति सम्पादहरूको पहिचान गरी उपयोग र संरक्षण गर्नेतर्फ निकटवर्ती गाउँलेहरू र सम्बन्धित संघसंस्थाहरू क्रियाशील हुँदै थप अनुसन्धान कार्यहरू भइरहेका छन्। सोही क्रममा यो अनुसन्धान कार्य पनि पर्न गएको छ।

### २.१.४ धार्मिक स्थलका रूपमा पञ्चासे

नेपाली सामाजिक परम्परा युगौंदेखि धार्मिक आस्था एवम् विश्वास र त्यसबाट

---

८२ ऐजन।

सिर्जित क्रियाकलापका आधारमा स्थापित मूल्य एवम् मान्यतामा आधारित रहँदै आएको छ। आफ्नो वचन र शरीरले अरू प्राणीलाई हानि नोक्सानी पुऱ्याउनु नै पाप हो।[ङघ] कुनै पूर्वजन्ममा गरिएका धार्मिक प्रभाव र ईश्वरको अनुग्रहबाट मनुष्य जीवन मिल्ने भयो भने यसको तारतम्य पनि परमात्माले नै मिलाउँछन् भन्ने विश्वास रहेको छ।[ङद्ध] नेपालमा प्रमुख रूपमा हिन्दूधर्म संस्कृतिको प्रमुख रहेको र शासक पनि सोही धर्म मान्ने खालका भएकाले त्यसले बढी व्यापकता पाए पनि अन्य धर्महरू बौद्ध, इसाई तथा इस्लाम धर्मावलम्बी र उनीहरूको अस्तित्व पनि कायम रहँदै आएको पाइन्छ।

पञ्चासे प्राचीन कालदेखि प्रसिद्ध छ। पञ्चपाण्डवहरू तथा श्रवणकुमार समेत आइपुगेको कथा विभिन्न धार्मिक ग्रन्थहरूमा उल्लेख गरिएको पाइन्छ।[ङछ] विभिन्न आकर्षक देवीदेवताका मठमन्दिरहरू, गुफा धर्मशालाहरू, पवित्र पञ्चासे सरोवर यहाँका महत्त्वपूर्ण धार्मिक आकर्षक हुन्। विशाल खसु्रका रुखमा ध्वजापताकाहरू, घण्टीहरू, त्रिशुलहरू चढाइएको छ भने मेला तथा पर्व जात्रामा धुप नैवेद्यहरू चढाएर भक्तहरूले शिवजीको थानमा सिद्धबाबाको आशीर्वाद माग्ने गर्दछन्। त्यसै गरी शिवलिङ्गमा गाईको दूध, जल, फूल, नैवेद्य भेटी एवम् बेलपत्र चढाउने पनि गरिन्छ।

वालाचर्तुदशी जस्ता पवित्र दिनहरूमा धार्मिक मेला लाग्नुका साथै सत्विज छर्ने परम्परा अनुकरणीय रूपमा कायमै छ। पञ्चासे वरपरको सत्वीज छर्ने स्थलहरूमध्ये चापकोटको सिद्धबराह माझथुम, हर्पनको राममन्दिर लगायत थुप्रै ठाउँहरूमा पनि सत्वीज छरिन्छ। हाल यस पञ्चासे क्षेत्रलाई पाँचौ धामका रूपमा विकसित गर्न विभिन्न धार्मिक क्रियाकलापहरू सञ्चालन गरिँदै आएको छ। विभिन्न हिन्दू धर्मावलम्बी भक्तजनहरूका लागि तीर्थयात्राको पवित्र र प्रसिद्ध गन्तव्यका रूपमा पञ्चासे दिनप्रतिदिन उन्मुख र व्यापक हुँदै गइरहेको छ। यस क्षेत्रको भ्रमण गरी सिद्धबराह तालबाराही एवम् त्यहाँ स्थापित देवीदेवता, नागदेवता, हनुमान, भुमे, भयर, झाँक्री लगायत पाञ्चायन मन्दिरको पूजापाठ, दर्शन र पञ्चासे सरोवरको स्नान गर्नाले सबैको मनोकामना सिद्ध हुने, मनले आँटेताकेको पुग्ने, यस लोकमा सुख शान्ति प्राप्त गरी परलोकमा समेत स्वर्गपद प्राप्त गरी आत्माले

---

८३ सत्यनारायण गोयन्का, *विपस्यना साधना र आत्म दर्शन,* काठमाडौं : भिक्षु सुभद्र, २०४५, पृ. ४५।

८४ प्रेमनारायण बराल, *वेदान्त प्रवेशिका,* नारायणगढः श्रीमती ज्ञानुमाया कर्माचार्य, २०६१, पृ. १५।

८५ *पञ्चासे ग्रामीण पर्यटन विकास गुरुयोजना,* काठमाडौंः तारा गाउँ विकास समिति, जून २००४, पृ. ११।

चिरशान्ति पाउने जनविश्वास रहिआएको छ।[डट] आफ्ना दिवंगत भएका पितृहरू समेतको उद्धार भई जन्मजन्मसम्म पुण्य फल प्राप्त गर्ने विश्वासका कारण नेपाल, भारत लगायत दक्षिण एशियाका धेरै देशका हिन्दू धर्मावलम्बीहरूको ठूलो आस्था रहेका कारण दर्शनका लागि सालैपिच्छे घुइँचो लाग्ने गर्दछ।

भगवान् शिवको महिमा र महत्त्व विशिष्ट रहेको छ। समस्त हिन्दूहरूका आराध्यदेव शिवका पाँच मुख भएको कुरा शिवपुराण र लिङ्ग पुराणमा उल्लेख भएको पाइन्छ।[डठ] शिवको वासस्थान भएको ठाउँलाई शिवधाम र पाँचमुख भएको कारणले शिवलाई पञ्चासे भनिन्छ। शिवका चार दिशाका चार मुख क्रमशः पूर्व मुखमा जगन्नाथ धाम, दक्षिण मुखमा रामेश्वर धाम, पश्चिम मुखमा द्वारकानाथ धाम, उत्तरमुखमा केदारनाथ धाम प्रतीक हुन् र उर्ध्व दिशामा पञ्चमुखका रूपमा अवस्थित शिव धामलाई पञ्चधाम भनिन्छ। भगवान् पशुपतिको दर्शन गर्दा शिवका चार दिशाका चारधामको द्योतक र उर्व वा पाँचमुख ( पञ्चास्य) पशुपतिका द्योतक हुन् भनेर त्यहाँका पूजारी भट्टहरूले बताएको पाइन्छ।[डड] यसप्रकार शिव धामलाई पञ्चधाम भनिन्छ।

हिन्दू धर्मका अतिरिक्त बौद्धधर्मालम्बीहरूको पनि यस पञ्चासे क्षेत्रमा अगाडिदेखि नै आस्था एवम् विश्वास रहनुका साथै तीर्थाटन गर्ने गरेको पाइन्छ। बौद्ध धर्ममा मुख्य रूपले हीनयान तथा महायान गरी दुई सम्प्रदाय प्रचलित रहेको छ साथै बज्रायान र गुरुङ लामा बौद्ध परम्परा समेत प्रचलित रहेको छ। पञ्चासे क्षेत्रको वरिपरि बस्ने गुरुङले पनि लामाबौद्ध धर्म मान्दछन्- उनीहरू आफ्नो वर्ष गणना भिन्दै प्रकारले गर्दछन्। लामा बौद्ध धर्मावलम्बीहरूमा रहेको एक विश्वास अनुसार एक दिन गौतमबुद्धले सबै जनावरलाई डाकेका थिए। यसरी बुद्धले ढाकेपछि त्यहाँ मुसा, गाई, बाघ, बिरालो, गिद्ध, नाग, घोडा, भेंडा, बाँदर, चरा, कुकुर र मृग गरी जम्मा १२ वटा जनावरहरू भेला भए। यसरी भेला भएकै जनावरका नामबाट १२ वर्षको नाम राखियो। बुद्ध वचन अनुसार जो व्यक्ति जुन जनावरको वर्षमा जन्मन्छ उसको स्वभाव पनि त्यही जनावरको जस्तो हुनेछ भन्ने थियो।[डढ]

---

८६ पौडेल, पूर्ववत्, पादटिप्पणी नं. १७।

८७ गौतम, पूर्ववत पादटिप्पणि नं १३ , पृ. ६।

८८ ऐजन।

८९ श्रीरामप्रसाद उपाध्याय, *नेपालको प्राचीन तथा मध्यकालीन इतिहास,* काठमाडौंः रत्न पुस्तक भण्डार, २०५१, पृ. ११४।

गौतम बुद्धले बुद्ध धर्मलाई ठीकसँग चलाउन संघको स्थापना गरेका थिए। बौद्ध भिक्षुहरू यस्तै संघअन्तर्गत संगठित भएर रहन्छन्। यस्ता संघहरू विभिन विहारहरूमा छुट्टाछुट्टै रूपमा रहेका हुन्छन्। प्रारम्भमा भिक्षुहरू दैनिक भिक्षाटनद्वारा जीविकोपार्जन गर्दथे पछि यी भिक्षुहरूले नगद, जिन्सी, जग्गा जमिन आदि दानका रूपमा ग्रहण गर्न थाले। दानका रूपमा सङ्कलित वस्तुहरूको उपयोग संघको निरीक्षणमा हुने गर्दछ। आजसम्म पनि प्रत्येक विहारमा एक संघ कायम रहेको पाइन्छ।[९०] त्यसै गरी लामा बौद्धका बारेमा तिब्बतको वोन धर्म र बुद्ध धर्मको समिश्रणबाट लामा बौद्ध धर्मप्रति धेरै बौद्ध धर्मालम्बीहरूको विश्वास छ। अधिकांश गुरुङ, तामाङ, शेर्पा, भोटेहरूको यस्तै आस्था एवम् विश्वास रहेको पाइन्छ।

पञ्चासे वरपरका बासिन्दाहरूमा गुरुङ बस्ती बढी मात्रामा रहेको र उनीहरूको जन्मदेखि मृत्युपर्यन्तका सम्पूर्ण क्रियाकलापहरू बौद्ध धर्म अन्तर्गतको लामा बौद्ध धर्मअनुसार निर्देशित छ। त्यसैले गुम्बाहरू बनाउने लगायतका क्रियाकलापहरू हुँदै आएको छ। आर्थर डाँडाखर्क गा.वि.स. रहेको २०० वर्ष पुरानो भनी विश्वास गरिएको बौद्ध गुम्बामा वर्षौंदेखि यस्तै प्रकारको बौद्ध लामा शिक्षा दिने कार्य गरिँदै आएको छ।[९१] त्यसै गरी पुम्दीभुम्दी गा.वि.स.मा विश्व शान्ति स्तुप रहेको छ। पछिल्लो समयमा पञ्चासेको धुरीमा हिन्दू मन्दिरहरूका अतिरिक्त बौद्ध स्तुप र छ्यारतेन निर्माण गरिएको छ जसले गर्दा बौद्ध धर्मावलम्बीहरूको पनि पञ्चासेमा ध्यान आकृष्ट हुनुका साथै त्यहाँ परम्परादेखि रहेको बौद्ध धर्मावलम्बीहरूको आस्था एवम् विश्वासमा थप प्रेरणा मिलेको छ। त्यसै गरी पञ्चासे नजिकै रहेको तामागी गाउँमा पनि एक आकर्षक स्तुप निर्माण गरिएको छ।

गुरुङ जातिमा जन्मदेखि मृत्युपर्यन्तसम्म गरिने विभिन्न धार्मिक क्रियाकलापहरू जस्तै अर्घौं, ट्होंटे, ठेलो हान्ने, लामा तथा ह्याप्री झ्याँक्री नाच लगायत रोधी, सोरठी, ठाडो भाका लगायतका नाचगान कार्यक्रम बौद्ध धर्म परम्परा झल्काउने महत्त्वपूर्ण प्रमाणहरू यस क्षेत्रमा विद्यमान छन्। त्यसै गरी भाषा, पोशाक, खानपान, गरगहनाहरूको पहिरन आदि र ल्होसार मेलाजस्ता पर्वहरूमा कास (कछाड), भाङ्ग्रा, टोपीमा सजिएका पुरुषहरू र चौबन्दी चोलो, घलेक सारी तथा पछ्यौरा पहिरिएका महिलाहरूको उपस्थितिले सांस्कृतिक

---

९० श्रीरामप्रसाद उपाध्याय, *नेपालको सामाजिक, आर्थिक तथा प्रशासनिक इतिहास,* काठमाडौं : रत्न पुस्तक भण्डार, २०६२, पृ. ७७।

९१ गोपाल गुरुङसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार।

विशिष्टता झल्काउनुका साथै बौद्ध लामा परम्परा कायम राख्दै आएको छ जसले गर्दा पञ्चासेको सांस्कृतिक र धार्मिक गरिमालाई उचाइमा पुऱ्याइराखेको छ ।

उपरोक्त हिन्दु बौद्ध परम्परागत क्रियाकलाप आस्था एवम् विश्वासका कारण पञ्चासे क्षेत्रको धार्मिक महत्त्व अत्यधिक रहेको र यसले पृथक एवम् विशिष्ट पहिचान दिन सकेको तथ्य सावित भएको छ । त्यसैले यस शोधबाट पञ्चासे क्षेत्र नेपालकै एक महत्त्वपूर्ण हिन्दू र बौद्ध धर्मसँग सम्बन्धित धार्मिक क्षेत्र हो भन्ने तथ्य प्रकाशमा आएको छ ।

### २.१.५ ऐतिहासिक स्थलका रूपमा पञ्चासे

इतिहासलाई भरपर्दो, विश्वासिलो तथा वैज्ञानिक बनाउनका लागि प्रामाणिक तथा आधारभूत प्रमाणहरूको आवश्यकता मात्र होइन अपरिहार्यता पनि हुन्छ ।[९२] पञ्चासे क्षेत्रको ऐतिहासिकता पत्ता लगाउन अर्थात् यस क्षेत्रको इतिहासको कुन कालखण्डदेखि महत्त्व रहन गयो भन्ने विषयमा खोजी गर्दै जाँदा पौराणिक काल रामायण महाभारत कालसम्मको घटना कथा किवंदन्तीहरू फेला पार्न सकिन्छ तर यथार्थ प्रमाणहरू पाउन कठिन भएको हुँदा कतिपय कुराहरू अनुमानमा मात्र सीमित छन् भने १६ औं शताब्दीतिरका बाइसे चौबिसे भुरे टाकुरे राजाका पालाका बारेमा भने भग्नावशेष लगायतका केही प्रमाणहरू पाइएकाले विश्वास गर्न सकिन्छ ।

मध्यकालमा पञ्चासे वरपर सतौं, राम्जाकोट, कास्कीकोट, हर्पनकोट, आरुखर्कका राजा रजौटाहरूले राज्य गर्दथे । बाईसी चौबीसी राजाहरू विशेष गरेर एकअर्कासँग लडाइँ भिडाइ गर्नमा नै व्यस्त रहन्थे ।[९३] विभिन्न चाडपर्वहरूमा वरिपरिका राजाहरूले पञ्चासे आई आफ्नो मनोकामना सिद्ध होस् भनी यज्ञ यज्ञादी गर्नुका साथै पाठपूजा, जपध्यान, आराधना गरी आआफ्नो राज्यको सफलता एवम् सुख शान्ति र समृद्धिको कामना गर्ने गरेको हुनाले पञ्चासे एक महत्त्वपूर्ण धार्मिक एवम् ऐतिहासिक स्थलका रूपमा मानिएको देखिन्छ ।[९४] तत्कालीन बाइसे चौबिसे राजाहरूले आपसी भाइचारा अभिवृद्धि गर्न, सन्धि सम्झौता गर्न, वार्तालाप गर्न तथा शिकार गरी मनोरञ्जन गर्ने र विश्राम गर्ने लगायतका

---

[९२] दिलबहादुर क्षत्री र चन्द्रकान्त पौडेल, *युरोपेली इतिहास लेखन तथा शोधविधि,* पोखरा : श्रीमती पार्वती क्षत्री, श्रीमती कलादेवी पौडेल, २०६५, पृ. १३२ ।

[९३] पेशल दाहाल, *नेपालको इतिहास,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स, २०५४, पृ. २७८ ।

[९४] गौतम, पूर्ववत्, पाददिप्पणि नं. १३, पृ. ६ ।

कामहरू यसै क्षेत्रमा गर्ने गरेको विश्वास रहेको छ । त्यसैले यो क्षेत्र महत्त्वपूर्ण ऐतिहासिक स्थल थियो भन्न सकिन्छ । यसको ऐतिहासिक परम्परा पौराणिक कालदेखि जोड्दै आएको पाइन्छ । पौराणिक कालमा च्यवन ऋषिले यस क्षेत्रमा आई तपस्या गरेको, पाँच पाण्डवहरू वनवास रहँदा यस क्षेत्रको भ्रमण गरेको, अन्धाअन्धीको मृत्यु तथा श्रवणकुमारको राजा दशरथको वाण प्रहारबाट यसै क्षेत्रमा हत्या भएको जस्ता किंवदन्तीहरूप्रति व्यापक जनविश्वास रहेको पाइन्छ । तर जनविश्वास बाहेक अन्य तथ्य प्रमाणहरू प्राप्त गर्न सकिएको छैन ।

नेपालको इतिहास र राजतन्त्रको इतिहास अभिन्न रूपले एकअर्कासँग गासिएका छन् ।[९५] नेपाल एकीकरणपूर्व बाइसे र चौबीसे राज्यहरूमा छरिएर रहेका बखत तत्कालीन राजारजौटाहरूका सन्दर्भसँग पञ्चासेको इतिहासलाई सहजै जोड्न सकिन्छ । त्यस वेलाका राजाहरूका पालामा बनेका भवन वा मुकामका भग्नावशेषहरू अद्यापि विद्यमान छन् । प्राचीन समयका राजारजौटाहरू राम्रो हावापानी, प्राकृतिक मनोरम दृश्य, शत्रुबाट बच्न सकिने आदि दृष्टिकोणबाट प्रायः यस्तै उच्च र विकट मानिने पहाडका टाकुरामा आफ्नो राजधानी वा किल्ला खडा गरी अड्डा जमाएर बस्ने गरेका अन्यत्र पनि धेरै उदाहरणहरू पाइएका छन् । सोही अनुसार पञ्चासेमा पनि यस्तै प्रकारका विभिन्न कोठैकोठा भएको भवनको भग्नावशेष रहेको छ । उक्त भवनको विभिन्न क्षेत्रफल र नाप भएका कोठाहरू तथा ढोकाहरू भएको रूपमा देखिन्छ । उक्त भग्नावशेषलाई पर्खालद्वारा वेष्ठित गरिएको छ । त्यसैले यो पञ्चासे क्षेत्र केवल धार्मिक क्षेत्रमात्र नभएर एक महत्त्वपूर्ण ऐतिहासिक स्थल पनि हो भन्ने तथ्य शोधबाट प्रकाशमा आएको छ ।

### २.१.६. पर्यटकीय स्थलका रूपमा पञ्चासे

नेपाल प्राकृतिक सुन्दरताले भरिएको देश हो । यहाँ रहेका उत्तरतर्फका चाँदीजस्तै सेता हिमालका लस्करै लागेका टाकुराहरू असाध्यै मन लोभ्याउने खालका छन् । अग्लाहोचा, हरियाली जङ्गलले ढाकेका महाभारत पर्वत शृङ्खला उस्तै आकर्षक छन् । होचाखाले चुरे पहाडका डाँडाहरू बीचबीचमा आकर्षक उपत्यकाहरू, विशाल टारहरू एवं भित्री मधेश क्षेत्र र तराईको समथर फाकट भौगोलिक विविधताले युक्त छ । उत्तर

---

[९५] गेहेन्द्रमान उदास, *पोखरेली शाहवंशका पाँच प्रमुख राजाहरू*, काठमाडौं : रत्न पुस्तक भण्डार, २०४३, पृ. १० ।

हिमालदेखि दक्षिणतर्फ एकोहोरिएर बगेका सयौं सानाठूला नदीनालाहरू, सुन्दर हराभरा पाखापाखेरा, पहराहरू, भीर, काल्ना तथा झरना, तालतलैया आदिले देशको मुहारलाई चम्काएका छन् । सगरमाथा र गौतम बुद्धको नामले विश्वविख्यात नेपाल आमाको काखमा रहेका कतिपय होटलको ओछ्यानबाट बाहिर चिहाउँदा सेताम्य हिमाललगायतका दृश्यहरूले पर्यटकहरू नेपाललाई एसियाको स्वीटजरल्याण्ड सम्झन्छन् । कास्की जिल्लाको घान्द्रुक, सिक्लेस, सोलुखुम्बु जिल्लाको नाम्चेबजार र दोलखा जिल्लाको जिरीजस्ता थुप्रै पहाडी गाउँहरू स्वीटजरल्याण्डका कतिपय ठाउँहरूसँग तुलना गर्न सकिन्छ । कतिपय विदेशीहरूले काठमाडौंलाई मन्दिरहरूको शहरका रूपमा चिन्दछन् ।

त्यस्तै प्राकृतिक सुन्दरताले भरिपूर्ण नेपालका धेरै स्थलहरूमध्ये पञ्चासे पनि एक हो । आकर्षक सूर्योदय र सूर्यास्तका साथै आकर्षक हिमशृङ्खला र मनमोहक पहाडी दृश्यावलोकन गर्न सकिने हुनाले प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकसित भई परिचित हुँदै विश्व पर्यटकका सामु पञ्चासे देखा परेको छ। समुद्री सतहदेखि २५१७ मिटरको उचाइमा अवस्थित पञ्चासे क्षेत्रबाट हरेकले कास्कीको सदरमुकाम पोखरा र फेवतालको सुन्दर दृश्य अवलोकन गर्न पाउँछन् । पर्वत, स्याङ्जा र बागलुङको सदरमुकामहरू पनि देखिनुका साथै थुप्रै गाउँबेंसीका बस्तीहरू, हरियाली पाखापखेराहरू छर्लङ्ग  देख्न पाइन्छ । एकै बिन्दुबाट सूर्योदय र सूर्यास्तको दृश्य देख्न पाउनुका साथै पूर्ण चन्द्रको कान्तिमय प्रकाश छर्दाको दृश्य एवं उत्तरतर्फ सामुन्ने देखिने माछापुच्छ्रे, अन्नपूर्ण र धवलागिरी हिमशृङ्खलाहरूको दृश्यावलोकनसँगै संसारकै सबैभन्दा लामो हिमशृङ्खला देखिने ठाउँ पञ्चासे हो ।[९८] पञ्चासेमा अनौठा सरोवरहरू रहेका छन् जसमध्ये सबैभन्दा ठूलो र ऐतिहासिक एवं धार्मिक महत्त्व बोकेको सरोवर पञ्चासे सरोवर पञ्चासेको मुख्य टाकुरादेखि पश्चिमपट्टिको गल्छीमा अवस्थित छ। यसलाई च्यवन ऋषिको पालादेखिको ऐतिहासिकतालाई जोडेर च्यवन सरोवर पनि भनिन्छ भने जनसाधारण यसलाई पञ्चासे ताल भन्ने गर्दछन् । यसको मुख्य विशेषता भनेको न यसको मूल देखिन्छ न त यसको निकास नै । ९० मिटर लम्बाइ, ४० मिटर चौडाइ र करिब १० मिटर गहिराइ रहेको यसताललाई गुराँसका रुखले वेष्ठित गरेका छन् । यस तालमा खसेका पात चराले टिपेर फाल्छ, त्यसैले ताल सधैं सफा रहन्छ भन्ने किंवदन्ती रहेको छ । अधिकांश पर्यटक र पदयात्रीहरूका लागि यो ताल आकर्षणको केन्द्र बनेको छ। ५०-६० वर्ष अगाडि यस तालमा पानी

---

९८ *पञ्चासे विशेषाङ्क,* वर्ष २२, २०६३, पृ. २ ।

भरिभराउ अवस्थामा सफा एवं कञ्चल रहन्थ्यो र छेउछाउबाट अञ्जुलीले झिकेर खान सकिन्थ्यो ।[ढठ]

वनस्पतिजन्य विविधताले पञ्चासेको आकर्षणमा थप योगदान पुऱ्याएको छ। सुनाखरीको राजधानी मानिने पञ्चासे क्षेत्रमा थरीथरीका रङ्गीविरङ्गी फूलहरूका साथै राष्ट्रिय फूल लालीगुराँस वनैभरि रातै फुल्ने वेलामा अत्यन्त आकर्षक देखिन्छ। विभिन्न प्रजातिका चराच्याखुराहरू एवं वन्यजन्तुहरूको पनि सामन्जस्यता रहेको पञ्चासेको वन क्षेत्र सुन्दर, शान्त एवं प्रकृतिले आफै उपचार गरिरहेको भान हुने योगस्थलका रूपमा रहेको छ। योगबाट हृदयरोगजस्तो भयङ्कर रोगबाट पनि छुटकारा पाउन सकिन्छ ।[ढड]

अनेकौं प्रकारका जडीबुटीहरू र खानेपानीका प्रशस्त मूलहरू रहेको पञ्चासेको विशाल वन क्षेत्र आफैमा स्वच्छ, पवित्र एवं मनमोहक छ। कुभिडाइनो, काफल, ऐंसेलु, चुत्रो, भुत्रो, मलो, भकिम्लो, लप्सी जस्ता जङ्गली फलहरू खान पाइने पञ्चासे क्षेत्रको महिमा जति व्याख्या गरे पनि कमै हुनेछ। पञ्चपाण्डवहरू तथा अन्धाअन्धीसँग सम्बन्धित श्रवणकुमारको पौराणिक कथाहरूसित पनि सम्बन्धित रहेको भग्नावशेषका रूपमा प्राचीन दरबार तथा पाटीपौवा, मन्दिरहरू, गुफाहरू, यज्ञयज्ञादि एवं अन्य धार्मिक अनुष्ठान सम्पन्न गरेका चौका, हवनकुण्डहरू, पत्थर कपेर बनाइएका पानी जम्मा गर्ने ठाउँहरू लोकप्रिय एवं आकर्षक छन्। हालसालै पुनः निर्माण र नयाँ निर्माण गरिएका मन्दिरहरू, धर्मशालाहरू, आवास गृह, विश्राम स्थल, भ्यू टावर, हेलीप्याड,  होम कुण्ड, खानेपानी, चौडा सिंढीको बाटो, चौताराहरू, मूर्ति, शिवलिङ्ग लगायत अनेकौं सुविधा र व्यवस्थापनले थप आकर्षण थपेको छ ।

यसका अतिरिक्त पुम्दीमा रहेको शान्ति स्तूप, आर्थर डाँडाखर्कको पुरानो बौद्ध गुम्बा, तामागीमा हालसालै बनाइएको स्तूप, भदौरे देउराली नजिक रहेको छन्द्री नामक सुन्दर झरना, श्रवणकुमारको मन्दिर, राम्चेदेवीको मन्दिर, ठूलाखेतस्थित सिद्धबराह मन्दिर, हर्पनकोट देवी आदि धार्मिक आस्था एवं विश्वासको केन्द्रका रूपमा पञ्चासे वरपर रहेका छन् ।

त्यसै गरी चित्रे, राम्जा, आर्थर, वाङसिङ, भन्ज्याङ तथा भदौरे जस्ता पञ्चासेका

---

[९७] भीमबहादुर के.सी. सँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[९८] रामदेव स्वामी, *योग साधना तथा योग चिकित्सा रहस्य,* काठमाडौं : डिकुरा प्रकाशन, २०६४, पृ. ११ ।

निकटवर्ती गाउँहरूमा बेलाबखत आयोजना गरिने सांस्कृतिक क्रियाकलापहरू, पर्वहरू नाचगान, भेषभूषा तथा स्थानीय जनताको हँसिलो मुहार र रसिलो बोली एवं सदा स्वागत गर्ने मायालु मुस्कान तथा मिलनसार व्यवहार पर्यटकहरू मोहित गर्नमा सहायक भएका छन् । स्थानीय व्यक्तिहरूको दिनचर्या, खानपान र बसाइ व्यवस्था पनि थप मनोरञ्जनूर्ण र चाखलाग्दो भएको पाइन्छ । आकर्षक दृश्यहरू, घरेलु उत्पादनका हलो-जुवा, डोको-नाम्लो, स्याखु, थुन्छे, भकारी, कोर्को, भाङ्ग्रा, आँसी, खुर्पेटो, बाउसो, कोदालो, वन्चरो आदि सरसामानहरू पनि अनौठा र चाखिला हुन्छन् । घना जङ्गल क्षेत्र, वन्यजन्तु, पक्षीहरू र रङ्गीविरङ्गी पुतलीहरू, विविधतायुक्त वनस्पति र भीरपाखा, कडा चट्टान र झाडीहरू पर्यटकीय दृष्टिकोणले अति नै महत्त्वपूर्ण रहेका छन् । त्यसैले यो क्षेत्र नेपालकै एक महत्त्वपूर्ण पर्यटकीय सम्भावना रहेको क्षेत्र पनि हो भन्ने तथ्य शोध कार्यबाट प्रकाशमा आएको छ ।

## २.२. पञ्चासे क्षेत्रको ऐतिहासिकता

कास्की, स्याङ्जा र पर्वत तीन जिल्लाको सिमानामा रहेको पञ्चासे धार्मिक र पर्यटकीय हिसाबले मात्र नभई यसको ऐतिहासिक महत्त्वका कारणले पनि प्रसिद्धि कमाएको छ । यसको ऐतिहासिकतालाई अध्ययन गर्दा कुनै एउटै मात्र आधार नभई फरक-फरक आधारमा फरक-फरक दृष्टिकोणसहितका तथ्यहरू प्राप्त भएका छन् ।

### २.२.१. धर्मग्रन्थ अनुसार

पौराणिक कालमा च्यवन ऋषिले तपस्या गरेर पञ्चासे क्षेत्रमा बसेका थिए । उनी तपस्यामा साधनारत रहँदा उनको शरीरमा धमिराले गोलो लगाएजस्तो भएर मान्छे नै नचिनिने भएछ । त्यस वेला एक राजा आफ्नी छोरी सुकन्यालाई लिएर यसै जङ्गल क्षेत्रमा विहार गर्न आएछन् । छोरीलाई त्यहीँ छोडेर राजा शिकार खेल्न जाँदा उक्त कन्याले धमिराको गोलो लागेजस्तो ठाउँबाट जुनकिरी जस्तो प्रकाशमय वस्तु देखेर लौराले चम्किलो ज्योतिमा घोच्दा त्यहाँबाट आँसु र रगत बग्न थालेछ । ती तपस्यारत च्यवन ऋषि हुन् भन्ने कुरा ती कन्यालाई पछि मात्र थाहा भएछ । यसरी च्यवन ऋषिका आँखाबाट बगेको आँसु र रगतबाट बनेको हुनाले पञ्चासे सरोवरलाई च्यवन सरोवर भनिन्छ भन्ने कुरा श्रीमद्देवीभागवत महापुराणको सप्तमस्कन्दको द्वितीय अध्यायमा उल्लेख भएको छ ।

यसैलाई आधार मानी लोकमानसले च्यवन सरोवर भन्ने गरेको पुष्टि हुन आउँछ।[ढढ] यस पञ्चासे क्षेत्रमा श्रवणकुमार आफ्ना अन्धाअन्धी बावुआमा तिर्खाएर पानी भएको ठाउँमा लिएर जान लाग्दा राजा दशरथलाई मृगको भान भई वाण हान्दा उक्त वाण श्रवणकुमारलाई लागेछ र उनको मृत्यु भएछ। यस घटनाबाट पुत्रशोकमा परेका ती अन्धाअन्धी साह्रै अलापविलाप गरी रुँदारुँदै बलिन्द्र अश्रुधारा बगाउँदा बगाउँदै उनीहरूले तिमीलाई पनि हामीलाई जस्तै पुत्रशोक परोस् भनी राजालाई श्राप दिएछन्। यिनै अन्धाअन्धीका आँसु मिसिएका हुनाले यस खोलालाई आँधीखोला भनिन्छ।[ज्ञण्ण] यसै गरी बराह पुराणमा लिङ्ग पुराणमा पनि पञ्चासे क्षेत्रमा शिवजी आई तपस्या गरेको विषयमा उल्लेख गरी पञ्चासेको पत्थरले बनेको कडा चट्टानले युक्त थुम्को चाहिँ ज्योतिर्लिङ्ग हो भनी उल्लेख गरिएको बताइन्छ।

सामाजिक अनुसन्धानमा प्रमाणलाई प्रयोगशालामा लगेर परीक्षण गर्न नसकिने हुनाले यसको नतिजा सतप्रतिशत सत्य हुन्छ भन्न सकिँदैन।[ज्ञण्ज्ञ] तसर्थ अनुमान त गर्नै पर्ने हुन्छ। उपर्युक्त पौराणिक र महाकाव्यकालका कथाहरूबाट आधार लिँदा यस क्षेत्रको इतिहास पौराणिक र महाकाव्य कालसम्म पुग्न सक्दछ।

२.२.२. जनविश्वास अनुसार

पञ्चासे क्षेत्रको इतिहास खोज्ने अर्को आधार जविश्वास पनि हो। शोधका क्रममा स्थानीय मानिसहरूसँग यस क्षेत्रको प्राचीनतासम्बन्धी जानकारी लिन खोज्दा कतिपय व्यक्तिहरूले यो क्षेत्र पाँच पण्डवहरू वनवासमा रहँदा आएर बसेको क्षेत्र हो भन्ने विश्वास रहेको पाइयो।[ज्ञण्द] त्यसै गरी अन्य केही व्यक्तिहरूले यो क्षेत्र रामायण महाकाव्यका पात्र राम र लक्ष्माणको क्रीडास्थल हो भन्ने विश्वास पनि व्यक्त गरे। अर्को एक जनविश्वासअनुसार यस क्षेत्रमा रामायण महाकाव्यकै पात्र दशरथले श्रवणकुमारलाई भुलवश धनुषवाण प्रहार गरी घाइते बनाएको स्थान पनि यही क्षेत्र नै हो।[ज्ञण्घ] यी जनविश्वासहरूलाई आधार मान्दा यो क्षेत्रको ऐतिहासिकता रामायण र महाभारतजस्ता महाकाव्यहरूको रचनाकालसम्म पुग्न सक्ने देखिन्छ। यद्यपि पुरातात्विक प्रमाणहरूले यस प्राचीनतालाई प्रमाणित गर्न भने सकेको

---

९९ गौतम, पूर्ववत्, पादटिप्पणी नं. १३, पृ. ३४।

१०० पौडेल, पूर्ववत्, पादटिप्पणी नं. १७।

१०१ पेशल दाहाल र सोमप्रसाद खतिवडा, *अनुसन्धान पद्धति,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स, २०५९, पृ. ४०।

१०२ पञ्चासे विशेषाङ्क, वर्ष २३, २०६४, पृ. १।

१०३ ऐजन।

पाइँदैन ।

### २.२.३. चौबीसे राज्य कालमा पञ्चासे

गोपाल, महिषपाल, किरात, लिच्छवि र मल्ल राजाहरूको शासनकालमा पञ्चासे क्षेत्रको इतिहास थाहा पाउन सकिएको छैन । उत्तरमध्यकालदेखि भने यो क्षेत्र चौबीसे राज्यहरूको अधीनस्थ क्षेत्र रहेको देखिन्छ । पञ्चासेको इतिहासलाई चौबीसे राज्यहरूको पालाबाट अध्ययन गर्दा नेपालको एकीकरणपूर्व बाईसे चौबीसे राज्यअन्तर्गत कास्कीकोट र सतौं राज्यबाट राम्जाकोट र हर्पनकोटमा रहेका चौबीसे राज्यका अस्थायी मुकामका साथै पञ्चासेमा बेलाबखत शिकार गर्ने, सन्धि-सम्झौता गर्ने, विश्राम गर्ने प्रमुख स्थलका रूपमा प्रयोग गर्ने गरेको र भग्नावशेषबाट पनि त्यहाँ दरबार बनाएर बसेको प्रतीत हुन्छ । यस विषयमा भदौरे-तामागी गाउँ विकास समितिका पूर्व प्रधानपञ्च स्व. मानकाजी गुरुङले पञ्चासेसम्बन्धी लेखेको हस्तलिखित पाण्डुलिपिको एक अंश यहाँ उद्धरण गरिएको छ :

> पञ्चासे डाँडाबाट चारैतिर विभिन्न शाखा उपशाखा डाँडाहरू फैलिएर गएका छन् । सर्वप्रथम माथि टाकुराबाट उत्तर-पूर्वतर्फको टाकुरामा सिद्धबराहको स्थान छ । सो सिद्धबराको स्थानबाट डाँडा होचिँदै गई हर्पनडाँडामा जो साँढेको जुरोजस्तो थुम्को देखिन्छ यो स्थल अघि कास्कीका राजाहरूको शिकार खेल्ने र गर्मी यामको मुकाम रहेछ । उक्त मुकामको रखवाली गर्ने एकजना ठुडुलो गुरुङ र एकजना मुडुलो बाहुन मिलेर अहिलेको हर्पन गाउँ त्यस वेला वनजङ्गलमा फागुन चैत्रको खडेरीमा डढेलो लगाई दिई कास्कीकोटमा राजाकहाँ गएर विन्ती चढाएछन् कि सरकार माथि लेकमा उब्जनी कम भई जीविका चलाउन गाह्रो भयो उ त्यो डढेलो लागेको ठाउँ (जग्गा) पाउँ भनेछन् । राजाले पनि आफ्नो सेवकहरूको आशय बुझेर ए लाटा हो भोलि तेरा दरसन्तानलाई त्यति जग्गाले पुग्दैन तिमी दुईले एक दिनमा घुम्न सक्ने क्षेत्र (जग्गा) तिमीहरूको भयो भनी हुकुम बक्सेछ । त्यसैले उक्त गोरुजुरे डाँडामा हर्पनकोट मौलो स्थापना गरी चर्ची आएका रहेछन् तर कुन राजाको पालामा र कुन साल मितिमा हो

भन्ने कुरो लेखोट प्रमाण पनि खोजिएको छैन ।[ज्ञण्ढ]

उपर्युक्त लेखोट तथा तत्कालीन बाईसे चौबीसे राज्यहरूको कुरा उल्लेख भएको र भग्नावशेष पनि रहेकाले मध्यकालीन समयसम्म पञ्चासे क्षेत्रको इतिहास प्रस्ट रूपमा अस्तित्वमा रहेको देखिन्छ ।

### २.२.४. पुरातात्विक अवशेषका आधारमा

पञ्चासेको मुख्य टाकुराको सबैभन्दा उच्च बिन्दुमा एक भवनको भग्नावशेष रहेको छ। स्थलगत अन्वेषणको क्रममा यसको बाहिरी पर्खालसहित यसको लम्बाइ १४ मिटर र चौडाइ ६.५ मिटर रहेको पाइएको छ। यसको लम्बाइ चौडाइ बनावट हेर्दा कोठैकोठा बनाएको र पर्खालले घेरिएको पनि हुनाले कुनै समय त्यहाँ राजाहरूको मुकाम वा अड्डा बनाएर किल्लाको रूपमा रहेको हुन सक्ने सहजै अनुमान गर्न सकिन्छ साथै पुराना ढुङ्गे छपनीले छाएका शिला खोपेर बनाइएका कुटीहरू, पुराना धर्मशालाका भग्नावशेषहरू हेर्दा र ढुङ्गा पत्थरमा खाल्डो बनाएर पानी आर्सिने बनाइएका ठाउँहरू हेर्दा पनि पञ्चासेको इतिहास एकीकरणपूर्वको १६ औं शताब्दीतिरको मध्यकालीन समयमा मानिसहरू बस्न शुरु गरेको शोधकर्ताको अनुमान रहेको छ। यसबाहेक अन्य पुरातात्विक लिखति प्रमाण प्राप्त हुन सकने ।

उपर्युक्त किसिमका धर्मग्रन्थका आधारमा, जनविश्वासका आधारमा, पुरातात्विक अवशेष तथा बाईसे राज्यमा पञ्चासेको अध्ययन गर्दा पौराणिक र महाकाव्यकालसम्मको चर्चा भए पनि यी तथ्यहरू जनश्रुतिमा मात्र आधारित रहेको र यी जनश्रुतिलाई पूर्ण रूपले विश्वास गर्न सक्ने अवस्था देखिएन। त्यसैले भरपर्दा तथ्य र त्यहाँ प्राप्त भौतिक अवशेषहरूलाई विश्लेषण गर्दा ई.पू. तेस्रो शताब्दीको महाकाव्यकाललाई पूरै मान्न नसकिएको तर १६ औं शताब्दीपछिको बाईसे चौबीसे राजाहरूका पालादेखि यस पञ्चासे क्षेत्रमा मानव बसोबास प्रारम्भ भइसकेको स्पष्ट हुन आएको छ ।

## २.३. पञ्चासे क्षेत्रको धार्मिक र सांस्कृतिक अवस्था

पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने कास्की, स्याङ्जा र पर्वत तीनवटै जिल्लाको सीमा क्षेत्रमा फैलिएको पञ्चासे क्षेत्र धार्मिक र सांस्कृतिक हिसाबले ज्यादै पृथक र विविधतायुक्त छ। पञ्चधाम पञ्चासेको मुख्य बिन्दु घना जङ्गलको बीचको अग्लो टाकुरामा भए पनि त्यस

१०४ मनकाजी गुरुङ, *तीन जिल्लाको संगम धुरी पञ्चासे डाँडा,* कास्की : (अप्रकाशित पाण्डुलिपि) ।

वरिपरिको मानववस्ती गाउँलेहरूको चालचलन, भेषभूषा, रीतिरिवाज, परम्परागत मूल्य र मान्यताहरू नै पञ्चासेको धार्मिक र सांस्कृतिक अवस्था हो जसलाई यसप्रकार बुँदागत रूपमा प्रष्ट्याइएको छ ।

### २.३.१. पञ्चासेसँग जोडिएका धार्मिक विश्वासहरू

पञ्चासे क्षेत्रमा बालाचतुर्दशीका दिनमा सत्‌विज छर्नाले आफ्ना दिवङ्गत पुर्खाहरूको उद्धार हुनुका साथै ठूलो पुण्य फल प्राप्त भई मनले चिताएको पुग्ने जनविश्वास रहिआएको छ । उक्त तिथिमा हरेक वर्ष पञ्चासे क्षेत्रको दर्शन गर्ने र सत्‌विज छर्ने श्रद्धालु भक्तजनहरूको ठूलो भीड लाग्छ ।

पौराणिक कालमा च्यवन ऋषिका पालादखिको तपस्यास्थलका रूपमा रहेको विश्वास गरिएको च्यवन सरोवर अर्थात् पञ्चासे तालको स्नान गरी पुण्य प्राप्त गर्न सकिने र जान-अन्जानमा हुन गएको पापबाट मुक्ति पाइने कुराको जनविश्वास रहेको छ ।

भगवान् शिवजी धेरै तपस्वी एवं भक्तहरूलाई वरदान दिनुका साथै देवताका पनि देवताका रूपमा दुनियाका आस्थाका केन्द्र रहेको र उनी स्वयंले सिद्धि प्राप्त गर्न तपस्या गर्न बसेको एक स्थलको रूपमा पञ्चासेलाई विश्वास गरिन्छ र त्यसै ठाउँमा रहेको मुख्य टाकुरा जो कडा चट्टानले लाम्चो गोलाकार सलक्क रूपमा ठाडो गरी अवस्थित छ त्यसलाई ज्योतिर्लिङ्गका रूपमा दर्शन एवं पूजा गरी शिरमा सिद्धबाबाको पूजा गरी जल तथा गाईको दूध चढाइन्छ ।

पञ्चासे क्षेत्रलाई पवित्र तीर्थस्थलका रूपमा मानेर वर्षेनी देशविदेशबाट तीर्थ गर्न हजारौं भक्तजनहरूको आगमन हुने गर्दछ । भारतमा चार धामहरू रहे तापनि पाँचौं धामका रूपमा पञ्चासे क्षेत्रलाई विशवास गरिएको हुँदा यसलाई नेपाल पञ्चधाम पञ्चासे पनि भन्ने गरिन्छ र २०५४ साल कार्तिक २७ गतेदेखि संस्थागत रूपमा नेपाल पञ्चधाम पञ्चासे नामले एक संस्था जन्म भई तीनै जिल्लाको जिल्ला प्रशासन कार्यालयमा दर्ता समेत भएको छ ।[ज्ञण्छ]

मुख्य टाकुराको शिरभन्दा केही तलपट्टि देखिने सर्पका जस्ता चिन्हरूलाई वासुकी नागका स्वरूप हुन भनी पूजाआजा गर्नुका साथै दर्शन गरी नाग देवताको वासस्थानका रूपमा विश्वास गरिएको छ ।

---

१०५ पौडेल, पूर्ववत्, पादटिप्पणी नं. १७ ।

तीर्थस्लका साथसाथै पञ्चासे एक पवित्र यज्ञस्थल पनि भएकाले त्यहाँ पटकपटक विभिन्न प्रकारका यज्ञयज्ञादि सम्पन्न हुँदै आएको छ। यसै क्रममा वि.सं. २०१८ सालमा १८ महिनासम्म १८ पुराण वाचन गराइएको र वि.सं. २०५५ सालमा स्व. योगी नरहरिनाथको सक्रियता र उपस्थितिमा नेपाल पञ्चधाम पञ्चासेको आयोजनामा विश्व शान्ति कोटिहोम महायज्ञ सम्पन्न भएको छ ।

पञ्चासे क्षेत्र स्वयंमा तपोभूमि रहेको त्यहाँ बसेका तपस्वीहरूमध्ये एक काठे तपस्वीलाई कुनै वेला बाघले रात्रीमा सुरक्षाका लागि पहरा दिने गरेको पनि जनविश्वास रहेको छ ।

पञ्चासे क्षेत्रमा पाञ्चायन देवताहरू (शिव, सूर्य, गणेश, देवी, विष्णु) को बास रहेको विश्वास गरिन्छ। सोही विश्वासका आधारमा पाञ्चायन देवताको मन्दिर स्थापना गरी पूजाआजा हुँदै आएको छ। राम-लक्ष्मण तीर्थयात्राका क्रममा मुक्तिनाथबाट फर्कदा यहाँ बास बसेका र हवन कुण्ड बनाई हवन कार्य गरी यज्ञ सञ्चालन गरेको हुनाले पोखरीको आसपासमा उक्त हवनकुण्ड रहेको विश्वास गरिए तापनि हालसम्म पत्ता लाग्न सकेको छैन। यसका लागि थप खोज अनुसन्धान गर्नु आवश्यक छ।

तेत्तीस कोटि देवता र ८८,००० ऋषिमुनिहरूको तपोभूमि नेपाल राज्यको उत्तरी हिमाली खण्ड विशेष रूपमा देवीदेवताको बासस्थान मानिन्छ। तर पछिल्लो समयमा सगरमाथा, अन्नपूर्ण, धवलागिरी लगायत धेरैजसो शिखरहरूमा मानवीय पहुँच हुन गएका कारण प्रदूषण र अतिक्रमण बढेको हुँदा पञ्चासेको सामुन्ने र सबैभन्दा निकट रहेको माछापुच्छ्रे हिमाल जो आरोहणका दृष्टिकोणले सबैभन्दा विकट पनि छ त्यहाँ शिवजीको अहिले पनि बास रहेको विश्वास छ। त्यस कारण कुनै पनि अवस्थामा उक्त हिमालको आरोहण खुल्ला गर्न नहुने र राष्ट्रिय श्रीपेचको रूपमा स-सम्मान दर्शनार्थ राखिनु पर्ने तर्क ज्योतिषविद् नीरविक्रम पौडेलको रहेको छ।[१०६] दर्शनका लागि समान उचाइ जस्तै लाग्ने नजिकको स्थल पञ्चासे रहेकाले उपयुक्त स्थल पञ्चासे नै हो भनिन्छ।

धामीझाँक्री लगायतका आध्यात्मिक शक्तिको प्रयोग र अभ्यासका क्रममा प्राप्त मन्त्रहरूले यस पञ्चासे क्षेत्रमा स्थित सिद्धबराह र ब्रह्म झाँक्रीको शक्तिको साथमा साधना गरिएमा सिद्धि प्राप्त भई वास्तविक दैविक शक्ति पाइने जनविश्वास रहेको छ। घना जङ्गलमा भैंसी हराएर खोजी गर्दा नपाएपछि सिद्धका थानमा फूलपाती, भेटी, धजा चढाएर

[१०६] पौडेल, पूर्ववत्, पादटिप्पणी नं. १७।

प्रार्थना गरेपछि सजिलै पाइने पनि विश्वास रहेको छ।

२.३.२. धार्मिक मठमन्दिर तथा स्मारकहरू

धर्म एक आत्मिक, आन्तरिक र आध्यात्मिक सम्पत्ति हो। धर्मले मानव जातिलाई सत्मार्गको निर्देशन गर्दछ। ईश्वरको अस्तित्व पनि सार्वभौम नै छ। ईश्वर सर्वव्यापक रहने कुरा सबै धर्मले स्वीकारेका छन् तापनि निश्चित प्रक्रिया अपनाई निश्चित ठाउँमा पूजा आराधना, ध्यान, प्रार्थना गर्नाले मानव मनले भगवान्को सामीप्यता हासिल गरेको अनुभव गर्ने परम्परा रहेको छ। धर्मको अनुसरण र अभ्यास गर्ने क्रममा मन्दिरहरू, मूर्तिहरू, गुम्बा-स्तुपहरू, धर्मशाला, चर्च, मस्जिदप्रति मानिसहरूको आस्था एवं विश्वास रहँदै आएको छ। पञ्चासेमा पनि धेरै मठमन्दिरहरू, मूर्तिहरू, धर्मशाला, होमकुण्ड, स्तुप, गुम्बा तथा अन्य स्मारकहरू रहेका छन्, जसलाई बेग्लाबेग्लै यस प्रकार प्रस्तुत गरिएको छ :

**(क) तालबाराही मन्दिर**

पञ्चासेको मुख्य टाकुराबाट करिब आधा घण्टाको पैदल दूरीमा पश्चिमपट्टि केही होचो भागमा अवस्थित पञ्चासे तालको दक्षिण पूर्वी किनारमा अवस्थित मन्दिर तालबाराही मन्दिर हो। पञ्चासेको प्रमुख आकर्षक मध्येको एक पञ्चासे ताल र यहाँ अवस्थित तालबाराही मन्दिर २०५५ सालमा विभिन्न दाताहरूको सहयोग जुटाई सिद्धबराह युवा क्लब चित्रे पर्वतको सक्रियतामा स्थापित भएको कुरा त्यहाँ रहेको शिलालेखबाट देखिन्छ। यस मन्दिर तालकै किनारको जमिनको सतहदेखि ढुङ्गाको छपनी छापेर पेटी बनाई चार तहको पेटीपछि चौताराका रूपमा सम्म बनाइसकेपछि मन्दिरको जग बीचमा सुरु गरी बनाइएको छ। उक्त मन्दिरको दक्षिणपट्टि ढोका रहेको छ जुन ढोकाको चौकोस काठको र खापा टिनको बनाइएको छ। त्यसै गरी पूर्व र पश्चिमपट्टि एक एक वटा झ्याल रहेका छन्। मन्दिरको भित्री भाग २/२ मिटर लम्वाइ चौडाइको वर्गाकार रहेको छ। झ्यालमा काठका फलेक र चौकोस तथा फलामे रड प्रयोग गरिएको छ। मन्दिरको गाह्रो माटो र ढुङ्गाबाट बनाइएको छ। छाना ढुङ्गाले छाइएको छ। मन्दिर प्यागोडा शैलीमा निर्माण गरिएको र गजुर राखिएको छ। माथिल्लो तलामा चारैतिर एक एक वटा साना आँखी झ्याल राखिएको छ। मन्दिरको पूर्वपट्टि ढुङ्गाको पर्खाल लगाइएको र तीनतिर ताल किनाराले सुरक्षित राखिएको यस मन्दिरभित्र सिमेट, पत्थरबाट बनाइएका तालबराह, शिव पार्वती तथा गणेशका मूर्तिहरू रहेका छन्। शिवको मूर्तिमा रुद्राक्ष, त्रिशूल, सूर्य र पार्वतीको मूर्तिमा घुम्टो ओढाइएको छ।

तालबाराहीको मूर्ति ४/४ हात, दुई पाउ, दुईवटा दाह्रा र दुई वटा ठाडा कानसहित पशुस्वरूपको टाउको रहेको अवस्थामा ७५ से.मी. उचाइको माला, ध्वजा, कपडा पहिराइएको अवस्थामा रहेको छ। शिव पार्वतीको मूर्ति करिब ५० सेमीको उचाइमा र गणेशको सानो मूर्ति रहेका छन्। मन्दिरभित्र त्रिशूल, डम्मरु, जलघडाहरू तथा ध्वजापतका र घण्टीहरू रहेका छन्। मन्दिर सँगसँगै तालको चारैतिर ढुङ्गाले छापेको २ मिटर फराकिलो बाटो करिब २५० मिटर रहेको छ।[ज्ञण्ठ] यस पञ्चासे तालको लम्बाइ ९० मिटर र चौडाइ ४० मिटर तथा गहिराई करिब १० मिटर अधिकतम रहेको छ।[ज्ञण्ड] पञ्चासे तालको दक्षिणपूर्वी किनार र तालबाराही मन्दिरकै नजिकबाट पञ्चधाम पञ्चासेको मुख्य टाकुरातर्फ जाने ढुङ्गे सिढीको बाटो रहेको छ।

**(ख) पाञ्चायन मन्दिर**

पाञ्चायन मन्दिर पञ्चासेमा रहेको सिद्धबाबाको मन्दिरभन्दा दक्षिण-पश्चिमपट्टि अवस्थित छ। केही फराकिलो र पहारिलो डाँडामा रहेको यस मन्दिर मुख्य होम कुण्डबाट पूर्वपट्टि रहेको छ। जमिनको सतहबाट ७ मिटर चौडाइ र १३ मिटर लम्बाइको ढुङ्गाले छापेको चौताराको बीच भागमा ढुङ्गा र माटोको गाह्रो र ढुङ्गाको छानो भएको प्यागोडा शैलीमा निर्माण गरिएको यो मन्दिर दुईतले देखिन्छ।[ज्ञण्ढ] उपल्लो तलाको चारैतिर सानासाना काठका आँखीझ्याल रहेका छन्। मन्दिरको मुख्य ढोका २ मिटर अग्लो र १ मिटर चौडाइको छ। मन्दिरको तीनतिर उत्तर, दक्षिण र पश्चिमतिर एक एक ओटा झ्याल रहेका छन्। झ्यालहरू ९० सेमी चौडाइ र १.२० मिटर उचाइका रहेका छन्। फलेक र चौकोस काठका रहेका झ्यालमा फलामका रड प्रयोग गरिएको छ। मन्दिरको भित्र ३.७५ मिटर लम्बाइ चौडाइको वर्गाकार क्षेत्रफल रहेको छ। यस मन्दिरको आसनको बाहिरी पेटी सिमेन्टले बनाइएको छ भने टोकल काठको राखिएको छ। दुवै तलाको छानासँगै रातो कपडाको फल्स राखिएको छ। मन्दिर बाहिर एउटा ठूलो घण्ट राखिएको छ भने भित्र एवं बाहिर विभिन्न ठाउँमा घण्टीहरू राखिएका छन्।

मन्दिरभित्र बीच भागमा योग मुद्रामा बसेको अवस्थामा शिवजीको मूर्ति राखिएको छ। त्यस मूर्तिको ठीक सामुन्ने शिवलिङ्ग राखिएको छ। ध्वजापतका, त्रिशूल, रुद्राक्ष माला

---

१०७ स्थलगत भ्रमण अवलोकनबाट प्राप्त जानकारी अनुसार।

१०८ ऐजन।

१०९ ऐजन।

पहिराइएको अवस्थामा ८० सेमी अग्लो शिव मूर्ति रहेको छ भने चारैतिर कुनामा विष्णु, सूर्य, गणेश र देवीका मूर्तिहरू अर्ध घुम्टो ओढाइएको अवस्थामा रहेका छन् । आधा आधा मिटर उचाइका यी मूर्तिहरू पनि सबै सिमेन्ट पत्थर शिलाबाट बनाइएका छन् ।[110]

**(ग) सिद्धबाबा मन्दिर**

पञ्चासेको टाकुराको उत्तर-पूर्वी भागमा रहेको मुख्य टाकुरामा अवस्थित मन्दिर नै सिद्धबाबाको मन्दिर हो । प्यागोडा शैलीमा निर्मित यो मन्दिर तलबाट चारैतिर ढुङ्गाले छापेर चौतारो जस्तो पेटी उठाउँदै माथि २६ मिटरको गोल परिधिको बीच भागमा यो मन्दिर बनाइएको छ । तीन तीन मिटर बाहिरी लम्बाई चौडाइ नाप रहेको मन्दिर केही चिनेपछि चार सुडमा एक एक वटा पिल्लरजस्तो जुल्के गाह्रो उठाएर बीचका भागहरू खुला राख्दै काठका कराँयहरू ठोकेर गोलाकार रूपमा ढुङ्गे छाना हाली शिरमा शिला एवं धातुको गजुर राखेर बनाइएको छ । ३ मिटरको उचाइ रहेको यस मन्दिरभित्र पर्वत तिलाहार निवासी ज्ञानेन्द्र महतद्वारा प्रदान गरिएको पत्थर शिला निर्मित शिवलिङ्ग स्थापना गरिएको छ । सिमेन्टको ३ तहको पेटी बनाउँदै सर्पको आकृतिबाट वेष्ठित चतुर्मुखी शिवलिङ्ग रुद्राक्ष मालाले बेरिएको अवस्थामा राखिएको छ । मन्दिरको बाहिरपट्टि वरिपरि १०० वटा दियो बाल्ने पालाहरू बनाइएको छ । मन्दिरको दक्षिणपट्टि हनुमानको सानो मूर्ति पीताम्बर ओढाइएको अवस्थामा राखिएको छ । उक्त हनुमानको मूर्ति शिवलिङ्गतर्फ फर्काइएको छ । यसै मन्दिरको उत्तर-पूर्वी परिसरमा विशाल खस्रुको रुख छ । त्यस रुखमा ढुङ्गाको मौलो ठड्याइनुका साथै करिब ५०० घण्टीहरू राखिएको छ । ध्वजापतकाले रुख भरिएको छ । यो रुख र त्यसको आडमा ठड्याइएका ढुङ्गाहरू नै शिद्धबाबालाई पूजा गर्ने परम्परागत स्थल हो । त्यस रुख वरिपरि दर्जनौं साना-ठूला त्रिशूलहरू रहेका छन् । त्यसै रुख नजिकै मीनबहादुर गुरुङ तथा डाँफे कला मन्दिर पोखराले प्रदान गरेको विशाल घण्ट पनि रहेको छ ।

**(घ) बौद्ध स्तूप, छ्योरतेन तथा बुद्ध मूर्ति**

पञ्चासेको वरिपरि बसोबास गर्ने मानिसहरूमध्ये गुरुङ जातिको पनि बहुलता रहेको हुँदा बौद्ध धर्म अन्तर्गत लामा बौद्ध धर्म संस्कृतिको प्रभाव पनि यस पञ्चासे क्षेत्रमा पर्नु स्वाभाविकै हो । पौराणिक र महाकाव्यकालदेखि नै बौद्धमार्गीहरूको पनि यस क्षेत्रमा सम्पर्क र निकटता रहेको विश्वास गरिन्छ तापनि बाईसी चौबीसी राजाहरूको राज्यकाल अर्थात १६

---

११० ऐजन ।

औं शताब्दीपछि भने यहाँ बौद्धधर्मको (विशेष गरी लामाबौद्ध धर्मको) प्रस्ट प्रभाव देखिन्छ। त्यसैले बौद्ध लामा धर्म परम्पराको जगेर्ना गर्न र पञ्चासे क्षेत्रमा यसको अस्तित्वको पुनरुत्थान गर्न आर्थर, पर्वत निवासी निरज गुरुङ र सरस्वती गुरुङ तथा परिवारले स्व. पिता माता शिवशरण गुरुङ र रामकुमारी गुरुङको स्मृतिमा २०६५ मंसिर २७ गते निर्माण सम्पन्न गराएको एक छ्योरतेन पनि यहाँ रहेको छ। आकर्षक एवं सफा अवस्थामा रहेको यस छ्योरतेनको शिरमा कमलको फूलमाथि पद्मासनको ध्यान मुद्रामा उत्तर फर्केर बसेको पहेंलो बुद्ध मूर्ति बनाइएको छ। यो खुला र खादा ओढाइएको अवस्थामा छ। यो स्मारक ६.५ मिटर लम्बाइ र ६ मिटर चौडाइको ढुङ्गे छपनीको आकर्षक चौतारो बनाई बीचमा मार्बलको पेटी बनाउँदै बनाइएको छ। मार्बल पेटी सहित २.५ मिटर उचाइको छ्योरतेन र बुद्धको मूर्ति कमल फूलसहित ६६ से.मी. को उचाइको रहेको छ।[ज्ञज्ञज्ञ]

यसैसँग अर्को स्तूप आकृतिको एक स्मारक पनि रहेको छ। दुवै स्तूप तथा छ्योरतेन एउटै कम्पाउण्ड भित्रको २५ मिटर परिधिभित्र अवस्थित छन्। दोस्रो वा स्तूप चाहिँ सूरबाट ४ पेटी सिढी घटाउँदै लगेर डल्लो मोटो भाग आधा मिटर बनाई पुनः पेटी घटाउँदै स्तूप शैलीमा निर्माण गरिएको छ। यसको आसनको लम्बाइ चौडाइ ३/३ मिटरको वर्गाकार रहेको छ। शिरमा चन्द्राकार रूप देखाइएको छ। जमिनबाट ८.५ मिटर उचाइसम्म पुऱ्याइएका यी स्मारकहरूलाई फलामे घेरावाल बार लगाएर सुरक्षित बनाइएको छ भने परिसरमा अति राम्रो ढुङ्गे छपनी ओछ्याएर सफा पारिएको छ। गुरुङ लामा परम्पराअनुसार तयार गरिएका ध्वजापतका सहितका तोरण छपक्कै टाँगिएको छ।

**(ङ) हवन कुण्ड**

हिन्दू धर्म संस्कृतिमा विभिन्न यज्ञहरू गरी हवन कार्य पनि सँगसँगै गर्ने प्रचलन भएकाले पञ्चासे क्षेत्रमा पनि ठाउँठाउँमा हवन कुण्डहरू देखिन्छन्। तिनीहरूमध्ये पाञ्चायन मन्दिरभन्दा पश्चिमपट्टि ८ मिटर लम्बाइ र ७ मिटर चौडाइको ढुङ्गाले चिनेर छपनी छापेर बनाइएको चौतारो जस्तो स्थानका बीचमा डेढ मिटर लम्बाइ, डेड मिटर चौडा र उचाइ पनि डेढ मिटरकै आकारको हवन कुण्ड रहेको छ। त्यसलाई काठका खम्बा र सत्तरी करायँ प्रयोग गरी टिनले छाइएको अवस्थामा रहेको छ। खुल्ला रूपमा एक डेड सय व्यक्तिहरू सजिलै बसेर पाठ गर्न, हवन गर्न सकिने फराकिलो ठाउँ बनाइएको छ। छाना र काठ जीर्ण भई तत्कालै पुनर्निर्माण गरिनुपर्ने अवस्थामा रहेको छ।

---

१११ ऐजन।

यसका अलवा अन्यत्र पनि यस्तै धेरै हवन कुण्डहरू रहेको मानिएका छन् तर कतिपय पुरिएर भग्नावशेष रूपमा मात्र छन् । त्यस्तै एउटा हवन कुण्ड पञ्चासेतालभन्दा उत्तरपट्टि सुख्खा तालको पनि उत्तर-पूर्वी भागमा रहेको छ । त्यसै गरी भगवान् रामको आगमन हुँदा हवन गरिएको कुण्ड पनि यसै तालको आसपास रहेको अनुमान गरिएको छ तर हालसम्म पत्ता लगाउन सकिएको छैन ।

**(च) शिला गुफा**

पञ्चासेको पाञ्चायन मन्दिरकै नजिक रहेको ३ मिटर लम्बाइ, १.५ मिटर चौडा तथा २ मिटर उचाइको ढुङ्गा खोपेर गुफा बनाइएको छ । त्यस शिला गुफाको भित्री भाग २ मिटर लम्बाइ, १ मिटर चौडाइ र १ मिटर उचाइ रहेको र एक जना ठूलै मानिस खुलासँग सुत्न र बसेर ध्यान गर्न सकिने ठाउँ रहेको छ ।[ञञद] महाप्रभु गंगाधर पनेरु र पछि अन्य तपस्वीहरू पनि त्यसै शिला गुफामा ध्यान बस्थे भन्ने विश्वास गरिन्छ । यस शिलाको पूर्व, पश्चिम र उत्तर तीनतिर एक एक प्वाल बनाएर झ्यालजस्तो बनाइएको छ भने दक्षिणतर्फ खुला ढोका रहेको छ । ढुङ्गाको बाहिर माथिपट्टि ढुङ्गाका छपनी मिलाएर छाएको अवस्थामा राखेर कुटीको रूप दिइएको छ । यसै गुफाभित्र २ मिटर लम्बाईको सिमेन्टको एक मानव प्रतिमा सुतेको अवस्थामा बनाइएको छ । पूर्व शिर गरी सुतेको यस प्रतिमाको वायाँ हात भुइँमा राखिएको छ भने दायाँ हात पेटमाथि राखिएको छ । मूर्तिको शिर भागमा त्रिशूल, दियो राखिएको छ ।[ञञघ]

**(छ) धर्मशाला**

पञ्चासे ऐतिहासिक तथा पर्यटकीय स्थल मात्र नभई प्रमुख तीर्थस्थल पनि रहेको हुनाले वर्षेनी हजारौं तीर्थालु भक्तजनहरू पञ्चासे आउने गर्दछन् । विशेष गरी बालाचतुर्दशीका दिन सत्बीज छर्न र सिद्धबाबाको दर्शन एवं पञ्चासे ताल अर्थात् च्यवन सरोवरको स्नान गरी पवित्र हुन मानिसहरू देशविदेशबाट आउने गर्दछन् । यहाँ वृद्धवृद्धाहरूसमेत १-२ दिन अगाडिदेखि आउने हुनाले बास बस्नका लागि पञ्चासे मार्गका विभिन्न ठाउँमा पनि धर्मशालाहरू रहेका छन् भने पञ्चासे पुगिसकेपछि पञ्चासे तालको उत्तरपट्टि टिनको छाना सहित कोठाकोठा बनाइएको धर्मशाला छ । नजिकै शौचालयको पनि व्यवस्था गरिएको छ । त्यसै गरी तालको दक्षिणपट्टि पनि अर्को धर्मशाला र शौचालयको

---

११२ ऐजन ।

११३ ऐजन ।

व्यवस्था छ । पञ्चासेको मुख्य टाकुरामा पुगिसकेपछि पाञ्चायन देवताको मन्दिरको नजिक पूर्वपट्टि आधुनिक किसिमले कोठैकोठा बनाएर टिनको छाना हाली बनाइएको फराकिलो खुला र आकर्षक छपनी छापेको आँगनसहितको धर्मशाला रहेको छ जहाँ पञ्चासेको कुनै पनि औपचारिक कार्यक्रम, राखनधरन र सभा समारोह, गोष्ठी पनि यही स्थलमा हुने गर्छ । यहाँ पानी सङ्कलनका लागि ट्याङ्कीहरूको व्यवस्था पनि गरिएको छ। यसैको अगाडि दक्षिणपट्टि तल्लो भागमा ठूलै खालको दुई तले आवासगृह पनि निर्माणाधीन अवस्थामा रहेको छ ।

**(ज) महाप्रभु गंगाधर पनेरुको समाधिस्थल**

पञ्चासे प्राकृतिक रूपमा सुन्दर, धार्मिक रूपमा पवित्र र यौगिक रूपमा उत्तम साधनास्थल रहेको हुँदा स्याङ्जा सेतीदोभान गा.वि.स. वडा नं. ५ सानीबगारे निवासी गंगाधर पनेरु आफ्नो गृहस्थाश्रम परित्याग गरी पञ्चासेमा करिब २० वर्ष ध्यान, योग र तपस्यामा साधनारत रहेका थिए । शुरुमा आफू ध्यान र योगमा एकान्त स्थलमा रहने इच्छा भएकाले बस्ने कुटी, धुनी पूजापाठ गर्न मन्दिर गौशाला एवं धर्मशाला बनाउन दाजुभाइ तथा निकटवर्ती समुदायका व्यक्तिहरूले सहयोग पुऱ्याएका थिए ।[ञञद्ध]

२० वर्षको तपोमय जीवन पञ्चासेमा व्यतीत गरेपछि आफ्नो मृत्युको ३ दिन अगाडि आफूलाई भगवान् कृष्णले बोलाएका छन् भनी मृत्युको घोषणा गरेका थिए । त्यसपछि दाजुभाइ र शुभचिन्तकहरू उक्त दिन सजग रूपमा रहेका थिए। तोकिएकै मितिमा महाप्रभु पद्मासनमा ध्यानमग्न रहँदारहँदै परमधाम भए र उनकै आग्रह बमोजिम उनी बस्ने शिला गुफाको अगाडि रहेको २ मिटर उचाइ र १ मिटर चौडाइको चुच्चे ढुङ्गाको आडमा पूर्वपट्टि उनलाई यथास्थितिको पद्मासनमा नै समाधि गरिएको थियो । सोही स्थानमा उनकै भाइका छोराहरू र उनका सन्तानबाट एक शिलालेख तयार गरी महाप्रभुको छोटकरी विवरण राखिएको छ जसको केही अंश यसप्रकार छ :

ॐ श्री परमात्मने नमः

पंचासे 'प्रभु' श्री गंगाधर पनेरुबारे

संक्षिप्त जानकारी शिलालेख पत्र

नामः श्री गंगाधर पनेरु

ठेगाना : सेतीदोभान-५, सानीबगर, स्याङ्जा

---

[११४] *प्रसिद्ध पञ्चासे* (मासिक खबर पत्रिका), वर्ष २, अंक २, २०६८, पृ. ८ ।

जन्म : वि.सं. १९१२ साल

मृत्यु : वि.सं. १९९२ वैशाख (पञ्चासे)

पञ्चासेमा तपस्या : २० वर्ष (वि.सं. १९७२-१९९२)[ञञछ]

नोट : यो शिलालेख रहेको ठाउँ 'प्रभु' गंगाधर पनेरुको समाधिस्थल हो ।

यस लेखभन्दा तल पनेरु सन्ततिहरूको नामावली छ जसले यस शिलालेख लेखाएका थिए ।

उपर्युक्त धार्मिक स्मारकहरूका साथसाथै पाञ्चायन मन्दिरदेखि पश्चिमपट्टिको मुख्य टाकुरामा पञ्चकोशी समाज, आर्थर डाँडाखर्क, पोखरा सम्पर्क समाजद्वारा २०५७ सालमा गुरुङ हिल टावरको निर्माण गरिएको छ। फराकिलो किसिमले जमिनको सतह सम्म गरी चारैतिर ढुङ्गाको गाह्रो उठाई वरिपरि छपनी मारेर बीच भागमा पूरै दुबो पलाउन सक्ने ठाउँ राखी बीचमा रहेको भग्नावशेषलाई सुरक्षित राख्दै शिलालेख राखिएको छ । यहाँबाट खुल्ला रूपमा दक्षिणतिरका गाउँबेंसी, बस्ती र ग्रामीण मोटरबाटाका रूपरेखाहरू र उत्तर हिमाली शृङ्खला अत्यन्तै मनमोहक देखिन्छ । त्यसै गरी यस स्थानभन्दा पूर्व विश्वशान्ति स्तम्भ पनि गाडिएको छ ।

सिद्धबाबाको मन्दिर र पाञ्चायन मन्दिरको बीचको थुम्कोमा आधुनिक किसिमले सिमेन्ट छतको ढलान गरी पक्की टावर निर्माण गरिएको छ। त्यहाँबाट चारैतिरको दृश्य प्रस्ट देख्न सकिन्छ। यसै टावरको भुइँतलामा दुई जना रसियन नागरिक एक पुरुष अमर र एक महिला वसन्ती एक डेढ वर्षदेखि योगीका रूपमा खाली खुट्टा हिँड्ने, नाङ्गै बस्ने, ध्यान गर्ने, जडिबुटी र सादा खानाको सेवन गर्ने तथा प्रकृति र जङ्गली जनावरसँग निकट रहने गरी प्राकृतिक जीवनशैलीको योगमय जीवनको आनन्द लिँदै आएका छन् । घर सोध्दा सम्पूर्ण पृथ्वी हाम्रो घर, जन्मेको रसियामा, आफन्त सोध्दा सम्पूर्ण चराचर जगतका प्राणी र वनस्पति आफन्त हुन् भन्ने जवाफ दिने यिनीहरू पुरुष कलाकार र महिला चाहिँ पत्रकार रहेको बताउँछन् । यिनीहरूमा वेद नै सबै धर्मको जननी र मार्गदर्शक हो भन्ने विश्वास छ।

## २.३.४. तपस्वीहरू र तपस्या

शिवजीले स्वयं तपस्या गरी सिद्धि प्राप्त गरेको स्थलका रूपमा विश्वास गरिएको पञ्चासे क्षेत्रमा च्यवन ऋषिले पनि लामो समयसम्म तपस्या गरेका थिए । उनी ध्यानमा

---

[११५] स्थलगत भ्रमण अवलोकनबाट प्राप्त जानकारी अनुसार ।

बस्दा शरीरमा झ्याउ उम्रेर चिन्न नसकिने खालको अवस्थामा आएको कुरा श्रीमददेवीभागवत महापुराणको सप्तम स्कन्दको द्वितीय भागमा उल्लेख गरिएको छ ।[ज्ञज्ञट] हाम्रो देश सुन्दर प्राकृतिक वरदान मात्र नभई चार जात छत्तीस वर्णका सम्पूर्ण नेपालीले सिँगारेको मुटुको ढुकढुकी पनि हो । यसै कारणले बेलाबखत ठाउँठाउँमा ऋषि एवं तपस्वीहरूको आगमन हुने क्रमसँगै रामायण, महाभारतमा उल्लेख भएअनुरूप राम, लक्ष्मण, राजा दशरथ, अन्धाअन्धी तथा तिनका छोरा श्रवणकुमार, पाँच पाण्डवहरूसमेत वनविहार गर्न वा ध्यान तपस्या विश्राम जे गर्न भए पनि यस पञ्चासे क्षेत्रमा आएको बारेमा जनविश्वास रहेको छ ।[ज्ञज्ञठ] यसै क्रममा वि.सं. १९६७ मा महाप्रभु गंगाधर पनेरुले पहिलोपटक पञ्चासेको अन्वेषण गरी शक्तिशाली ज्योतिर्लिङ्गका रूपमा पञ्चासेको मुख्य टाकुरा रहेको बताउँदै शिवले सिद्धि प्राप्त गरेको स्थल हो भनी बताएका थिए । स्याङ्जा सेतीदोभान छाडेर वैराग्यता उत्पन्न भई विभिन्न ठाउँहरू हुँदै उनी पञ्चासेमा ध्यान मग्न हुने, जपतप, होम गर्ने, धर्मशाला र कुटी बनाउने गर्दै मकैको भात वा गहुँको रोटी एक छाक मात्र खाने गर्दथे । लटा, जटाधारी, काठको लगौंटी लगाउने, प्रायः नाङ्गै रहने गर्दथे । उनलाई रात्रीमा बाघले पहरा दिने गर्दथ्यो भन्ने विश्वास गरिन्छ ।[ज्ञज्ञड] उनले पञ्चासेमा अखण्ड धुनी लगाउनुका साथै अखण्ड दीप प्रज्ज्वलन गर्दथे । यज्ञ, सप्ताहबाट ल्याएको घिउ, अन्न हवन गर्दथे साथै उनले खरानीले नुहाउने गर्दथे ।

उनले आफूले मन परेका मानिसलाई कृष्ण भनेर बोलाउने गर्दथे । घिउका ठूला टिनहरू पनि हवन गरेर सिध्याउने गर्दथे । करिब २० वर्षको तपस्यारत जीवनमा पञ्चासे क्षेत्रको संरक्षण र विकासमा बाटोघाटो बनाउने, पाटीपौवा निर्माण गर्ने, विश्रामस्थल बनाउने, यज्ञशाला, हवन कुण्ड, मन्दिर, मूर्ति बनाउने जस्ता महत्त्वपूर्ण कामहरू गरेका थिए । अन्तिम अवस्थामा ३ दिन अगाडि आफ्नो मृत्युको घोषणा गर्दै पद्मासनमा देहत्याग गरेका र उनकै आग्रहअनुसार बसोबास नजिक हाल भग्नावशेष (शिलालेख) रहेकै अगाडि सोही आसनमा समाधि गरिएको थियो ।

महाप्रभुको अवसानपछि उनका चेला चोसे भन्ने पौडेल थर भएका वाङ्सिङ गा.वि.स. वडा नं. ८ सिरयाखोरका तपस्वीले केही समय अखण्ड धुनी र दीपको जगेर्ना गर्ने

---

[११६] गौतम, पूर्ववत्, पादटिप्पणी नं. १३, पृ. ३४ ।

[११७] पौडेल, पूर्ववत्, पादटिप्पणी नं. १७ ।

[११८] *प्रसिद्ध पञ्चासे* (मासिक खबर पत्रिका), वर्ष २, अंक २, २०६८, पृ. ८ ।

काम गरे । पछि धुनीमा उनका औंलाहरू मात्र भेटिएकाले अग्निमा घिउ खन्याएर आत्मदाह गरेका हुनसक्ने वा अग्निमा घिउ पोखिएर जलेको हुन सक्ने आशङ्का गरिएको छ ।[ज्ञज्ञढ]

त्यसै गरी शिलागुफामा बस्ने, हवन कार्य गर्ने आध्यात्मिक कार्यमा संलग्न शरादीखोला निवासी रविलाल पनि त्यही अग्निकुण्डमा प्राण विसर्जन गरी जलेर मरेका थिए । यसै गरी कास्कीकोट रातामाटा घर भएका भवानीशंकर तिमिल्सिनाले पञ्चासेमा केही समय तपोमय जीवन बिताएका थिए । उनी कैलो कैलो निकै लामो कपालका जटा भएका शिरमा फनक्क बेरेर ठूलो केश मुकुट बनाएका, छातीसम्म झरेका लामा दाह्रीजुंगा, कुशको यज्ञोपवित (जनै) धारण गरेका, काठको ठोक्रो लगौंटीका रूपमा लगाउने, शरीर प्रायः नाङ्गै रहने, कहिलेकाहीँ नरिवलको जटा वा जुटको वस्त्र लगाउने, चामलबाहेक गहुँ, जौ, आलु, मकै, फलफूल, दूध दही, घिउ, तरुल, गिठाभ्याकुर, सख्खर आदि खाने, खुट्टाको बूढीऔंला बाङ्गो भएका ठूलो र अग्लो कद भएका बालब्रह्मचारीका रूपमा रहेका थिए । उनी पछि सिद्ध बराहको पूजा आराधना गर्दै माझथुम (ठूलाखेत) सरेका थिए र पछि देवघाटमा २०२२ सालमा ब्रह्मलीन भएका थिए ।[ज्ञद्दण]

यसै गरी टीकाराम अधिकारी भन्ने व्यक्ति २०१९/२० सालतिर पञ्चासेमा जोगीका रूपमा बसेका थिए तर पछि पुनः विवाह गरी गृहस्थ आश्रममा फर्केका थिए । पहिले पहिले त्यस्ता तपस्वीहरू तपस्यारत रहँदा केही चेला तथा भक्तिनीहरू पनि बस्ने गरेका थिए तर पछिल्लो समयमा त्यस्ता तपस्वीहरू बस्न छाडेकाले भक्तिनीहरू र अन्य चेलाहरू पनि विस्थापित हुँदै गए । उनीहरू प्रायःजसो देवघाटतर्फ लागेको पाइन्छ ।

केही विदेशीहरू पञ्चासेको इतिहास, शक्ति र ध्यान केन्द्रको रूपमा बुझेर तपस्या बस्ने नक्कल गर्दै छन् । क्यानडियन नागरिक गेरी केही वर्ष अगाडिदेखि पञ्चासेको धार्मिक र आध्यात्मिक रसास्वादन गर्दै सम्पर्कमा रही रहेका छन् । त्यसै गरी दुई जना रसियन नागरिक पनि स्वर्गीय आनन्दको प्रतिक्रिया दिँदै टावरको भुइँतलमा धुनी जगाएर ध्यान बसिरहन्छन् । खाली खुट्टा हिँड्न रुचाउने उनीहरू रसियामा पत्रकार र कलाकार रहेका थिए । उनीहरू त्यहाँ बस्दा प्रकृति र भगवान्सँग नजिक रहेको कुरा बसन्ती (महिला) बताउँछिन् ।

तपस्वीहरूकै क्रममा कास्की ढिकुरपोखरी गाविस वडा नं. ८ मासथोक निवासी अबाल ब्रह्माचारी पशुपति उपाध्याय (सच्चिदानन्द) सोही गाविसमा पर्ने मन्खु तल

---

[११९] जीवनाथ शर्मासँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

[१२०] भण्डारी, पूर्ववत्, पादटिप्पणी नं. ११ ।

झौरीखेत चौतारी रहेको ठाउँमा आँपको वृक्षमुनि केही समय ध्यान योगमा रहँदा बेलाबखत पञ्चासे महाप्रभुसँग भेटघाट गर्ने र सिद्धबाबाको दर्शन गर्ने गरेको तथ्य तीर्थराज पौडेलबाट प्राप्त जानकारीबाट थाहा भएको छ । पशुपति उपाध्याय पछि बद्रीनाथ गएका र त्यहाँ कुनै दिव्य पुरुषसँग भेट भएको, उनकै सल्लाह पाएर पुनः फर्केको पाइन्छ । नेपाल फर्किसकेपछि विभिन्न ठाउँको भ्रमण गर्दा स्वर्गद्वारी महाप्रभुको सम्पर्कमा रहेर उहाँलाई गुरु बनाउनुभएको तथा स्वर्गद्वारी महाप्रभुबाट रु. ६० नगद र आशीर्वाद प्राप्त गरी जन्मथलोमा कुटी बनाउन प्रेरणा पाएका थिए । उनलाई २०६८ सालमा सनातन धर्म सेवा समितिबाट मरणोपरान्त ‘सनातन रत्न’ पदकले सम्मानित पनि गरिएको छ ।[१२१]

अहिले पञ्चासेमा खास तपस्वीहरू नभएको कारण भक्त, भक्तिनीहरू पनि अन्यत्र गए भने कोही वृद्ध भई परमगति प्राप्त गरे तापनि वरिपरिका गाउँलेहरूले ब्रह्म झाँक्री, रीठा झाँक्री, जल झाँक्री, सिमे झाँक्री, भयर, भूमे, ऐरिशिकारी, देवीदेउराली, बराह, नाग आदि देवीदेवताहरूको पूजा आराधना र विशेष रूपमा सिद्ध बाबाको पूजा उपासना, भाकल गर्ने गरेका छन् ।

### २.३.५. जात्रा एवं पर्वहरू

प्रत्येक वर्ष बालाचतुर्दशीका दिनमा पञ्चासेमा ठूलो मेला लाग्दछ । त्यस अवसरमा सत्‌वीज छर्न तथा च्यवन सरोवरको स्नान गरी पुण्य आर्जन गर्नुका साथै सिद्धबाबाको दर्शन एवं पूजा गर्न स्वदेश तथा विदेशका हजारौं भक्तजनहरू त्यहा जाने गर्दछन् । बुद्धजयन्ती र फागुपूर्णिमामा समेत पहिले पहिले मेला लाग्दथ्यो ।[१२२] साथै त्यहाँको मनोरम दृश्य अवलोकन गरी आनन्द लिनका लागि पनि त्यहाँ जाने गर्दछन् । त्यसै गरी ठूली एकादशीका दिनमा बाजागाजा एवं भजनकीर्तनका साथ फूल तार्नका लागि भक्तजनहरू त्यहाँ रहेको च्यवन सरोवरमा जाने गर्दछन् । स्वस्थानी व्रत समाप्तिका अवसरमा माघ शुक्लपूर्णिमाका दिनमा पनि फूलपाती विसर्जन गर्न त्यहाँ जाने गर्दछन् ।

बहुधार्मिक, बहुभाषिक, बहुजातीय तथा बहुसांस्कृतिक नेपाली समाज युगौंदेखि विविधताले भरिएको छ । पञ्चासे क्षेत्रमा बसोबास गर्ने नेपालीहरू पनि विभिन्न जातजातिका आ-आफ्नै परम्परागत सांस्कृतिक चालचलन र रीतिरिवाजका साथ बाँचिरहेका

---

१२१ तीर्थराज पौडेलसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

१२२ पञ्चासे मासिक खबर पत्रिका, पोखराः वर्ष २४, अंक २, २०६७ मंसिर, पृ. १ ।

छन् । ब्राह्मण, क्षत्री, गुरुङ, मगर, ठकुरी, नेवार, कामी, दमाई, सार्की आदि जातिहरूको बसोबास रहेको यस क्षेत्रमा गुरुङ जातिको बसोबास पञ्चासे निकटवर्ती गाउँहरूमा बढी रहेको छ । उनीहरूको भेषभूषा, रहनसहन, रोधी, सोरठी, ठाडोभाका विशेष सुपरिचित छन् । ब्राह्मण, क्षत्री तथा अन्य जातिहरूको पनि आ-आफ्नै किसिमको फरक-फरक सांस्कृतिक परम्परा पनि रहेको छ । संस्कृतिको भण्डार एवं धार्मिक सहिष्णुताको प्रतीकका रूपमा पञ्चासेलाई लिन सकिन्छ ।

यहाँका गुम्बा, मठमन्दिर, देवल, चैत्य, पाटीपौवा, समाजघर, चौतारा, पोखरीहरूले ज्यादै ठूलो सांस्कृतिक महत्त्व बोकेको छ । बडादशैं तथा चैत्राष्टमी पर्वका अवसरमा देवी माता दुर्गा भवानीको पूजा गर्नुका साथै प्रत्येक घरघरमा दशैंको टीका र जमरा लगाएर ठूलाले सानालाई आशीर्वाद दिने चलन छ । तिहारमा दाजुभाइ तथा दिदीबहिनीहरूबीच टीका, माला लगाई आपसी सम्बन्ध घनिष्ट बनाउने, दक्षिणा भेटी दिने र मिठामिठा परिकार खाने चलन छ । तिहारको अवसरमा नै तीन दिनसम्म रमाइलो गरी देउसीभैलो खेल्ने चलन छ । देउसी भैलोमा बालकदेखि वृद्धसम्म महिला र पुरुष सबै समावेश हुन सक्दछन् ।

गुरुङ जातिमा ल्होसार पर्व नववर्षका रूपमा मनाइने हुनाले धुमधामका साथ विभिन्न खेलकुद एवं सांस्कृतिक कार्यक्रम तथा प्रतियोगिताहरूको आयोजना गरी मनाइन्छ ।

त्यसै गरी तीजका अवसरमा विभिन्न खेलकुद एवं लोकसांस्कृतिक प्रतियोगिताहरू हुनुका साथै ब्राह्मण, क्षत्री समाजबाट नाचगान, उपवास, ऋषि पञ्चमी पूजा, हरितालिका व्रत लगायतका कार्यक्रमहरू हुन्छन् । बौद्ध लामाहरूबाट झण्डाहरू फहराउनुका साथै विभिन्न धार्मिक गतिविधिहरू भइरहन्छन् । गुरुङहरूबाट प्रत्येक वर्षको चैत्र महिना र श्रावण महिनाको अन्तिम मंगलबार गाउँबस्तीबाट भूतप्रेत अर्थात खराब दुष्कर्महरूलाई लखेट्ने जनविश्वासका साथ ट्होंटे पर्व मनाउने प्रचलन छ । सो अवसरमा युवाहरूको सक्रिय समूह मिली भकिम्लोको काठका हतियारका साथ जंगली झारपातको सजावटबाट झाँकीहरू समेत निर्माण गरी अनौठो पाराले झ्याली बजाउँदै प्रत्येक घरघरमा गएर सम्पन्न गरिने यस पर्व पछिल्ला दिनहरूमा अलि शिथिलता आएको देखिन्छ । यसरी नै गुरुङहरूको मृत आत्मलाई स्वर्गमा तार्ने पितृकार्यका रूपमा उनीहरूका नाममा गरिने अर्घौं कार्य तीन दिनसम्म असाध्यै धुमधामका साथ झाँक्री तथा घ्याप्रीको धार्मिक क्रियाकलापहरू सहितको नाच गर्दै सम्पन्न गरिन्छ । यो अवसरमा गरिएको क्रियाकलाप असाध्यै अनौठा र भिन्न प्रकृतिका संस्कार भएकाले महत्त्वपूर्ण छन् । त्यसै गरी सबै जातजातिका जन्मदेखि

मृत्युपर्यन्त अपनाइने धार्मिक र सांस्कृतिक क्रियाकलापहरू नेपाली सांस्कृतिक अनुपम नमूनाका रूपमा पञ्चासे क्षेत्र वरपरका बस्तीहरूमा विद्यमान रहेकाले यसको महत्त्व यस पञ्चासेमा मात्र नभई राष्ट्रिय र अन्तर्राष्ट्रिय जगत्मा पनि महत्त्वपूर्ण छ । जसरी सांस्कृतिक विविधता छ, त्यसै गरी जातिअनुसार पोशाक, खानपान, रहनसहन, बोलीचाली लगायत स्वागत सत्कारका कार्यक्रमहरू पनि भिन्न भिन्न रहेका छन् ।

स्थानीय युवा क्लबहरू जस्तै भदौरे क्लब, भदौरे; पञ्चकोशी युवा क्लब, आर्थर; सिधाने युवा क्लब, सिधाने; सिद्धबराह युवा क्लब, चित्रे र वरपरका आमा समूहहरू एवं व्यक्ति विशेषको सक्रियतामा समेत सांस्कृतिक कार्यक्रमहरू जस्तै नाचगान, खेलकुद प्रतियोगिता आयोजना गर्ने र परम्परागत विशेषताहरू झल्काउँदै सम्पन्न गर्ने गर्दछन् । पञ्चासेलाई इष्ट देवताका रूपमा अगाध आस्था र विश्वास राख्ने यस परिपरिका जनताको जीविकोपार्जनको माध्यम बनाउने बहुजाति, बहुसांस्कृतिक परम्परा नै हो ।[ज्ञद्दघ]

समग्रमा पञ्चासे क्षेत्र जात्रा एवं पर्वहरू मनाउनमा निकै तल्लीन र सांस्कृतिक संरक्षण र जगेर्ना गर्नमा योगदान दिनसक्ने क्षेत्रका रूपमा रहेको प्रस्ट रूपमा देखिन्छ ।

---

[१२३] पञ्चासे विशेषाङ्क, पूर्ववत, पृ. १७ ।

# परिच्छेद : तीन

# पर्यटकीय स्थलका रूपमा पञ्चासे क्षेत्र

## ३.१. पञ्चासे क्षेत्रको पर्यटकीय परिचय

कुनै व्यक्ति जो एक ठाउँबाट अर्को ठाउँमा घुम्न जान्छ भने उसलाई पर्यटक भनिन्छ। पर्यटकहरू आन्तरिक र बाह्य दुई किसिमका हुन्छन्। जुन ठाउँमा त्यस्ता व्यत्तिहरू बढी मात्रामा घुम्न आउँछन् त्यस्तो ठाउँलाई पर्यटकीय क्षेत्र भनिन्छ। संसारका विभन्न मानिसहरू आ-आफ्नो रुचि, क्षमता र सहजकताका आधारमा विभिन्न ठाउँहको भ्रमण गर्ने गर्दछन्। नेपालमा पर्यटन विकास फस्टाउँदै छ र यसको भविष्य सुनौलो छ। आकर्षक, अद्वितीय प्राकृतिक जैविक विविधता र मौलिक कला र संस्कृति पर्यटकका प्रमुख आकर्षण हुन्। हालसम्म पर्यटन क्षेत्रको प्रचुर सम्भावना रहे पनि सीमित केही शहर र ठाउँहरूमा मात्र पर्यटनको विकास अगाडि बढिरहेको छ। तसर्थ ग्रामीण पर्यटनको विकास गर्न सके पर्यटनको क्षेत्रमा प्रगति हुने देखिन्छ। पर्यटन क्षेत्रको विकासका लागि ग्रामीण पर्यटनको पूर्वाधार विकास, 'होम स्टे' सञ्चालन जस्ता कुराहरू सँगसँगै ल्याउनु पर्ने देखिन्छ। धार्मिक आस्थाका आधारमा विभिन्न तीर्थस्थलहरूको भ्रमण गनै एक थरी मानिसह हुन्छन्। त्यस्ता व्यक्तिहलाई धार्मिक पर्यटक भनिन्छ। त्यसै गरी कुनै पनि ठाउँको प्राकृतिक सुन्दरता, भौगोलिक अवस्थिति र त्यहाँ पाइने सम्र्पूण प्रकृति-प्रदत्त विषयवस्तुहरूको अध्ययन र अवलोकन गर्न चाहने व्यक्तिहरू हुन्छन्। त्यस्ता व्यक्तिहरूलाई पर्यावरणीय पर्यटक भनिन्छ। पञ्चासे क्षेत्रमा प्रमुख रूपमा पर्यावरणीय र धार्मिक पर्यटकहरूले भ्रमण गर्ने गर्दछन् भने केही मनोरञ्जन र सांस्कृतिक आनन्द लिनका लागि पनि आउने गरेको पाइन्छ।

पञ्चासे मध्य पहाडी क्षेत्रको महाभारत पर्वत शृङ्खलामा पर्ने उच्च लेक वा शिखर हो। यहाँ पुस-माघ महिनातिर हिउँ पर्ने गर्दछ तर आजकल जलवायु परिवर्तनका कारण हुन सक्छ हिउँ कम पर्न थालेको छ। ठूलो वन क्षेत्रले ढाकेको यस पहाड ठूला ठूला चट्टान, भीर पाखा, खोल्सा, खेला, भिरालो जमिन, ओसेपिला सिमसार क्षेत्रहरू र केही स-साना सम्म परेका चौरहरूले बनेको छ। थुम्काथुम्की, डाँडा, खाल्टा, उवाडखवाड जमिन र सलक्क परेका कम भिराला पाखाहरू पनि प्रशस्त छन्। उच्च भाग, कडा चट्टान र माटो मिसिएको

अवस्थामा पनि छ। धेरै ठाउँमा ठूल्ठूला ढुङ्गा र पत्थरहरू पनि प्रशस्त छन्। पञ्चासेको तल्लो होचो भागतिर मट्याइला पाखा, डाँडा र खेतबारीका गराहरू प्रशस्त छन्। विविधतायुक्त माटो र जमिनको वनावटका कारण भिन्न-भिन्न खेती, फलफूल, तरकारी लगाउन सकिने प्रवल सम्भावना छ। उर्वर जैविक माटोको पर्याप्त उपलब्धताले गर्दा पञ्चासे क्षेत्रमा खेतीपाती, फलफूल, तरकारी तथा च्याउ खेती गर्न योग्य हुनुका साथै डालेघाँस र फलफूलको जङ्गल बनाउन र अम्रिसो तथा अलैचीले पूरै पञ्चासेको भूभाग ढाक्न सकेमा ठूलो मात्रामा आयआर्जन गर्न सकिने देखिन्छ। जैविक विविधताले भरिएको पञ्चासे क्षेत्र अनेकौं जडिबुटी, रुख विरुवाहरू, फूल तथा वन्यजन्तु एवं अनेकौं पक्षीहरूको आश्रयस्थलका रूपमा रहेको छ। धार्मिक ऐतिहासिक महत्व रहेको यस पञ्चासे क्षेत्र दृशयावलोकन र सांस्कृतिक विविधताको पनि अनुपम नमुना रहेको छ। त्यहाँ अवस्थित घना जंगल, गाउँ बेंसीका फरक फरक पहिचान सहितका बस्तीहरू पञ्चासे तालको अवस्थिति, स्वच्छ, सफा र शान्त वातावरण, पहुचमा सुगमता, बीच बीचमा मनोरञ्जन सहितका खाना, बस्नका लागि स-साना होटल तथा चिया पसलहरूको उपलब्धता, अनुपम हिमाली दृश्यावलोकन लगायत सूर्योदय र सूर्यास्तको दृश्य पर्यटकहरूका लागि प्रमुख आकर्षण रहेका छन्।

त्यहाँ पुग्नका लागि प्रशस्त बाटाहरू रहे पनि प्रमुख रूपमा ३ वटा जिल्ला कास्की, स्याङ्जा र पर्वत क्षेत्रबाट २-२ वटा प्रमुख मार्गहरू रहेका छन्। जसअनुसार कास्कीबाट पोखरा-बागलुङ (भूपि शेरचन) राजमार्गमा पर्ने ढिकुरपोखरी र काँडे दुवै ठाउँबाट कच्ची बाटो एक घण्टा पैदलमार्गबाट भदौरै देउराली पुगिन्छ। त्यहाँबाट करिब ३ घण्टाको दरिलो पैदलयात्रापछि पञ्चासे पुगिन्छ। यसलाई सबैभन्दा छोटो र भदौरे देउरालीसम्म जीप पनि पाइने हुनाले सुगम पनि मानिन्छ। त्यसै गरी कास्कीकै अर्को मार्ग पोखरा, पामे, ठूलाखेत हुँदै घाँटीछिनासम्म बस यात्रा गरी कुद्मीडाँडा, सिधानेको कच्ची बाटो पैदल यात्रा गर्दै वा मकवानपुर हुँदै भन्ज्याङ निस्केर ठाडै सिढी चढे पनि पञ्चासे पुगिन्छ। त्यसैगरी पर्वत मार्गमा पोखरा बागलुङ राजमार्गकै डिम्बुवाबाट दक्षिणपूर्वी बाटो रतीखोला तरेर चित्रे पञ्चासे वा दोबिल्ला झरेर पक्कुवा हुँदै राम्जा आर्थरको बाटो पञ्चासे पुग्न सकिन्छ। त्यसै गरी स्याङ्जा मार्गमा पोखरा-सुनौली सिद्धार्थ राजमार्गमा पर्ने स्याङ्जाको खड्केटारीमा झरेर बाँगेफड्के, लामपाङ देउराली हुँदै भन्ज्याङ निस्केर पञ्चासे आउन सकिने एउटा छोटो मार्ग छ भने अर्को सेतीदोभान जुग्लेबाट वाङसिङ देउराली हुँदै भन्ज्याङ निस्केर पञ्चासे पुग्न

सकिन्छ ।

उपर्युक्त चार मार्गहरू बाहेक पोखराबाट शान्ति स्तुप पुम्दी-भुम्दी हुँदै लेकलेकै भन्ज्याङ निस्केर पञ्चासे पुग्न पनि सकिन्छ । यो पर्यटकीय मार्ग हो । आजकल पञ्चासे आसपासका सबै गाउँ गाउँसम्म कच्ची मोटरबाटो पुगिसकेको हुनाले हिउँदमा पञ्चासे नजिक नजिक जीपको माध्यमबाट पुग्न सकिन्छ जसमध्ये पोखरा हल्लनचोकबाट हिउँदमा भन्ज्याङसम्म बस सेवा समेत सुरु भएको छ ।

शोधको यस खण्डमा पर्यटकीय परिचय साथै निम्न कुराहरूको चर्चा गरिएको छ ।

## ३.२. दृश्यावलोकन

नेपालको महाभारत पर्वत शृङ्खलाको मध्य पहाडी क्षेत्रमा अवस्थित पञ्चासे घना जङ्गलको करिब २७८.६९ वर्ग किमी क्षेत्रफलमा फैलिएको क्षेत्र हो । चारैतिरका अन्य डाँडाहरूभन्दा अग्लो तर हिमालयका टाकुराभन्दा होचो पञ्चासे पहाडको चारैतिर कतै खेतीयोग्य जमिन, कतै घना जङ्गल क्षेत्र र कतै कडा चट्टानले बनेको छ । उर्वर माटो रहेको यस क्षेत्रमा विभिन्न प्रकारका फलफूल तथा खाद्यान्न बाली लगाउन सकिने सम्भावना छ । ठाउँठाउँमा दृश्यावलोकनका लागि महत्त्वपूर्ण स्थलहरू छन् । भन्ज्याङ, हर्पनकोट, पञ्चासे सिद्ध थान डाँडाकाँडा र पोखरी वरिपरिबाट देखिने दृश्यावलोकन स्थलहरू विशेष महत्त्वपूर्ण छन् ।

पोखरा उपत्यकालाई पृथ्वी राजमार्ग, सिद्धार्थ राजमार्ग र भूपि शेरचन राजमार्गद्वारा तीनतिर जोडिएको हुनाले यातायातको दृष्टिले पोखरा सुगम बन्न पुगेको छ । यस्तो प्राकृतिक, धार्मिक, ऐतिहासिक र पर्यटकीय महत्त्व बोकेको पोखरा नगरीको प्राय जुनसुकै ठाउँबाट हेरे पनि पश्चिमतिर निकै अग्लो चुचुरो देखिन्छ र त्यही अग्लो शिखर नै पञ्चासे हो । पञ्चासेको सिद्धको मन्दिरबाट उत्तरतर्फ भएर डाँडा पसारिँदै भदौरे-देउराली, पाउँदुरकोट, नागडाँडा, कास्कीकोट र सराङकोट एकनासले लम्बिएको र सराङकोटबाट केही तल दुई शाखा भई डाँडाहरू होचिदै एउटा शाखा ग्यारजाती मेथलाङ हुँदै पोखरा बैदामको जरेबरमा टुङ्गिन्छ भने अर्को शाखा डाँडा सराङकोटबाट विन्ध्यवासिनीमा पुगेर टुङ्गिन्छ । त्यसै गरी पञ्चासेबाट दक्षिणपूर्व भएर भन्ज्याङ फलाटेडाँडा नागपोखरी, नाङ्गेखर्क गल्याम, राम्चेडाँडा बनेको छ । त्यहाँबाट पूर्व लागेर थाप्लेको लेक भुम्दी देउराली पाम्दीकोट हुँदै बैदामतालको बाँधमा टुङ्गिन्छ । त्यसै प्रकारले पञ्चासेको पश्चिमतर्फ केही समानन्तर उचाइबाट गएर एक शाखा होचिदै पर्वत जिल्लाको मोदी, काली

किनारमा पुगेर टुङ्गिन्छ भने अर्को शाखा दक्षिणतर्फ लाग्दै रोहोटे, कार्कीनेटा, अँधेरीनेटासम्म पुग्छ। उपर्युक्त परिसीमाभित्र धेरै वनजङ्गल पर्दछ। हर्पन खोला, रतीखोला, जरेखोला, आँधीखोला, सरादी खोलाहरूको उद्‌गम स्थलको रूपमा पञ्चासे रहेको छ। त्यस्तै वरिपरिका दर्जनौं डाँडाकाँडहरू उत्तरतर्फका विशाल हिमशृङ्खलाहरू, गाउँबस्ती, भीरपाखाको वरपरका प्राकृतिक परिदृश्यले गर्दा पञ्चासे र यसको सेरोफेरो प्रकृतिको सुन्दर क्रीडास्थलका रूपमा रहेको छ। स्कन्द पुराण, गरुड पुराण, बराह पुराण आदि पुराणहरूमा पवित्र भूमिको रूपमा नेपालको नाम लेखिएको छ।[१२४] त्यस नेपाल भूमिमा रहेको पञ्चासे क्षेत्र पनि एक महत्त्वपूर्ण संरचनामा पर्दछ।

त्यहाँबाट देखिने सूर्योदय र सूर्यास्तको दृश्य ज्यादै आकर्षक छ। पञ्चासेको होम कुण्ड र सिद्धको थानको बीच भागबाट बिहान सूर्योदयको बेला पूर्वतर्फ र बेलुका सूर्यास्तको बेला पश्चिमतर्फ सुन्दर दृश्य देखिन्छ तर त्यस बखत मौसम भने सफा हुनु आवश्यक छ। पूर्वतर्फ एकोहोरो हेरिरहँदा सूर्य उदाउन लागेको बेला जहाँबाट सूर्य उदाउँदै हुन्छ त्यहाँनेर धपधप बलिरहेको अनुभूति हुन्छ। सुनचाँदी, फलाम जस्ता कुनै धातुलाई स्वाग राखेर पगाल्दा उक्त धातु ठोसबाट तरलमा परिणत हुँदा जसरी त्यो धातुको तरल रूप आगोभन्दा विशेष किसमिले धपथप बलिरहेको हुन्छ त्यसै गरी बिहान सूर्य उदाउँदा पूर्वी क्षितिजमा धपधपी बलिरहेको हुन्छ। त्यसै बेला क्षणभरमा धवलागिरी, माछापुच्छ्रे, अन्नपूर्ण तथा लमजुङ हिमालमा लाल प्रकाश पर्दछ र पूरै हिमशृङ्खला सुनको हारजस्तै विशाल पर्खालको रूपमा सुवर्णमय हुन्छ। त्यसै बेला तल्लो भाग कास्की जिल्लाको पाउँदुरकोट, कास्कीकोट, सराङकोट, हेमजाकोट, चापाकोट तथा पोखरातिरका भागमा अँध्यारै देखिन्छ किनकि त्यतातिर सूर्यको प्रकाश परिसकेको हुँदैन। हेर्दाहेर्दै आरनबाट गोलाकार फलाम तताएर बाहिर निकालेजस्तै रातो सूर्य माथि बढ्दै आउँछ। पञ्चासेमा पूरै सूर्य झुल्किसक्दा पनि पञ्चासेको चारैतिर तल्लो भागमा पोखरा, स्याङ्जा, कुस्मा, बागलुङ आदि ठाउँहरूमा अँध्यारै रहेको अनुभूति हुन्छ। विस्तारै तल्लो भागमा सूर्योदय हुँदै जाँदा पूरै उज्यालो भइसक्छ र पहिला सुवर्णमय भएका हिमालहरू चाँदीजस्तै टल्कन थाल्दछन्। यस प्रकारको सूर्योदयको दृश्यावलोकन गर्दा परमानन्दको अनुभूति हुन्छ। ठीक यसैको उल्टो प्रक्रियामा सूर्यास्त हुन्छ। धपधप बलिरहेको मधुरो सूर्य डाँडाबाट पश्चिममा डुब्नासाथ निष्पट्ट अँध्यारो छाउँछ।

---

[१२४] श्रीरामप्रसाद उपाध्याय, *नेपालको प्राचीन तथा मध्यकालीन इतिहास,* काठमाडौं : रत्नपुस्तक भण्डार, २०५१, पृ. १५।

पञ्चासेको शिरबाट हेर्दा पूर्वमा नेपालको दोस्रो ठूलो ताल फेवाताल, फेवाफाँट, पोखरा शहर, कास्कीकोट, सराङकोट, चापाकोट, पुम्दीभुम्दी, काहुँडाँडा, आर्वा, माझठाना, रूपाकोट, भारतपोखरी, निर्मलपोखरी आदि स्थानका साथै पोखरा विमानस्थलमा विभन्न अवतरण र उडान गरेको देखिन्छ। हर्पनखोला जुन पञ्चासेबाटै उत्पत्ति हुन्छ नागबेली पर्दै फेवातालमा मिसिएको दृश्य मनमोहक देखिन्छ। फेवाताल जोगाउन पञ्चासेको संरक्षण गर्नु जरुरी छ।[ञद्दछ] यसरी नै उत्तरतर्फका लामो हिमशृङ्खलाका साथै माछापुच्छ्रे र अन्नपूर्ण आमनेसामने देख्न सकिन्छ। हिमालभन्दा तल होचिदै गएका डाँडाकाँडाहरू, गाउँबेसी, बस्ती र भूपिशेरचन राजमार्ग नागबेली पर्दै गएको खुबै राम्रो देखिन्छ। त्यसै गरी पश्चिमतर्फ पर्वत र बागलुङ जिल्लाका सदरमुकामहरू क्रमशः कुस्मा र बागलुङ बजार, बागलुङको बलेवा विमानस्थल, पर्वत जिल्लाको चुवा, पकुवा, ठूलीपोखरी, खौला, कार्कीनेटा, दुर्लुङ, बाजुङ, देउपुर, तिलाहार, आर्थर, राम्जा, चित्रे, खुर्कोट, पाङ आदि गाउँ विकास समितिका गाउँबेसीहरू, बस्तीहरू, खेतीपाती, वनजङ्गल सबै भौगोलिक पर्यावरण राम्रोसँग देख्न सकिन्छ। हाम्रो यो देश सुन्दर प्राकृतिक वरदान मात्र नभएर चार जात छत्तीस वर्णका नेपालीले सिँगारिएको मुटुको ढुकढुकी पनि हो।[ञद्दट] त्यसैले जनजातिका गाउँ बस्ती र प्रकृतिको समायोजन पञ्चासेमा भएको पाइन्छ।

दक्षिणतर्फ पोखरा-सुनौली राजमार्गको नागबेली तरेली स्याङ्जा जिल्लाको सरदमुकाम पुतलीबजार, पुतलीखेत, फेदीखोला, नागबेली रूपमा बगेको आँधीखोला, राँपू गल्याम, बाँगे, वाङ्सिङ गाविसका अतिरिक्त स्याङ्जा जिल्लाका विभिन्न बस्ती एवं डाँडाकाँडा र वनजङ्गलहरू राम्रोसँग देखिन्छ। मुलुकको ६८ प्रतिशत भाग पहाडी प्रदेशमा पर्दछ।[ञद्दठ] त्यही पहाडी प्रदेशमा पर्ने पञ्चासे र वरपरका तहतह परेका डाँडाहरू मनमोहक छन्।

एउटै बसाइबाट धेरै ठाउँहरू, धेरै गाउँबेसी, पाखापखेरा, वनजङ्गल, हरियाली डाँडाकाँडहरू लगायतको एकै स्थानबाट देखिने संसारकै लामो हिमशृङ्खला दृश्यावलोकन

---

[१२५] पञ्चासे विशेषाङ्क, २०६३, वर्ष २२, पृ. ११।

[१२६] *श्रीमद्भागवत महायज्ञ स्मारिका,* पोखरा : श्री जनजागृति मा.वि., पोखरा, २०६२ पृ. ३।

[१२७] दिलबहादुर क्षत्री, *प्राचीन तथा पूर्व मध्यकालीन नेपाल,* काठमाडौं : निरन्तर प्रकाशन, २०६२, पृ. ४३।

स्थलका रूपमा पञ्चासे परिचित छ ।[ञद्द] अरू धेरै महत्त्व बोकेको पञ्चासे दृश्यावलोकनका दृष्टिले संसारकै रमणीय पर्यटन स्थलहरू मध्ये एक उत्कृष्ट पर्यटक गन्तव्य स्थलका रूपमा रहेको छ ।

## ३.३. जैविक विविधता

पञ्चासेमा ६०० भन्दा बढी प्रजातिका वनस्पतिहरू पाइन्छन् ।[ञद्ढ] उचाइको विभिन्नताले उष्ण प्रदेशीय हावापानीमा पाइने खालका रुखविरुवा तल्लो भागमा र समशीतोष्ण लेकाली हावापानीमा पाइने खालका विरुवाहरू उपल्लो भागमा पाउन सकिन्छ । जैविक विविधताले युक्त यस पञ्चासे क्षेत्रमा सामान्य दैनिक जीवनमा आवश्यक पर्ने वनस्पतिका साथसाथै नेपाल र संसारमा नै दुर्लभ मानिएका वनस्पतिहरू पाउन सकिन्छ । ठूलो सम्भावना र चुनौती दुवै रहेको पञ्चासे क्षेत्रमा मुख्य रूपमा साल, कटुस, फलाँट, चिलाउने, उत्तिस, मल्लातो, आरूपाते, सल्ला, टुनी, चाँप, गुराँस, लाँकुरी जस्ता फर्निचर तथा अन्य काठका सामगी बनाउन प्रयोग हुने रुखहरू पाइन्छन् । ठूलो क्षेत्रफलमा राचन पाइन्छ तर यो काठका लागि खासै उपयुक्त मानिदैन । तसर्थ यसलाई विस्थापित गरी अरू विरुवा सार्न राम्रो मानिन्छ ।

क्षेत्रफलका हिसाबले ५,५०० हेक्टरमा फैलिएको यस क्षेत्रमा जैविक विविधतायुक्त वनस्पति एवं वन्यजन्तुको उपलब्धता रहेको छ । ५८९ थरीका फूल फुल्ने विरुवाहरू, १५० थरीका जडीबुटी, ८ थरीका रेसादार वनस्पति, १८ थरीका पुष्प व्यावसायिक वनस्पति, ५६ थरीका जङ्गली च्याउहरू, ९८ थरीका उन्यू जातका र ११३ किसिमका सुनाखरी पाइन्छन ।[ञघण] साथै संसारमा अन्यत्र कतै नपाइने ३ थरीका बेग्लै सुनाखरी पञ्चासेमा मात्र पाइन्छ ।[ञघञ] पञ्चासेमा पाइने लालीगुराँस यहाँको अर्को विशिष्ट आभूषण हो । पञ्चासेको चारैतिर गाउँबस्तीका वरिपरिदेखि पञ्चासे टाकुरासम्म ठाउँठाउँमा फुल्ने लालीगुराँसले हरेक वर्षको वसन्तमा मनै लोभ्याउने दृश्य प्रदान गर्दछ । वि.सं. २०१९ सालदेखि राष्ट्रिय फूलका रूपमा मान्यता पाएको लालीगुराँस नेपालको समशीतोष्ण हावापानीदेखि लेकाली

---

[१२८] *नेपाल समाचारपत्र,* राष्ट्रिय दैनिक, २०६२ वैशाख, पृ. २१ ।

[१२९] *कास्की विकास बुलेटिन,* पोखरा : जिविस कास्की, वर्ष ७, अंक १२, २०६७ चैत्र, पृ. ४२ ।

[१३०] ऐजन ।

[१३१] कान्तिपुर राष्ट्रिय दैनिक, १९ मंसिर, २०६८ ।

जङ्गलहरूमा पाइन्छ। एसियामा उत्पादित भएको यो फूल एसियाकै देशहरूमा धेरै प्रजातिका रूपमा पाइन्छ। विश्वमा पाइने करिब १३० प्रकारका गुराँसहरूमध्ये चीनमा आधा जति प्रजातिहरू पाइन्छन्।[१३२] चीनपछि नेपाल, भारत, भुटान र जापान गुराँस पाइने प्रमुख देशहरू मानिन्छन्। नेपालबाट विभिन्न प्रजातिहरू युरोप, अमेरिका समेतमा लगिसकेका छन्। भौगोलिक दृष्टिकोणले सानै रहे तापनि नेपालमा ३० प्रकारका गुराँसहरू पाइन्छन्, जसमध्ये लालीगुराँस एक प्रमुख प्रजाति हो।[१३३] यो गाढा रातो हुन्छ। गुराँस फुल्ने समय फागुनबाट चैत, वैशाख, जेठ र असारसम्म रहन्छ तर आजकल जलवायु परिवर्तनको असरले यो समयमा फरक आएको छ। लालीगुराँस देख्नमा मात्र राम्रो नभई आयुर्वेदले पनि औषधीका रूपमा स्वीकार गरेको छ। यसको फूल सुकाएर राख्ने र पानीमा भिजाएर खाएमा रगतमासी (आउँ) परेको निको हुन्छ। यसलाई दहीमा मिलाएर पनि खान सकिन्छ। त्यसै गरी माछा खाँदा घाँटीमा काँडा अड्केमा गुराँस खानाले काँडा झर्छ भन्ने विश्वास मात्र होइन वैज्ञानिक आधार पनि छ। गुराँसको फूलमा ‘मकरन्द’ नामक चिल्लो पदार्थ हुन्छ। घाँटीमा अड्केको काँडालाई चिप्लो पारी निल्न मद्दत गर्दछ। औषधी मात्र नभई गुराँसको काठबाट ठेकी, खुकुरी, हँसियाको बिड लगायत अन्य घरायसी र सजावटका सामग्रीहरू बनाउन पनि सकिन्छ।

ठूलो क्षेत्रफल ओगटेको विशाल पञ्चासेको वन क्षेत्रमा प्रशस्त मात्रामा बाँस र निगालो पाइन्छ। वनजन्य व्यवसायअन्तर्गत बाँस, निगालोका सामानहरू निर्माण, जडीबुटी सङ्कलन तथा प्रशोधन गर्ने व्यवसायहरू गाउँघरमै गर्न सकिन्छ।[१३४] यसबाट विभिन्न घरायसी सामग्री र पर्यटकीय आकर्षक सामग्री बनाई विक्री वितरण गरी घरेलु उद्योग चलाउन सकिन्छ।

धार्मिक महत्त्वका वर, पीपल, समी, पैयुँ लगायतका महत्त्वपूर्ण रुखविरुवाहरू पनि पञ्चासे क्षेत्रको तल्लो भागमा पाइन्छन्। पशुका आहारका रूपमा प्रयोग गरिने डालेघाँस, राइखनियो, निभारो, दुधिलो, बेरुलो, बडहर, कुटमिरो, सिल्टिमुर, काइयो, चुलेत्रो, काउरो, पाखुरी, धुस्रे आदि मानवबस्ती वरपर प्रशस्त मात्रामा पाइन्छ। त्यसै गरी सुन्तला, निबुवा, कागती, मेवा, केरा, नास्पाती, आरु, आरुबखडा, अम्बा, भुइँकटहर आदि फलफूलहरू

---

[१३२] गौतम, पूर्ववत्, टिप्पणी नं. १३, पृ. ४२।

[१३३] दिलबहादुर भट्टराईसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार।

[१३४] किसानको साथी, नामालीङ सहायक मञ्च, काठमाडौं : २०६०, वैशाख पृ. १५८।

पाइन्छन् । खेतीपातीका रूपमा धान, कोदो, मकै, गहुँ, जौ, उवा, तोरी, सर्स्युं, मुला, गाजर, लुसन, प्याज, काउली, बन्दा, आलु, अदुवा, पिडालु, तरुल, बकुल्लो, करेला, सिमी, बोडी, केराउ, भण्टा, सलगम, सख्खर, मस्याङ, भट्टमास, मास, खुर्सानी, हलेदो, लटे, काँक्रा, घिरौंला, लौका, चिचिण्डो, धनिया, गोलभेडा, फर्सी जस्ता खाद्यान्न तथा तरकारीहरू उत्पादन गर्न सकिन्छ । जङ्गलमा पाइने फलफूलहरूमा लप्सी, काफल, ऐंसेलु, चुत्रो, भुत्रो, भतौरा, कुभिडाइनो, वरमडे, अर्मले जस्ता वनस्पतिहरू प्रशस्त मात्रामा पाइन्छन् । त्यसै गरी वैदिककालदेखि औषधीका रूपमा प्रयोग हुँदै आएका अति महत्त्वपूर्ण एवं दुर्लभ मानिएका जडिबुटीहरू पनि पञ्चासेमा पाइन्छन् जसमध्ये सतुवा, बोझो, घोडटाप्रे, नागवेली, सिस्नो, चिराइतो, दालचिनी, दुबो, भक्किम्लो, पाखनवेद, घोरीकाठ, पाँचऔंले, गुर्जो, मलो, चुत्रो आदि महत्त्वपूर्ण छन् ।[ञघछ] गिठा, भ्याकुर, तरुल पनि प्रशस्त पाइने यस क्षेत्रमा सफलतापूर्वक यिनीहरूको खेती गर्न सकिने अवस्था छ भने अलैंची, अम्रिसो खेतीको प्रचुर सम्भावना छ ।

पञ्चासेको वन क्षेत्रमा परम्परादेखि विभिन्न प्रकारका वन्यजन्तु र पक्षीहरूको आश्रयस्थल र बासस्थान रहँदै आएको छ। आजकल जथाभावी जङ्गल फडानी र आगलागी, चोरी शिकारी जस्ता गैरकानुनी आपराधिक क्रियाकलापहरूका कारण खतरामा परेका वन्यजन्तु र पक्षीहरूमध्ये कतिपय त लोप हुने अवस्थामा पनि पुगेका छन् । वर्तमान विश्वको बदलिँदो परिस्थितिअनुसार आफ्ना संस्थागत कार्यक्रमहरूको कार्यक्षेत्रलाई फराकिलो बनाउँदै विश्व वन्यजन्तु संरक्षण कोषले संरक्षण शिक्षामा जोड दिँदै आएको छ ।[ञघट] तथापि यहाँ पाइने वन्यजन्तु र पक्षीहरू यस प्रकार छन् :

(क) वन्यजन्तुहरू : बाघ, भालु, खरायो, मृग, दुम्सी, लोखर्के, ओद, स्याल, फ्याउरो, लङ्गुर, बाँदर, वनबिरालो, मलसाँप्रो आदि ।

(ख) पक्षीहरू : न्याउली, ढुकुर, लाटोकोसेरो, काग, डाङ्ग्रे, भँगेरा, रानीचरी, फिस्टे, जुरेली, कोइली, कालिज, भद्राइ, चिल, बाज, लामपुच्छ्रे, कोकले, क्याकी, तित्रो, कुक्कु, गौंथली, चमेरो, लाछे, कल्चौडो लगायत सुगा, मलेवा, कन्याङकुरुङ जस्ता आगन्तुक चराहरू पनि पञ्चासे क्षेत्रमा पाइन्छन् ।

---

१३५ प्रेमबहादुर गुरुङसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

१३६ जुद्धबहादुर गुरुङ, *वातावरण विज्ञान एक परिचय,* काठमाडौं : एकता डिष्ट्रिब्यटर्स प्रा.लि., २०५७, पृ. ७ ।

उपर्युक्त किसिमका जनावर र पक्षीहरू लगायत सर्प, माउसुली, छेपारो जस्ता सरीसृप जनावरहरू पनि यहाँ पाइन्छन् ।

## ३.४. सांस्कृतिक विशिष्टता

पञ्चासे वरपरका बस्तीहरू बहुजातीय किसिमको भएकाले उनीहरूका आ-आफ्नै संस्कार, भाषा, पोशाक, खानपान, चालचलन, रीतिरिवाज भएकाले विविधतायुक्त संस्कृति यस क्षेत्रमा विद्यमान छ । नेपाली सांस्कृतिक परम्परा युगौंदेखि धार्मिक आस्था एवं विश्वास र त्यसबाट सिर्जित क्रियाकलापका आधारमा स्थापित मूल्य एवं मान्यतामा आधारित रहँदै आएको इतिहास छ । प्रमुख रूपमा हिन्दू धर्म संस्कृतिको नजिक रहेका शासकहरू भएका हुनाले पौराणिक कालदेखि नै हिन्दू धर्म संस्कृतिको प्रत्यक्ष प्रभाव रहँदै आए तापनि अन्य धर्महरू बौद्ध, इसाई, इस्लाम धर्मावलम्बी र उनीहरूको अस्तित्व पनि रहँदै आएको छ । नेपालका धेरै ठाउँहरू धार्मिक वा सांस्कृतिक रूपमा ख्याति प्राप्त गरी आफ्नो परिचय स्थापित गराउन सफल भएका छन् । ती र त्यस्तै सांस्कृतिक पहिचान बोकेको धार्मिक तीर्थस्थलका रूपमा पञ्चासेलाई पनि लिन सकिन्छ ।

पञ्चासेबाट सबैभन्दा निकट बस्तीहरू भदौरे देउराली, आर्थर, चित्रे, सिधाने गाउँहरूमा गुरुङ बस्ती रहेका छन् । गुरुङहरूको आफ्नै भेषभूषा, भाषा, रहनसहन, खानपान, रीतिरिवाज, चालचनल रही आएको छ जो नेपाली संस्कृतिमा विशिष्ट एवं महत्त्वपूर्ण, ऐतिहासिक धरोहरका रूपमा देश विदेशमा परिचित छ । गुरुङहरू भोटबर्मेली परिवारको भाषा बोल्ने गर्दछन् । उनीहरूको पुरोहितलाई 'घ्याप्री' भन्ने गरिन्छ ।[१३७] घ्याप्री तथा पच्युहरूको सहायताले गुरुङहरूको जन्मदेखि मृत्युपर्यन्त गर्नुपर्ने सबैखाले धार्मिक क्रियाकलापहरू सम्पन्न हुन्छन् । यस्ता कार्यहरू बौद्ध धर्म अन्तर्गत गुरुङ लामा वा बोन धर्म अन्तर्गतको लामा शास्त्र परम्पराअनुसार सम्पन्न गर्ने गर्दछन् । उनीहरूको रीतिरिवाज, चालचलन, पूजाआजा हिन्दू धर्म परम्पराभन्दा फरक तिब्बती चलनसँग मिल्दाजुल्दो तर नेपाली पनमा गर्ने गरिन्छ । श्रावण र चैत्र महिनाको मंगलबार सम्पन्न गरिने ट्होंटे पर्वमा किशोरहरू संलग्न भई घरघरबाट भूत र खराब आत्माको पिछा गर्दै गाउँ कटाउने र आफूले घरबाट दक्षिणा भेटी लिने गर्दछन् । भकिम्लाको काठका तरबार जस्ता देखिने हतियार लिएर र झ्याली बजाउँदै सार्वजनिक बाटोहरूमा समेत नाचगान गर्दै झाँकी प्रदर्शन

---

[१३७] चित्रबहादुर गुरुङसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

गर्नुका साथै धुप बालेर शक्ति जगाउने काम समेत गर्दछन् । साँझपख गरिने यस्तो कार्य हेर्नलायक मनोरञ्जनपूर्ण पनि हुने गर्दछ । त्यसै गरी मृतआत्मालाई स्वर्ग तार्न गरिने अर्घौ गुरुङहरूको सबैभन्दा ठूलो कार्य हो । त्यस अवसरमा मृत आत्माको मूर्ति घरको अगाडि आँगनमा खडा गरी विभिन्न शृङ्गारपटारका साथै फलफूल, नैवेद्य, भेटी, वस्त्र, खाद्य पदार्थ अर्पण गर्नुका साथै दीपहरू प्रज्ज्वलन गर्ने, लामा, घ्याप्री, झाँक्रीहरूबाट शास्त्रअनुसारका सामूहिक वाक्य उच्चारण गरी तीन दिनसम्म धुमधामका साथ सम्पन्न गर्ने गरिन्छ । टाढाटाढाबाट पनि आफन्त, इष्टमित्र, शुभचिन्तकहरू श्रद्धाञ्जली अर्पण गर्न, स्याई भेटी चढाउन आउने गर्दछन् । त्यस्तै अवसर लगायत अन्य चाडवाड वा पर्वहरूमा आफ्नो परम्परागत पोशाक लगाउने गर्दछन् । पुरुषले काछ (कछाड), भाङ्ग्रा, टोपी, पेटी र महिलाले सारी चोलो, घलेक, पछ्यौरामा सजिनुका साथै विभिन्न गरगहनाहरू लगाएका हुन्छन् ।[ज्ञघड]

यिनै गुरुङ बस्तीहरूमा उनीहरूको नयाँ वर्ष ल्होसारको अवसर पारेर विभिन्न मेला, नाचगान, विभिन्न खेलकुद प्रतियोगिताहरू आयोजना गर्ने, महोत्सव चलाउने गरिन्छ । हरेक ५-५ वर्षमा वडा वडामा पञ्चबलि चढाई पूजा गर्ने र सामूहिक भोज खाने चलन छ । घरदेखि अलि पर वनजङ्गलको छेउछाउमा माईको पूजा गर्ने र खाना खाई रमाइलो गर्ने पनि गरिन्छ ।

पञ्चासे क्षेत्र वरपर गुरुङहरूका अतिरिक्त अन्य जातिहरू पनि रहेकाले आ-आफ्ना संस्कार चलन गर्ने भएकाले विविधता रहेको छ । बाहुन, क्षत्रीले विवाह, ब्रतबन्ध, सप्ताह, स्वस्थानी व्रत, रुद्री चण्डी पाठ गराउने जस्ता कर्महरू गर्ने गर्दछन् । पञ्चासेमा रहेका मठमन्दिर, गुम्बा, पाटीपौवाहरूले ठूलो धार्मिक, सांस्कृतिक परिचय दिनुका साथै यस क्षेत्रको विकासलाई जीवन्त बनाइराखेका छन् ।

## ३.५. हालको पर्यटकीय अवस्था

पर्यटकीय दृष्टिकोणबाट महत्त्वपूर्ण स्थलका रूपमा रहेको पञ्चासेमा वर्षेनी घुम्न आउने स्वदेशी तथा विदेशी पर्यटकहरूको वृद्धि हुँदै गइरहेको छ । नेपालको प्रख्यात पर्यटकीय नगरी पोखराबाट नजिकै रहेकाले एकै दिनमा पुग्न सकिने स्थान भएका कारण र विधिताले भरिएको क्षेत्र भएकाले पनि पर्यटकहरूको गन्तव्यस्थल हुन पुगेको छ । प्रसिद्ध

---

१३८ ऐजन ।

धार्मिक तथा पर्यटकीय क्षेत्र पञ्चासेमा ६०० प्रजातिका वनस्पतिहरू र एक सयभन्दा बढी प्रजातिका सुनगाभा भेटिएका छन् ।[१३९]

पञ्चासे क्षेत्रको चौतर्फी महत्त्वको पहिचान गरी वृहत्तर विकासका माध्यमबाट स्थानीय बासिन्दासम्म प्रतिफल पुऱ्याउने उद्देश्यका साथ पञ्चासे क्षेत्र विकास उपभोक्ता समिति २०५९ सालदेखि क्रियशील रही आएको छ। त्यसभन्दा अगाडि २०५४ सालदेखि नेपाल पञ्चधाम पञ्चासे नामक संस्था दर्ता भई पञ्चासेको विकासमा लागेको छ। त्यसै गरी माछापुच्छ्रे विकास संघ नामक संस्थाले पनि दुई दशक अगाडिदेखि यस क्षेत्रको उत्थानमा आवाज उठाउने, जनचेतना जगाउने, प्रचार-प्रसार गर्ने र सहजीकरण गर्नेजस्ता कार्यहरू गर्नाका साथै जनस्तरसम्म विभिन्न समूह गठन गरी जागरण फैलाउने काम गर्दै आएको छ।

तारागाउँ विकास समिति काठमाडौंले वृहत्तर पञ्चासे क्षेत्र विकास गुरुयोजना तयार पारी सरकारसमक्ष पेश गरिसकेको छ, जसअनुसार करिब ६३ करोडको योजनाबाट केही परियोजनाहरू स्वीकृत भई विस्तारै कार्य प्रारम्भ गर्दै छ। पर्यटकीय विकासका क्षेत्रमा उल्लेख्य प्रगति हासिल हुने सम्भावना रहेको छ। हालसम्म पञ्चासेमा पुग्न चारैतिरबाट ढुङ्गाका सिढी, छपनी लगाएर सुगम बनाइसकिएको छ। पञ्चासेमा रहेका प्राचीन मठमन्दिरहरूको पुनर्निर्माण र सरसफाइ गरिएको छ। धर्मशालाहरू, भ्यु टावर, हेलिप्याड, सिद्धबाबा मन्दिर, पाञ्चायन मन्दिर, तलबाराही मन्दिर बनाइएको छ। हनुमानको मूर्ति र शिवलिङ्ग स्थापना गरिएको छ। भग्नावशेषलाई संरक्षण गर्ने प्रयास गरिएको छ। बौद्ध गुम्बा, चैत्य निर्माण गरिएको छ। पञ्चासे तालको संरक्षण गर्ने प्रयास गरिएको छ। बाटाघाटा फराकिलो बनाइएको छ। शौचालय र खानेपानी धारा निर्माण गरिएको छ। आवसगृह बनाइएको छ। होमकुण्ड बनाउनुका साथै महाप्रभुको समाधिस्थलमा रहेको भग्नावशेषलाई संरक्षण गरी शिलालेख लेखिएको छ। विद्युत सुविधा पुऱ्याउन लागिएको छ। विद्युत पुग्नासाथ पम्पसेटका माध्यमबाट खानेपानी तान्ने कार्यक्रम रहेको छ।[१४०] सरसफाई र जनचेतनामा सुधार ल्याउन, जङ्गलको संरक्षण गर्न तथा वरिपरिका बासिन्दाहरूको आर्थिक विकास गर्न विभिन्न प्रकारका परियोजनाहरू सुरु गरिएको छ।

पञ्चासेका निकटवर्ती गाविसहरू तथा कास्की स्याङ्जा र पर्वत जिल्लाका जिल्ला

---

१३९ गोरखापत्र, वर्ष १०६ अंक ८१, २०६३, साउन १ गते पृ. १।

१४० गोपाल गुरुङसँगको अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार।

विकास समितिहरूले यस क्षेत्रको संरक्षण र सम्बर्द्धनमा चासो र चिन्ता देखाउनुका साथै बजेट विनियोजन गरेका छन् ।

नेपाल सरकारका सम्बन्धित विभाग अन्तर्गतका खानेपानी, भू-संरक्षण, वन कार्यालय, कृषि कार्यालय, सडक कार्यालय लगायतका विभिन्न निकाय एवं युनिसेफ, माछापुच्छ्रे विकास संघ, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम लगायतका महत्त्वपूर्ण सरकारी एवं गैरसरकारी संस्थाहरूको सहयोगमा बेलाबेलामा जनचेतना फैलाउने पर्यटनसँग सम्बन्धित सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनारहरू गरी प्रतिवेदनहरू तयार गर्ने काम नियमित रूपमा भइरहेको छ । नेपाल पञ्चधाम पञ्चासे, पञ्चासे क्षेत्र विकास उपभोक्ता समितिमार्फत बेलाबखत महत्त्वपूर्ण कार्यक्रमहरूका अतिरिक्त यस क्षेत्रको विकासका लागि पूर्वाधारहरू निर्माणमा कार्य भइरहेको छ । साथै पञ्चासे संरक्षण क्षेत्र, हरियाली नेपाल लगायतका संघ-संस्थाका प्रयासहरू पनि पछिल्लो समयमा प्रभावकारी हुँदै गएको छ । पञ्चासे वरपरका पर्यटकीय ठाउँहरू, भन्ज्याङ, भदौरै देउराली, आर्थर डाँडाखर्कमा होटलहरू बन्ने क्रम पनि सुरु भएको छ भने ग्रामीण पर्यटन प्रबर्द्धन गर्ने उद्देश्यले होमस्टे कार्यक्रम पनि सञ्चालन गरी पर्यटकलाई बस्न, खाना र मनोरञ्जनका कार्यक्रमहरू सञ्चालन गर्ने गरिएको छ । इतिहास विपरीत नेपाल पूर्ण रूपमा आत्मनिर्भर नभई परनिर्भर हुँदै आएको छ ।[१४१] त्यसैले उन्नत सीप र प्रविधिको माध्यमबाट आधुनिक पर्यटन प्रवर्द्धन गर्न सकने मुलुक आत्मनिर्भर हुन सक्छ ।

यसका अतिरिक्त पुम्दीमा रहेको शान्ति स्तूप, आर्थर डाँडाखर्कको पुरानो बौद्ध गुम्बा, तामागीमा बनाइएको स्तूप, भदौरे देउराली नजिक रहेको 'छन्द्री' झरना, श्रवणकुमारको समाधिस्थल, राम्चेदेवीको मन्दिर पर्यटकहरूका लागि महत्त्वपूर्ण आकर्षक स्थानहरू हुन् । भदौरे देउराली, चित्रे, आर्थर, वाङ्सिङ, राम्जा र भन्ज्याङमा बेलाबखत मनाइने सांस्कृकि क्रियाकलापहरू, पर्वहरू, नाचगान, भेषभूषा तथा स्थानीय जनताको हँसिलो बोली, मिलनसार व्यवहार एवं उनीहरूको दैनिक दिनचर्या पनि पर्यटकका लागि थप मनोञ्जन र चाखपूर्ण रहेको छ । आजको संसार मस्तिष्क विकसित हुँदा हिमालय जति ठूलो भइसकेको छ । त्यसको विपरीत आजको संसारको हृदय सङ्कुचित हुँदाहुँदा झिँगाको टाउको समान

---

[१४१] दिलबहादुर क्षत्री, *डकुमन्टस् अन नेपाल,* पोखरा: पार्वती क्षत्री, १९९८, पृ. २३२ ।

सानो भइसकेको छ ।[१४२] त्यसैले हृदय पनि उचालेर सगरमाथाजस्तो उच्च बनाउनु परेको छ ।

## परिच्छेद : चार

# सारांश, निष्कर्ष र सुझावहरू

१४२ खप्तड स्वामी, *म र मेरो कर्तव्य,* काठमाडौं : श्री ५ को सरकार सञ्चार मन्त्रालय, मुद्रण तथा प्रकाशन विभाग, २०४६, पृ. ७० ।

## ४.१. सारांश

पौराणिक कालदेखिका महत्त्वपूर्ण घटना तथा व्यक्तित्वहरूको आगमन रहेको पञ्चासे क्षेत्र बाईसे चौबीसे भुरेटाकुरे राजाहरूका पालामा अस्थायी मुकामका रूपमा रहेको पाइन्छ। पर्वत, कास्की, स्याङ्जा तथा तनहूँका राजाहरू र तिनका उच्च पदस्थ व्यक्तिहरू यस क्षेत्रमा शिकार गर्न, सन्धि सम्झौता गर्न तथा आराम र शीतल हावापानीमा रमाउन आउने गरेको पाइन्छ। भग्नावशेषका रूपमा दरबारका आकृतिहरू अद्यापि देख्न पाइन्छ। ढुङ्गे छाप्राहरू, ओढार तथा ढुङ्गामा कपेर पानी जम्मा गर्ने स-साना कुवाहरू बनाइएका छन्। मन्दिर तथा पाटीपौवा र कुटीहरूका भग्नावेशषहरू पनि छन्। पवित्र पोखरीका रूपमा पञ्चासे सरोवर विना मूल र विना निकास स्वच्छ रूपमा अवस्थित छ। अन्धाअन्धीका आँसुबाट बनेको मानिने आँधीखोला र उनीहरूकै श्रापबाट नामकरण गरी सरापी र पछि सरदी खोला नाम रहेको जस्ता किंवदन्तीहरूलाई हेर्दा ऐतिहासिक महत्त्व रहेको पञ्चासे क्षेत्र थियो भन्न सकिन्छ।

त्यसै गरी च्यवन ऋषिका पालादेखिको तपस्यास्थल भनी पुराणहरूका कथामा उल्लेख रहेको भन्ने किंवदन्ती र विश्वासहरू रहेको भए तापनि भरपर्दा र विश्वासिला आधारहरू फेला पार्न नसकिएको तर भग्नावशेष लगायतका भौतिक अवशेषहरूबाट केही तथ्य प्राप्त भएबाट भने १६ औं शताब्दीपछिको बाइसे चौबीसे राजाहरूका पालादेखि यस पञ्चासे क्षेत्रमा मानवीय क्रियाकलापहरू, बस्ती एवं अस्तित्व प्रचारमा रहेको पुष्टि हुन आउँछ।

यस पञ्चासे क्षेत्रमा हाल च्यवन सरोबर समेत भन्ने गरिएको पञ्चासेताल र त्यस वरपरका एक-दुई वटा धर्मशाला, पञ्चासेका मुख्य टाकुरामा स्थित पाञ्चायन देवताको मन्दिर, हवन कुण्ड, सिद्धबाबाको मन्दिर, बौद्ध स्तुप र छ्योरतेन, आवासगृह एवं दृश्यावलोकनका लागि भ्युटावर पनि रहेको छ भने सामान्य चिया नास्ता एवं भोजनका एक होटल पनि रहेको छ। त्यसै गरी शिला गुफा, महाप्रभुको समाधिस्थल, नाग, भयँर, झाँक्री, देवीदेवताका थान लगायत विभिन्न प्राचीन दरबारका भग्नावशेष र कुटीका अवशेषहरू रहेका छन्।

पञ्चासेको नामाकरणका विषयमा पाँच पहाडका चुचुरो, पाँच पाण्डव, पाँच परमेश्वर, पाञ्चायन देवता लगायत शिवजीसँग सम्बन्धित विभिन्न आधारहरूमा पाँच शब्दसँगको घनिष्टता र उक्त शब्द शिवजीसँग पनि सम्बन्धित रहेको र शिवको

बासस्थानका रूपमा पनि विश्वास गरिएको, शिव र पाँच शब्दलाई मिलाएर शिवधाम वा पञ्चधाम नामाकरण रहन गएको विश्वास गरिन्छ ।

अधिकांश हिन्दू धर्मावलम्बी र केही बौद्ध मार्गी अर्थात् लामा बौद्ध समुदायको आस्थाको केन्द्रका रूपमा पञ्चासे रहेको छ । शिवजी समेतले तपस्या गरी बसेको विश्वास गरिने यस क्षेत्रमा समय समयमा विभिन्न ऋषि, तपस्वी र शक्तिशाली महापुरुषहरू साधना गरर रहेका र पछिल्ला समयमा त्यस्ता साधक नभएको यस पञ्चासे क्षेत्र वास्तविक रूपमा योग र ध्यान साधनाका लागि उपयुक्त स्थलका रूपमा रहेको पाइयो । यस पुण्य क्षेत्रको दर्शन गरी पूजा आराधना गर्नाले मनोकांक्षा पूरा भई यस लोक र परलोकमा मुक्ति पाइने विश्वास छ ।

पञ्चासे क्षेत्रमा मनाइने तीज, दशैं, तिहार, ल्होसार, होली, चैत्राष्टमी पर्व लगायतका चाडपर्वहरू, बालाचतुर्दशीमा लाग्ने धुमधाम मेला, गुरुङ संस्कृतिमा विद्यमान ट्होंटे पर्व, घ्याप्री नाच मृत्यु संस्कारमा गरिने अर्घौं आदि लोकपरम्पराका हिसाबले महत्त्वपूर्ण छन् । यस्ता क्रियाकलापहरू र यहाँका जनताको लवाइ-खवाइ, बोलीचालीदेखि दैनिक कृषि कार्यमा गरिने क्रियाकलापहरू पर्यटकहरूका लागि आकर्षक र अनौठा मात्र होइन उनीहरूको बसाइ अवधिलाई २-४ दिन लम्ब्याउने खालका छन् । होम स्टे कार्यक्रम अन्तर्गत घरघरमा पर्यटकलाई राख्न सकिने सम्भावना छ । स्थानीय उत्पादनका परम्परागत खानाहरूलाई व्यवस्थित तरिकाले परिकार बनाई खुवाउन र नेपाली शैलीको प्रेमपूर्ण एवं आत्मीयताका साथ बास बसाउन सकिने अवस्था छ । पर्याप्त होटलहरू बनिनसकेको अवस्था भए पनि उपलब्ध स-साना चिया पसलहरू र केही कटेजहरूमा बसाउन सकिने अवस्था छ । पञ्चासे वरपरका अधिकांश मानिसहरू अंग्रेजी माध्यमबाट विदेशीहरूसँग सम्वाद गर्न सक्ने भएकाले थप सहज र सरल बन्नुका साथै गाइड र होटल व्यवस्थापनमा आवश्यक तालिम दिन सकेमा प्रभावकारी हुने देखिन्छ ।

## ४.२. निष्कर्ष

भौगोलिक हिसाबले मध्यपहाडी नेपालको महाभारत पर्वत शृङ्खलामा पर्ने पञ्चासे कास्की, स्याङ्जा र पर्वत जिल्लाको सीमा क्षेत्रमा पर्ने उच्च लेक हो । यस लेकको चुचुरोमा पर्ने मठमन्दिर, भग्नावशेष, गुफा, कुटीहरू, होमकुण्ड, धर्मशाला, पञ्चासे ताल, त्यहाँबाट देखिने स्वर्गीय आनन्दपूर्ण दृश्य प्राकृतिक मनोरम शान्त स्थल र जैविक विवधता युक्त क्षेत्र

हुनुका साथै वरिपरिको बस्ती, बासिन्दा र तिनीहरूका भेषभूषा, रहनसहन, रीतिरिवाज, बोलीभाषा, दैनिक दिनचर्या, धर्म, संस्कृति आदि कारण यो पञ्चासे क्षेत्र ज्यादै लोकप्रिय र महत्त्वपूर्ण स्थलका रूपमा ऐतिहासिक धार्मिक र पर्यटकीय हिसाबले महत्त्वपूर्ण छ ।

यस क्षेत्रको ऐतिहासिकतालई अध्ययन गर्दा सोह्रौं शताब्दी ताकाका बाईसी-चौबीसे राज्यका पालादेखि पौराणिक काल हुँदै महाकाव्य कालसम्म चर्चा भएको पाइए तापनि त्यहाँ प्राप्त सत्य तथ्य प्रमाणहरूलाई अध्ययन गर्दा पुरातात्विक महत्त्वका भग्नावशेष, स्थानीय वयोवृद्ध एवं सरोकारवाला पक्षहरूसँग गरिएको छलफल, अन्तर्वार्ता लगायत जनविश्वास र किंवदन्ती आदिबाट के प्रमाणित हुन्छ भने यस पञ्चासे क्षेत्र एक प्रमुख ऐतिहासिक स्थल हो । यसको ऐतिहासिकता धेरै पुरानो रहे तापनि सोह्रौं शताब्दीको चौबीसे राज्यका पालादेखि मानवीय बसोबास र धार्मिक चहलपहल हुनुका साथै राज्यका निकायहरू अड्डा जमाएर बसेको पुष्टि हुन आएको छ ।

पञ्चधाम पञ्चासेको नामाकरणका सम्बन्धमा अध्ययन गर्दा पहाडका पँच चुचुराको आधारमा, पाँच पाण्डवका आगमनमका आधारमा, पाञ्चायन देवताको नामका आधारमा, पाँच परमेश्वरका प्रतीकका आधारमा तथा शिवको वासस्थानका आधारमा नामाकरण हुन सक्ने विश्वास एवं तर्कहरू प्राप्त हुन गए तापनि यी सबैको अध्ययनबाट पञ्च शब्द र शिवजीको निकट सम्बन्ध रहेको र त्यहाँ धेरै अगाडिदेखि शिवजीको तपस्यास्थलका रूपमा विश्वास गरिएको पाइएकाले त्यही शब्दबाट पञ्चासे नामाकरण हुन गएको विश्वास अध्ययनबाट देखिन्छ ।

हिन्दू तथा बौद्ध धर्मावलम्बी लगायत प्राकृतिक सौन्दर्यको अवलोकन गर्न रुचाउने व्यक्तिहरू जो यसैको आकर्षक केन्द्रका रूपमा रहेको पञ्चासेमा च्यवन सरोवरसमेत भनिने पञ्चासेताल, त्यस तालको किनारमा अवस्थित तालबाराही मन्दिर र शिवालय, होमकुण्ड, धर्मशालाहरू, आवासगृह तथा चमेनागृह तथा भ्युटावरसमेत रहेको पाइयो । त्यसै गरी त्यहाँ शिला गुफा, प्राचीन दरबारको भग्नावशेष, महाप्रभुको समाधिस्थल, विभिन्न झाँक्री, भयँर, सिमेभूमे लगायत देवीदेवताका थानहरू रहेका छन् । बौद्ध स्तुप र छ्योरतेन पनि बनाइएको छ भने पुराना कुटी, कुण्ड र विश्रामस्थलका भग्नावशेषहरू रहेका छन् ।

पञ्चासे क्षेत्रको ऐतिहासिकतासँगै यस क्षेत्रको धार्मिक महत्त्व पनि शुरु भएको देखिन्छ । पञ्चासे क्षेत्र भारतका चार धामपछिको पाँचौं धामका रूपमा पनि विश्वास गरिएको छ । यस ठाउँमा हरेक वर्ष बालाचतुर्दशीमा धुमधामका साथ मेला लाग्ने गर्दछ ।

पञ्चासेस्थित सिद्धबाबाको दर्शन र पूजाआजा गर्नाले मनले चिताएको पुग्ने विश्वास व्यापक रहेको छ। पञ्चासे ताल अर्थात् च्यवन सरोवरको पौराणिक कालदेखिको महत्त्व रहेकाले पवित्र मानिन्छ र त्यहाँ स्नान गरी पूजाआजा गर्नाले, स्वस्थानी साङ्गेमा अथवा ठूली एकादशीका अवसरमा भजनकीर्तन सहित फूल तार्नाले पुण्य प्राप्त हुने विश्वास छ। नेपालका अन्य प्रसिद्ध तीर्थस्थलहरू जस्तै पञ्चासे पनि एक महत्त्वपूर्ण तीर्थका रूपमा जनमानसले विश्वास गरेकाले टाढाटाढबाट हिन्दू एवं बौद्ध धर्मावलम्बी तीर्थयात्रीहरू आउने गर्दछन् ।

भगवान् शिवले सिद्धि प्राप्त गरेको विश्वास गरिएको स्थल पञ्चधाम पञ्चासे प्रकृतिप्रेमी, योगी, तपस्वी र आध्यत्मिक साधना रुचाउने जोकसैका लागि उत्तम स्थल रहेको छ। बालाचतुर्दशीका अवसरमा यस ठाउँको तीर्थयात्रा गरी सत्वीज छर्नाले पुण्यफल प्राप्त हुनुका साथै आफ्ना समस्त पितृहरूको समेत उद्धार हुने विश्वास गहिरो रूपमा नेपाली जनमानसमा रहेको पाइयो। प्रमुख चुचुरो जहाँ सिद्धको स्थान र शिवजीको मन्दिर तथा शिवलिङ्ग स्थापना गरिएको छ त्यसमा पवित्र थुम्कोलाई ज्योतिर्लिङ्गका रूपमा अलौकिक शक्तिकेन्द्रका रूपमा गुह्यशक्ति, आध्यात्मिक शक्तिका रूपमा रहेको विश्वास छ। धार्मिक विश्वासकै क्रममा नेपालका अति उच्च शिखरहरू सगरमाथा, धवलागिरी तथा अन्नपूर्ण क्षेत्रका शिखरहरूमा मानवीय अतिक्रमण भइसकेकाले भगवान शिवको अन्तिम बासस्थानका रूपमा रहेको माछापुच्छ्रे हिमाललाई कदापि आरोहणका लागि खुल्ला गर्न नहुने र त्यसलाई राष्ट्रिय श्रीपेचका रूपमा मान्यता दिएर पवित्रता राखिरहनु पर्ने खाँचो छ र त्यसैको समानान्तर जस्तै लाग्ने उचाइमा रहेको सामुन्नेको पञ्चासे शिव दर्शनका लागि उत्तम आसन र निकट स्थल रहेको छ।

उपर्युक्त किसिमको ऐतिहासिक एवं धार्मिक महत्त्व रहेको पञ्चासे पर्यटकीय हिसाबले धेरै सम्भावना र महत्त्व रहेको छ। संसारकै सबैभन्दा लामो हिमशृङ्खला देख्न सकिने स्थल पञ्चासेबाट अत्यन्तै आकर्षक सूर्योदय र सूर्यास्तको दृश्य देख्न पाइनुका साथै जैविक विविधतायुक्त विशाल जङ्गल क्षेत्रमा पाइने लालीगुराँस र सुनाखरीका फूलहरूले सोभायमान हुने पञ्चासे क्षेत्र एक अलौकिक मनोरम प्राकृतिक सुन्दरताको केन्द्र रहेको छ।

प्रसिद्ध पर्यटकीय नगरी पोखराबाट नजिक पर्ने गाउँले परिवेशको सांस्कृतिक पहिचान र विविधतायुक्त पञ्चासे वरपरको जनजीवन, भेषभूषा, रहनसहन, जीवनशैली र परम्परागत खाना एवं संस्कार संस्कृति अर्को महत्त्वपूर्ण पक्ष रहेकाले देशविदेशका आगन्तुक

पाहुनाहरूको मन छोटो समयको सुगम यात्राबाट रमाउन सक्ने हुनाले पञ्चासे अत्यन्तै आकर्षक पर्यटन स्थलका रूपमा परिचित हुँदै गइरहेको छ । पञ्चासे पर्यटकीय सम्भावनाका हिसाबले अति नै धेरै सम्भावना बोकेको र पर्यटन विकासको क्रममा गति लिने काम पनि भइसकेको एवं स्थानीय जनस्तरदेखि सरकार समेतको ध्यान जानुका साथै यस क्षेत्रको विकासमा चासो र पहल शुरु भइसकेको हुनाले यसको विकासबाट यस क्षेत्रको समग्र आर्थिक विकास हुन गई गरिबी निवारण हुँदै राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने निश्चित देखिन्छ ।

अपार प्राकृतिक स्रोत र साधनको उपलब्धता, जैविक विविधताको केन्द्र, धार्मिक आस्था एवं विश्वास, ऐतिहासिक महत्त्व र पर्यटकीय आकर्षणको केन्द्रका रूपमा पञ्चासे प्रसिद्ध रहेको छ ।

## ४.३. सुझाव

नेपाल अधिराज्यका विभन्न भागमा छरिएर रहेका मठमन्दिर, पाटीपौवा, कोट, धार्मिक तथा सांस्कृतिक एवं पर्यटकीय स्थलहरू राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्पदाका रूपमा रहेका हुन्छन् । त्यस्ता महत्त्वपूर्ण स्थलहरू राष्ट्रका अमूल्य सम्पत्ति हुन् । यिनीहरूको समुचित विकास गरी संरक्षण, सम्बर्द्धन र उपयोग गर्नु हामी सबैको परम कर्तव्य हो । यिनै सांस्कृतिक, प्राकृतिक, ऐतिहासिक, धार्मिक हिसाबले अति महत्त्वपूर्ण ठानिएको जैविक विविधताको धनी पञ्चासे क्षेत्रको अध्ययनको निष्कर्षका आधारमा निम्न सुझावहरू प्रस्तुत गरिएको छ :

१. निर्माण र पुनः निर्माण भइसकेका मठमन्दिर, गुम्बा, कुटी, धर्मशाला, टावर, शौचालय, खानेपानी, बाटोघाटोको संरक्षण र सरसफाइमा विशेष ध्यान दिइरहनु पर्ने ।

२. ज्योतिर्लिङ्गका रूपमा मानिएको सिद्धबाबाको मन्दिरमा स्थापित शिवलिङ्गमा अखण्ड जलधारा र रुद्री पाठको व्यवस्था गर्न र पाञ्चायन मन्दिरमा नियमित पाठपूजा गर्न स्थायी पुजारीको व्यवस्था गर्नुपर्ने जनभावना रहेको तथ्य शोधको क्रममा प्राप्त भएकोले नेपाल पञ्चधाम पञ्चासे क्षेत्र विकास समितिले व्यवस्था गर्नु पर्ने देखिन्छ ।

३. धार्मिक आस्था एवं विश्वास र अलौकिक दैवीशक्ति रहेको विश्वास गरिएको

सिद्धबाबाको थान रहेको र  ज्योतिर्लिङ्गका रूपमा पनि परिचित पहाडमा रक क्लाइम्बिङ वा अरू कुनै नाममा भत्काउने, खोप्ने र क्रीडास्थल बनाउन नहुने देखिन्छ ।

४. प्रकृतिले आफै उपचार गर्न सक्ने अलौकिक शक्ति रहेको विश्वास गरिने पञ्चासे क्षेत्रमा एक अन्तर्राष्ट्रिय स्तरको ध्यान केन्द्र स्थापना गर्न पहल गर्नुपर्ने ।

५. पुरातात्विक र ऐतिहासिक महत्त्वका वस्तुहरू र भग्नावशेषहरूलाई जस्ताको तस्तै राख्न फलामे बार लगाई संरक्षण गर्नु पर्ने र नियमित सरसफाइको व्यवस्था गर्नुपर्ने ।

६. परम्परागत लोकसंस्कृति, नाचगान, भेषभूषा, चालचलन, रीतिरिवाजहरूको संरक्षण एवं सम्बर्द्धन गर्नुका साथै ढिकी, जाँतो, घरेलु तान आदिलाई संरक्षण गरी जोगाई राख्नुपर्ने ।

७. पञ्चासेको तल्लो भाग चारैतिर थप होटल र क्याम्पिङ साइडको व्यवस्था गरी पर्यटकहरूलाई सुविधा पुऱ्याउनु पर्ने ।

८. गाउँघरमा बनाउन सकिने भाङ्ग्रा, झोला, मफ्लर आदिको उत्पादनमा जोड दिनुपर्ने ।

९. बाँस, निगालो, उन्यू लगायतका स्थानीय वस्तुहरूको प्रयोग गरी पर्यटकलाई मनपर्ने सामग्री तयार गरी विक्री वितरणमा जोड दिनु पर्ने ।

१०. पर्यटकीय आकर्षक स्थलहरूको पहिचान गरी पर्यटकीय आकर्षण केन्द्र बनाउनुका साथै झरनासँगै रहेको पत्थरमा रक क्लाइम्बिङ अभ्यास स्थल बनाइनु पर्ने ।

१२. प्लास्टिकजन्य फोहोरमैला नियन्त्रण र व्यवस्थापन गनुपर्ने ।

१३. पञ्चासेको मुख्य टाकुरा वरपरका क्षेत्रमा त्यहाँको वास्तविक मौलिकता कायम राख्न थप निर्माण कार्यहरू तुरुन्त बन्द गर्नुपर्ने ।

१४. कास्की, स्याङ्जा र पर्वत तीनै जिल्लाका प्रमुख प्रवेश इलाकाहरूमा सूचना केन्द्र स्थापना गर्नुका साथै कुनै उपयुक्त ठाउँमा पञ्चासे मुकाम स्थापना गरी त्यस क्षेत्रको सम्पूर्ण कुराहरूको जानकारी दिनसक्ने पार्कको रूपमा सङ्ग्रहालयको व्यवस्था गर्नुपर्ने ।

१५. पञ्चासे तालको सफाइ र थप पानीको व्यवस्था गर्नुका साथै पञ्चासे वरपर रहेका अन्य पोखरीलाई व्यवस्थित गर्नुपर्ने ।

१६. पञ्चासे क्षेत्रमा कार्यरत विभिन्न संघसंस्था एवं सरकारी निकायहरू समेत सबैको कार्यक्रमलाई व्यवस्थित, नियन्त्रित गरी संरक्षण र व्यवस्थापन कार्य सहज र सरल बनाउन पञ्चासे क्षेत्र विकास उपभोक्ता समितिको सक्रियतामा एकद्वार प्रणाली अपनाइनु पर्ने ।

१७. तालिम, गोष्ठी, सेमिनार, भेला, सूचना आदिका माध्यमबाट बेलाबेलामा पञ्चासेको महत्त्व, संरक्षण र उपयोगका बारेमा जनस्तरमा चेतना जगाइराख्नु पर्ने ।

१८. चोरी शिकारी, छाडा पशु चौपाय र अनियन्त्रित वन फँडानी एवं आगलागी नियन्त्रणमा जोड दिनु पर्ने ।

१९. पञ्चासे क्षेत्र वरपरका बासिन्दाहरूको आय-आर्जनमा सुधार गरी पञ्चासे क्षेत्रमाथिको निर्भरता कम गरी यस क्षेत्रको संरक्षणमा जोड दिनु पर्ने ।

२०. यस क्षेत्रको धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पर्यटकीय एवं प्राकृतिक महत्वबारे विभिन्न सञ्चार माध्यममार्फत प्रचार-प्रसार गरी पर्यटकीय विकासमा जोड दिनु पर्ने ।

उपर्युक्त सुझावहरूलाई सरकारी सहयोग, स्थानीय निकाय र यस क्षेत्रमा कार्यरत संघसंस्था लगायत जनस्तरको समर्थन समेतका माध्यमबाट कार्यान्वयनमा ल्याउन सकेमा धार्मिक सहिष्णुताको प्रतीक पञ्चासे क्षेत्रको धार्मिक, ऐतिहासिक एवं पर्यटकीय महत्त्व र गरिमा बढ्ने मात्र होइन अपार प्राकृतिक स्रोतको धनी यो क्षेत्रले स्थानीय जनताको मात्र नभई नेपाली अर्थतन्त्रमा र सांस्कृतिक, जैविक विविधता प्रवर्द्धनका क्षेत्रमा अतुलनीय योगदान पुग्न सक्ने अपेक्षा यो शोधकर्ताले गरेको छ ।

# सन्दर्भ सामग्री सूची

**(क) पुस्तकहरू**

उदास, गेहेन्द्रमान, *शाह वंशका पाँच प्रमुख राजाहरू,* काठमाडौं : रत्नपुस्तक भण्डार, २०४३ ।

उपाध्याय, श्रीरामप्रसाद, *नेपालको प्राचीन तथा मध्यकालीन इतिहास,* काठमाडौं : रत्न पुस्तक भण्डार, २०५१ ।

उपाध्याय, श्रीरामप्रसाद, *नेपालको सामाजिक, आर्थिक तथा प्रशासनिक इतिहास,* काठमाडौं : रत्न पुस्तक भण्डार, २०६२ ।

*कास्की विकास बुलेटिन,* पोखरा : जिविस कास्की, वर्ष ७, अंक १२, २०६७ चैत्र ।

*कास्कीको स्वाभिमान खुला दिसामुक्त अभियान स्मारिका,* कास्की : जिल्ला विकास समिति कास्की, २०६८ ।

क्षत्री, दिलबहादुर, *डकुमेन्ट्स अफ नेपाल,* पोखरा : पर्वती क्षत्री, २०५५ ।

-----, *प्राचीन तथा पूर्व मध्यकालीन नेपाल,* काठमाडौंः निरन्तर प्रकाशन, २०६२ ।

क्षत्री, दिलबहादुर र चन्द्रकान्त पौडेल, *युरोपेली इतिहास लेखन तथा शोध विधि,* पोखरा : श्रीमती पार्वती क्षत्री, कलादेवी बराल, २०६५ ।

गुरुङ, जुद्धबहादुर, *वातावरण विज्ञान एक परिचय,* काठमाडौं : एकता डिष्ट्रिब्युटर्स प्रा.लि., २०५७।

गोयन्का, सत्यनारायण, *विपस्यना साधना र आत्मदर्शन,* काठमाडौंः भिक्षु सुभदं, २०४५ ।

गौतम, नारायणप्रसाद, *नेपाल पञ्चधाम पञ्चासेको परिचय,* तनहूँ : नीरविक्रम पौडेल, २०५८ ।

*चौथो वार्षिक स्मारिका* , कास्की : कस्केली अधिकृत समाज, २०६६ ।

*जिल्ला विकास योजना ०६८/६९,* पर्वत : सूचना तथा अभिलेख केन्द्र, जिविसको कार्यालय पर्वत, २०६७।

दाहाल, पेशल, *नेपालको इतिहास,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स, २०५४ ।

दाहाल, पेशल र सोमप्रसाद खतिवडा, *अनुसन्धान पद्धति,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स, २०५९ ।

*पञ्चासे क्षेत्रको पर्यटकीय स्रोत र साधनको नक्साङ्कन* , पोखरा : माछापुच्छ्रे विकास संघ, भदौरे तामागी कास्की र नेपाल विकास अनुसन्धान प्रतिष्ठान, जावलाखेल, ललितपुर, २००५ ।

*पञ्चासे ग्रामीण पर्यटन विकास गुरुयोजना,* काठमाडौंः तारा गाउँ विकास समिति, जून २००४ ।

*पञ्चासे विशेषाङ्क,* वर्ष २२, २०६३ ।

बराल, प्रेमनारायण, *वेदान्त प्रवेशिका,* नारायणगढः श्रीमती ज्ञानुमाया कर्माचार्य, २०६१ ।

*मेदिनी कोश शब्द वर्ग नान्त ८९,* उधृत : नारायण प्रसाद गौतम ।

*मेची महाकाली, पश्चिमाञ्चल विकास क्षेत्र, भाग ३,* काठमाडौं: श्री ५ को सरकार सञ्चार मन्त्रालय, सूचना विभाग, २०३१ ।

योगी, नरहरिनाथ, *हाम्रो देश दर्शन गण्डकी अञ्चल,* काठमाडौं : योगी नरहरिनाथ, २०६७ ।

साथी, किसानको, *नामालीङ सहायक मञ्च,* काठमाडौं : २०६०, वैशाख ।

स्वामी, खप्तड, *म र मेरो कर्तव्य,* काठमाडौं : श्री ५ को सरार सञ्चार मन्त्रालय, मुद्रण तथा प्रकाशन विभाग, २०४६ ।

स्वामी, रामदेव, *योग साधना तथा योग चिकित्सा रहस्य,* काठमाडौं : डिकुरा प्रकाशन, २०६४ ।

*श्रीमद्भागवत महायज्ञ स्मारिका,* पोखरा : श्री जनजागृति मा.वि., पोखरा, २०६२ ।

**(ख) दस्तावेज तथा पत्रपत्रिकाहरू**

कान्तिपुर राष्ट्रिय दैनिक, १९ मंसिर, २०६८ ।

गुरुङ, मनकाजी, *तीन जिल्लाको संगम धुरी पञ्चासे डाँडा,* कास्की : (अप्रकाशित पाण्डुलिपि) ।

गोरखापत्र, वर्ष १०६ अंक ८१, २०६३, साउन १ गते ।

*नेपाल समाचारपत्र,* राष्ट्रिय दैनिक, २०६२ वैशाख ।

*प्रसिद्ध पञ्चासे* (मासिक खबर पत्रिका), वर्ष २, अंक २, २०६८ ।

*हिमदूत राष्ट्रिय साप्ताहिक,* वर्ष ४८, अंक १, कात्तिक ३०, २०६४ ।

## परिशिष्ट : १

### अन्तर्वार्ता तथा महत्वपूर्ण जानकारी दिनुहुने महानुभावहरू

के.सी., भीमबहादुर (७०), समाजसेवी, सल्यान-२, कास्की (२०६८।१२।१५) ।

गुरुङ, गोपालप्रसाद (६०), अध्यक्ष, पञ्चासे क्षेत्र विकास उपभोक्ता समिति, आर्थर पर्वत (२०६८।७।२५) ।

गुरुङ, चित्रबहादुर (६७), भूपू वडा अध्यक्ष, वडा नं. १ भदौरे-तामागी गाविस, कास्की (२०६८।११।१२) ।

गुरुङ, प्रेमबहादुर (५६), संयोजक, वडा नागरिक मञ्च, वडा नं. २, भदौरे-तामागी गाविस, कास्की (२०६८।१०।२९) ।

पौडेल, तीर्थराज (४५), समाजसेवी, ढिकुरपोखरी-८, कास्की (२०६८।१२।५) ।

पौडेल, निर्मल (३९), अध्यक्ष, पञ्चासे फेवाताल जलाधार क्षेत्र विकास समिति, कास्की (२०६८।८।१०) ।

पौडेल, नीरविक्रम (७०), अध्यक्ष, नेपाल पञ्चधाम पञ्चासे (२०६८।१२।५) ।

भट्टराई, दिलबहादुर (४०), अध्यक्ष, माछापुच्छ्रे विकास संघ, कास्की (२०६८।७।२९) ।

भण्डारी, लक्ष्मीप्रसाद (७५), समाजसेवी, भदौरे-तामागी-५, कास्की (२०६८।१०।१५) ।

शर्मा, जीवनाथ (४५), प्रअ, पञ्चासे नि.मा.वि., स्याङ्जा (२०६८।१२।२५) ।

परिशिष्ट : २

अन्तर्वार्ताका क्रममा सोधिएका खुल्ला प्रश्नहरू

नामः लिङ्गः उमेरः

स्थायी ठेगानाः

आबद्ध संस्था र पद :

अन्य पहिचान भए :

१. तपाईंलाई पञ्चासेका बारेमा कति वर्षदेखि चासो र जानकारी प्राप्त छ ?

२. तपाईंले किन पञ्चासेको बारेमा बढी चासो र जिज्ञासा राख्न रुचाउनु भयो ?

३. तपाईंलाई त्यहाँ असाध्यै मन परेका मुख्य मुख्य कुराहरू के के छन् ?

४. पर्यटकलाई मन पर्ने प्रमुख आकर्षण के के छन् ?

५. कुनै बेला त्यहाँ ऋषिमुनिहरूको तपोभूमि थियो भनिन्छ, त्यसको के के आधार छन् ?

६. के यो ऐतिहासिक स्थल पनि हो ? त्यहाँ के के यस्ता वस्तुहरू छन् जसले यसको ऐतिहासिकतालाई पुष्टि गर्दछ ।

७. भौतिक संरचनाको विकास गर्ने क्रममा प्राचीन स्मारकहरूको संरक्षणलाई ध्यान दिइएको छ वा छैन ?

८. यस क्षेत्रको धार्मिक विशेषता के के रहेका छन् ।

९. पञ्चासेसँग सम्बन्धित कुनै पुराना लेख-रचना, अभिलेख वा पुरातात्विक महत्त्वका वस्तुहरूबारे तपाईंलाई जानकारी छ ?

१०. पञ्चासेमा कहिले-कहिले मेला वा जात्रा लाग्ने गर्दछ ?

११. हाल पञ्चासेमा के कस्ता गतिविधिहरू सञ्चालित छन् ?

१२. थप विकास निर्माण आवश्यक छ कि यसैलाई संरक्षण र सम्बर्द्धन गर्न ठीक होला ?

१३. यस क्षेत्रको समग्र विकासका लागि सरकार र जनस्तरबाट के के अपेक्षा गर्नुभएको छ ?


१४. यस क्षेत्रको संरक्षण र विकासका मुख्य चुनौतीहरू के के रहेका छन् ?

१५. अन्त्यमा, पञ्चासेका बारेमा तपाईंको थप राय के रहेको छ ?

धन्यवाद !

परिशिष्ट : ३

अध्ययन क्षेत्र र पदयात्रा मार्गको नक्सा






परिशिष्ट : ४

अध्ययन क्षेत्रका महत्वपूर्ण तथा सान्दर्भिक तस्विरहरू




पञ्चासे पुगेपछि देखिने बोर्ड



पञ्चासेमा रहेको एक प्राचीन स्मारकको भग्नावशेष अवलोकन गर्दै शोधकर्ता



पञ्चासेमा अवस्थित पञ्चासे ताल ।



पञ्चासे तालको किनारमा अवस्थित तालबाराही मन्दिर ।





बौद्ध स्तूप तथा छ्योरतेन ।




हवन कुण्ड ।



पञ्चासेमा अवस्थित पाञ्चायन देवताको मन्दिर ।



पञ्चायन मन्दिर नजिकै रहेको शिला गुफा, जहाँ पञ्चासे प्रभु बस्ने गर्दथे ।






पञ्चासे प्रभु गंगाधर पनेरुबारे संक्षिप्त शिलालेख (वायाँ), ढुंगा कपेर बनाइएको पानी जम्मा गर्ने कुवा (दायाँ)



सिद्धबाबा मन्दिरभित्र अवस्थित शिवलि· ।




पञ्चासेमा अवस्थित सिद्धबाबा मन्दिर रहेको थुम्कोसहित माछापुच्छ्रे वरपरको हिमशृङ्खलाको दृश्य ।



परम्परागत काठे मेसिन (ढिकी)मा स्थानीय महिलाहरू धान कुट्दै ।




कृति अन्तर्गत झाँक्री नाच तथा झाकी प्रस्तुत गर्दै स्थानीय बासिन्दा ।



ल्होसार मेला २०६८



भदौरे देउरालीस्थित बहादुरे उच्च मा.वि. भवन उद्घाटनको अवसरमा भजन प्रस्तुत गर्दै स्थानीय बासिन्दा ।



पञ्चासेको उत्तरपट्टि रतीखोलाको मुहानमा अवस्थित सुन्दर पञ्चासे झरना 'छन्द्री'